


# मर्दको माया

(कथासङ्ग्रह)

नइ प्रकाशन

# मर्दको माया

भगवती बस्नेत

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स: ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
संशोधक : पुष्पराज राई
आवरण फोटो सौजन्य : कृष्णपक्ष
आवरण सज्जा : बुद्ध प्रधान
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : सिग्मा जनरल अफसेट प्रेस
© सुरक्षित, २०७२ साल (2015)
मोल : दुई सय रुपियाँ

**MARDAKO MAYA**
(A Collection of Short Stories by Bhagawati Basnet)

**मेरो जीवनसम्म आइपुगेका तमाम मनहरुका**
**साथै**
**कथाका पात्रहरुलाई**
**समर्पित !**

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषासंसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

नेपाली भाषासाहित्यको सृजना र सङ्गठनमा भगवती बस्नेत परिचित नाउँ हो । कविता, गीत र गजललेखनबाट बस्नेतको साहित्यमा पदार्पण भए तापनि बहुआयामिक सृजनामा उनको बाहुल्य रहेको पाइन्छ । उनी कथालेखनमा पनि जागरूक देखिन्छिन् । उनका कथामा जीवन, जगत् र प्रेमले लुकामारी खेलेका हुन्छन् । त्यसैले उनको कथालेखनले पनि सफलता पाएको छ ।

भगवती बस्नेतकृत 'मर्दको माया' कथासङ्ग्रहमा प्रेम, विरह, घात र प्रतिघातले चाकाचुली खेलेको छ । उनको कथामा एकातिर जीवनप्रतिको माया, मोह र आकर्षण बाँधिएको पाइन्छ भने अर्कातिर तिरस्कार, वेदना र छलको ऐना देखिन्छ । यी सबै बेहोरा जोडिन जाँदा 'मर्दको माया' सफल देखिन्छ ।

**मर्दको माया**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनको लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **भूमिका : इन्दिरा प्रसाई** • ११
  भगवती बस्नेतको 'मर्दको माया'
- **लेखकीय** • २९
  नोस्टाल्जिक मनका केही भावहरू

१. बिर्सन नसकेको माया • ३५
२. युद्धले चुँडेको प्रेम • ४४
३. सबल निर्णय • ५४
४. मर्गलित • ६४
५. यात्राको आरम्भ • ७२
६. काकाकुलको तृष्णा • ७९
७. असोचनीय मोड • ९१
८. अदृश्य प्रेम • ९९
९. अनु, कृतिका र म • ११०
१०. अग्निको सात फेरो • ११९
११. बेरङ्ग जिन्दगी • १३४
१२. किनाराको मन • १४२
१३. मर्दको माया • १५१

# भगवती बस्नेतको 'मर्दको माया'

भगवती बस्नेत लेख्न म कहाँ सकुँला र ?
भगवती बस्नेत लेख्न सक्छु जस्तो त मलाई लाग्दैन !

मसँग सशरीर भेट नभएकी व्यक्ति हुन्– भगवती बस्नेत । यस बेला उनी अर्कै देश र म अर्कै देशका बासिन्दा छौँ । त्यसैले उनले र मैले चाहना राखेरै पनि हाम्रो सशरीर भेटघाट सहज छैन । किनभने यस बेला हाम्रो भेटघाटलाई थुप्रै भौतिक व्यवधानहरूको छेकाबार लागेको छ ।

यति हुँदाहुँदै पनि अर्थात् प्रत्यक्ष देखाभेट नहुँदा पनि व्यक्ति एकअर्काप्रति आत्मीय हुन सक्दो रहेछ भन्ने कुराको मेरा लागि ज्वलन्त प्रमाण भएकी छिन्– भगवती बस्नेत । यसरी भगवतीसँग हाम्रो आत्मीय सम्बन्ध बनाउने काम अहिलेको सूचनाप्रविधिको विकासले नै सम्भव बनाइदिएको हो ।

सामाजिक सञ्जाल (मुहारपुस्तिका पनि भनिने तर फेसबुक भनेपछि सर्वसाधारणले पनि सहजै चिन्ने) मा अत्यन्त सक्रिय उपस्थिति जनाउने एउटी युवती हुन्– भगवती बस्नेत । तर फेसबुकमा भगवतीको मुहार देखाउने सक्रियता मात्र छैन । त्यहाँ उनले आफ्ना साहित्यिक सृजनाका बहार पनि निरन्तर पठाउने गर्छिन्, जसले फेसबुक साहित्यमा भगवतीलाई भिन्नै र प्रखर व्यक्तित्वका रूपमा चिनाइरहेको छ । फेसबुकको दुनियाँमा भगवतीले जागरूक र 'बौद्धिक

सुन्दरी'का रूपमा आफूलाई स्थापित गराएकी छिन् । अर्को कुरा, वैदेशिक रोजगारीमा जाने कतिपय युवाहरूजस्तो पैसा कमाउने मेसिन मात्र पनि बनेकी छैनन् भगवती । उनी त इजरायलको बलौटे भूमिमा पनि समाज र साहित्य फुलाउने र फलाउने काममा रातोदिन मिहिनेत गर्छिन् । उनी विदेशमा बसेर पनि देश चिनाउने उपक्रममा लागिपर्छिन् ।

त्यसैले पनि फगत फेसबुकलाई आफ्नो 'फेस लुक' मात्र बनाउनेहरूझैं मौसमी खहरे भएर नसुक्ने धीरकञ्चन नदी स्वरूपमा भगवतीले आकार लिइसकेकी छन् । सागरको लक्ष्य लिएको उनको यात्रा अविरल हुनेछ भन्ने प्रमाण पनि उनले सामाजिक सञ्जालहरूमा नै पेस गरिसकेकी छन् ।

त्यसैले पनि यस बेला म भगवती बस्नेत लेख्ने प्रयत्नमा चाहिँ छु ।

मानिसले लेख्ने भनेको आफ्नो अध्ययन र अनुभूति नै हो । अध्ययनको सेरोफेरो र अनुभूतिको सेरोफेरो निकै फराकिलो र जटिल हुने गर्छ । अध्ययनको प्रचुरता र प्रगाढताले ठेलीका ठेली ग्रन्थहरू निस्कन सक्छन् । तर म त्यस्ता पुस्तक त्यति रुचाउन्नँ र ती पुस्तक अध्ययन र मनन गर्न मेरा लागि त्यति सहज पनि छैनन् । अझ खुलेरै भन्नुपर्दा अध्ययनभन्दा अनुभूतिका कुरामा मेरो अधिक रुचि पनि छ । तर अनुभूतिकै क्षेत्र पनि व्यापक छ । अनुभूतिलाई स्वानुभूति र परानुभूति भनेर मूलतः दुई भागमा विभाजन गरिँदा स्वानुभूतिको किल्लाभन्दा पारिपट्टि मेरो रुचि हमेसा पुगेको छैन ।

भगवती बस्नेतसँग भने अध्ययनका साथसाथै प्रचुर मात्रामा स्वानुभूति र परानुभूति दुवै छन् । जसले गर्दा उनको चिन्तन र मननको घेराले व्यापकता पाएको छ । त्यसैले पनि म भनिरहेकी छु; म भगवती बस्नेत लेख्ने सामर्थ्य राख्दिनँ ।

तर मानिस विडम्बनामा रमाउने प्राणी हो । एक थोक गर्छु भन्छ मानिस, अर्कै थोक गरिदिन्छ मानिस । ठूलठूला आदर्श बोकी हिँड्छ मानिस, ससाना यथार्थमा हारिदिन्छ मानिस । मेरा वरिपरिका गरिबदास भनिनेहरू धनी भएजस्तै, उजेली भनिनेहरू काली भएजस्तै भगवती लेख्ने सामर्थ्य छैन भन्दै यस बेला म पनि भगवती बस्नेत नै लेख्न प्रयत्नरत छु ।

नेपाल भूमिकी सामान्य नागरिक भगवती, विद्यार्थी जीवन नेपालकै विद्यालय र विश्वविद्यालयमा बिताएकी भगवती, देशीय जागिरको स्वाद पनि चाखिसकेकी भगवती र अहिले वैदेशिक रोजगारीमा पेलिएकी भगवती । हाम्रा पुराणादिकी भगवतीका विविध स्वरूप भएझैं यी भगवतीले पनि जिन्दगीका विविध आयामहरू भोगिसकेकी छन् । छोरी, पत्नी, बुहारी, आमा, हजुरआमा र सासूका रूपबाट भोगिने भोगाइका कति मात्राहरूसमेत पचाइसकेकी छन् । तर यस बेला भगवतीका समग्र आयामबारे निर्धारण गर्न समय र सामर्थ्यले पनि मलाई साथ दिँदैन । मेरो यस बेलाको लक्ष्य भनेको भगवती बस्नेतको स्रष्टा स्वरूपमध्ये पनि कथाकार व्यक्तित्व र त्यसभित्रको पनि एउटा कथासङ्ग्रह **मर्दको माया**भित्र मात्र हो ।

मैले यस बेला पर्गेल्ने प्रयत्न गरेकी भगवती बस्नेतलाई म **मर्दको माया**मा केलाउने साहस गर्दै छु । हुन त नेपाली साहित्यको समालोचना विधा विद्यालयीय पठनपाठनमा मात्र सीमित छ । विद्यालय वा विश्वविद्यालयका विषयवस्तुपरक समालोचनाले स्रष्टाको सतही मूल्याङ्कन गरिनु समालोचकीय वैशिष्ट्य रहिआएको छ । अझ सङ्क्रमणकालीन राजनीतिको दुष्प्रभावले गाँजिएको नेपाली साहित्यको समग्र अवस्था दल र उनीहरूका झन्डामुन्तिर पुगिदिनाले यस बखत समग्र नेपाली साहित्य जगत् रुग्ण र थला परेको अवस्थामा छ । यस्तो बेला एउटा स्रष्टाको सृजनाको सही मूल्याङ्कन गर्नु भनेको सहज कार्य कदापि होइन ।

कुनै पनि स्रष्टाको एउटा मात्र सृजनाको पनि विविध कोणबाट अध्ययन गरेर सोको अनेकौँ पाटाहरूबाट विश्लेषण गरेपछि मात्र उक्त स्रष्टाको सृजनाको समालोचकीय अन्वेषण सम्भव हुन सक्छ भन्ने मलाई लाग्छ । तर हामी कुनै पनि सृजनाको सतही, द्रुततर अझ हचुवा मूल्याङ्कन गरिदिन्छौँ । जसले गर्दा सृजनाको सही अर्थमा मूल्यबोध नै भएको हुँदैन । त्यसैले साहित्यमा आधुनिकतम एवम् वैज्ञानिक समालोचनाको नितान्त आवश्यकता छजस्तो मलाई लाग्छ ।

त्यसो त अहिले हाम्रो देशमा लेखन र प्रकाशनको बाढी नै आएको छ । कुल जनसङ्ख्याको अनुपातमा लेखकहरूको सङ्ख्या नापजोख गर्दा लेखकहरूको सङ्ख्यावर्धनको परिणाम देखेर लेखकहरूलाई त सुखद लाग्छ नै ! समग्र साहित्यिक फाँटका लागि यो खुसीको कुरा पनि हो । हिजो स्कुलकलेजमा नेपाली भाषा पढाउनका लागि महाकाव्य भएनन् भनेर महाकवि लक्ष्मीप्रसाद देवकोटालाई सरकारी तवरबाट अनुरोध गरेर महाकाव्य लेखाइएको थियो, तर हिजोआज नेपाली भाषामा महाकाव्यको नै लेखन प्रकाशनको आधिक्यसमेत मज्जाले देख्न सकिन्छ । अब त पाठकभन्दा लेखकको सङ्ख्या पो बढी हो कि भन्ने शङ्का पनि गर्न सक्ने अवस्थाको सङ्केत देखिन थालेको छ । किनभने जति नै पुस्तकहरू छापिएका भए पनि केही सीमित विज्ञापित पुस्तकबाहेकका साहित्यिक पुस्तक बजारमा बिक्री हुँदैनन् । अर्थात् हिजोका दिनमा नेपाली साहित्यको भण्डार भर्नका लागि नेपाली भाषामा लेख्नु आवश्यक थियो । तर आज समय बदलिइसकेको छ । अब नेपाली साहित्यको भण्डारमा यथेष्ट सामग्री भइसकेको अवस्थामा उच्चस्तरीय लेखनको आवश्यकता छ । समयबोध गरेर लेखन र प्रकाशन गर्नु आजको आवश्यकता भइसकेको छ । तर त्यसो भइरहेको चाहिँ देखिँदैन । जस्तो पनि र जे पनि लेख्ने र प्रकाशन गर्ने गरिन्छ । पैसा र पहुँचका भरमा रातारात लेखक हुने, विज्ञापनको व्यापकताले सर्वव्यापक लेखक बन्ने होड

चलेको देखिन्छ । त्यसैले स्तरहीन क्रियाकलापमा लागेर आफैँले आफूलाई बेच्न नसक्ने असली स्रष्टालाई अन्धकारमै हराइदिने अवस्था पनि व्याप्त हुने सम्भावना छ ।

हुन त प्रजातन्त्रको मूल्यमान्यताअनुरूप कसैको पनि लेखन र प्रकाशनमा अवरोध पुऱ्याउनु हुँदैन, अङ्कुश पनि लगाउनु हुँदैन । तर त्यसो भन्दैमा जे पायो त्यही अर्थात् स्तरहीन लेखन प्रकाशन गर्नुको के औचित्य हुन सक्छ र ? यस कुरालाई कसले हेर्ने ? सरकारले कुनै एउटा निकाय स्थापना गरेर लेखन प्रकाशनको एउटा मापदण्ड निश्चित गर्नु पनि आवश्यक हुने हो कि ? तर त्यसो पनि गर्न सकिने वातावरण हामीकहाँ अहिले त हुनै सक्दैन । किनभने हाम्रो त सरकारको यसबारेको सोचै पनि पङ्गु छ । साहित्य कुन चराको नाउँ हो भनेर सरकारलाई सोध्यो भने उसले आफूले बोकेको झन्डाजस्तै रङको हो भनिदिन्छ । विश्वासिलो निकायको अभाव बेहोरिरहेको हाम्रो साहित्यमा जथाभाबी लेखन र जथाभाबी प्रकाशनले कागज र मसीको दुरुपयोगसमेत भइरहेको छ । ठ्याम्मै यही गतिविधिले गीतिजगत् पनि भाँडिएको छ । वैदेशिक रोजगारीमा भएका कतिपय व्यक्तिहरूलाई रातारात गीतकार हुने धुन सवार भएका देखिन्छन् । रगतपसिना बगाएर कमाएको लाखौं रुपियाँ खर्चेर गीतको रेकर्डिङ र सुटिङ गराउने होडबाजी नै देखिएको छ । कठै ! त्यत्रो लगानी गरेर प्रकाशन गरेका ती गीति सिडी र भिसिडी बजारमा बिक्री हुने त कुरै छैन । कसैलाई उपहार दिँदा पनि ती एक पटक सुनिदिन अनुरोध गर्नुपर्छ । त्यसपछि पनि विरलै मात्र ती अनुरोध पूरा हुने गर्छन् । रह्यो रेडियो एफएम्, टिभी च्यानलहरूमा बजाउने वा देखाउने कुरा ! त्यहाँ पनि तिनको गीत बजाउन वा देखाउनका लागि पटकैपिच्छेको दररेट तिनै गीतकारहरूले बेहोर्नुपर्ने हुन्छ । त्यति मात्र होइन त्यहाँबाट नेपाल हिँडेका स्रष्टाले रेडियो र टेलिभिजनहरूमा पनि अन्तर्वार्ता दिन्छु भन्ने योजना बनाएर त्यसका लागि बेग्लै थैली गाँठो पारेका हुन्छन् भने

यतातिरका सम्बन्धित मान्छे मुख मिठ्याएर बसिरहेका हुन्छन् । यसरी वैदेशिक रोजगारीमा गएका बबुराहरू दुहुना गाईजस्ता बनाइन्छन् । तिनबाट अनेक बहानामा पैसा तान्ने विविध माखे साँङ्लो यतातिर थापिने गरिन्छ । यो सबै हेर्ने कुनै निकाय छैन । जसले जति पैसा लिए पनि, जे गरे पनि कसैलाई केही मतलब छैन । ठगिनेहरू ठगिएकै छन् । यस प्रक्रियामा पनि ठगिनेलाई आत्मरतिको आनन्द प्राप्त भएको खुसीयाली भने हुने गर्छ नै ! अर्कातिर बेरोजगारीको पीडा भोगिरहेका केही मुठीभर नेपालीले पनि वैदेशिक रोजगारहरूको कष्टसाध्य आर्जनबाट मुख मीठो पार्न पाएका छन् । यी बेहोरा भगवती बस्नेतहरू बसिरहेका मुलुकहरूको नै हो । भगवतीले परोक्ष र प्रत्यक्ष यिनै संवेदनाहरूको जालो बुनेकी छिन् र कति बेहोरा सूक्ष्मै रूपमा भए पनि **मर्दको माया**मा खन्याएकी छिन् ।

भगवती बस्नेतहरूका देशहरूमा हुने गरेका यी यावत् कुराहरूको सेरोफेरो मैले भगवती बस्नेतबाटै प्रत्यक्ष वा अप्रत्यक्ष प्राप्त गरेकी हुँ । त्यसैले यी कुराहरूलाई पनि भगवती बस्नेतसँगै पुन: बाँड्न या सम्बद्ध गर्नु मलाई औचित्य लागेको हो । अर्थात् यसलाई **मर्दको माया**कै पृष्ठभूमिमा राख्दा पनि त्यति असुहाउँदिलो लाग्ने छैन ।

अब म खास विषयवस्तु **मर्दको माया**भित्रै हराउनेछु ।

वैदेशिक रोजगारीमूलक कथाहरूको सँगालो हो **मर्दको माया** । अझ सानो घेरा तानेर भन्नुपर्दा वैदेशिक रोजगारीमा गएका महिलाहरूको कथा हो **मर्दको माया** । कथाकार भगवती बस्नेत स्वयम् पनि वैदेशिक रोजगारीमै रहेकी हुनाले यी कतिपय कथाहरू उनका संस्मरणजस्ता पनि भएका छन् । यस कुरालाई यसै पुस्तकमा रहेको उनैको मन्तव्यले पनि सकारेको छ । यस कुराले गर्दा पनि भगवतीका कथाहरू शाश्वतताका निकट पुगेका छन् । स्वानुभूतिको प्रचुरताले नै सृजना जीवन्त हुन्छ । यसै परिप्रेक्ष्यमा भगवती बस्नेतले

प्रस्तुत गरेका कथानक जीवन्त छन् जसले गर्दा यी कथाहरूभित्र पसेपछि पाठकमन सहजताको रसमा पौडिन थाल्छन् ।

कुल तेह्र कथाहरू सँगालिएको भगवती बस्नेतको **मर्दको माया** कथासङ्ग्रहका कथाहरूलाई नेपाली साहित्यको कथाविधाको नवीनतम प्राप्तिका रूपमा अध्ययन गरिनु आवश्यक देखिन्छ । वैदेशिक रोजगारीमा गएकी महिलाद्वारा लेखिएको कथासङ्ग्रहका रूपमा पनि यस कथासङ्ग्रहले छुट्टै पहिचान बोकेको छ । कोरा कल्पनाको सहारामा सृजना गर्नु र स्वयम् भोग्या भएर सृजना गर्नुमा आकाश र जमिनको अन्तर पर्न जान्छ । यस अर्थमा पनि कथाकारले आफ्नै भोगाइको सेरोफेरोमा रुमलिँदै, पिरिँदै, तड्पिँदै, अनुभूतिको गहिराइमा पुगेर सृजना गरेका यी कथाले जीवन्तताको शिखर आरोहण गरेका छन् । त्यसैले पनि भगवती बस्नेतको कथाकारिताले विशिष्ट कोटीको उपमा प्राप्त गर्ने प्रयत्नमा आफूलाई अग्रसर गराइसकेका छन् भन्दा मलाई गर्व लागेको छ ।

'बिर्सन नसकेको माया' कथामा पति अथवा प्रथम प्रेमप्रति गहिरो माया छ । नारीसंवेदनाको नमुना प्रस्तुत गरिएको विरहप्रधान यस कथामा संसारभरिका नारीहरूमा प्रेम र समर्पण हुने अनि पुरुषहरूमा छल र बेइमानी हुनेबारेको यथार्थ चित्रण गरिएको छ ।

'युद्धले चुँडेको प्रेम'मा अन्तरदेशीय प्रेम प्रस्तुत भएको छ । यस कथामा कुलाप (भारतीय) र छाया (नेपाली) पात्रका बीचको अमर प्रेमको गाथा गाइएको छ । विनाशक युद्धले सबैतिर नष्टभ्रष्ट गर्छ, प्रेमीप्रेमिकाको संसार पनि ध्वस्त पारिदिन्छ भन्ने कुराको मार्मिक चित्रण यस कथामा समेटिएको छ ।

'सबल निर्णय' नारीहरूले सर्वजनीन रूपमा र सर्वकालिक रूपमा पाउँदै आएको पुरुषप्रदत्त पीडाबाट मुक्ति प्राप्त गर्ने अत्यन्त प्रेरक कथावस्तुका साथमा लेखिएको कथा हो । नारीको सार्थक एकल

बचाइको निर्णयले कथा बलवान् भएको छ र यो कथा पुरुषद्वारा पीडित नारीहरूका लागि मार्गदर्शक पनि बनेको छ ।

'मर्गलित' परिवारवादको प्रस्तुतिपरक कथा हो । यो मातृत्वमा हुने निरपेक्ष सेवाभावले चुलिएको कथा हो । माता, जननी, आमा सुन्नासाथ यस शब्दले सम्प्रेषण गर्ने ममत्वको घनत्वलाई यस कथाले थप घना पारेको छ ।

'यात्राको आरम्भ' कथामा अनमेल विवाहबाट प्रताडित नारीको वेदना प्रस्तुत गरिएको छ । यो नेपाली समाजको कुरीतिपूर्णको बालविवाहबाट प्रताडित नारीको मार्मिक कथा हो । तर कथाको निष्कर्षले वर्तमान युगले दिएको सुविधाको उपभोग गर्नुपर्ने निष्कर्ष दिनाले त्यस वर्गका नारीहरूका लागि यो कथा मार्गदर्शक पनि बन्न पुगेको छ ।

'काकाकुलको तृष्णा' समसामयिक विषयमाथि लेखिएको मार्मिक कथावस्तु भएको कथा हो । यस कथाको कथावस्तुमा नेपालको वर्तमान सङ्क्रमणकालीन अवस्था, परिवारको आर्थिक दुरावस्था र लोग्नेको व्यभिचारसमेत सहन गाह्रो भएर वैदेशिक रोजगारीमा हामफालेकी युवतीको महाबिजोग समेटिएको छ । वैदेशिक रोजगारीलाई निरुत्साहित पारेर स्वदेशमै रोजगारीको अवसर सृजना गरिनुपर्छ भन्ने सन्देशसमेत प्रक्षेपण गर्न सक्षम छ यो कथा ।

'असोचनीय मोड' गरिबी, विवशता र आर्थिक बाध्यताका कारण पारिवारिक जिम्मेवारी वहन गर्न बाध्य आजका चेतनशील नारीको वैदेशिक रोजगारी गमनको कथा हो । अयोग्य, व्यभिचारी एवम् लाछी पुरुषका कारण परिवारमा अहिलेका आमाले आर्थिक रूपले छोराछोरीको भरणपोषण, लालनपालन र उनीहरूको भविष्य निर्माणको सपना बोकेर वैदेशिक रोजगारीको उपाय अपनाउनुबाहेकको विकल्प नभएको यथार्थ पोखिएको कथा हो । परिवारको यस दुर्दम्य

स्थिति निर्माणमा राज्यचाहिँ दायित्वविहीन भइदिनुको सत्यतथ्यसमेत प्रस्टिएको कारण यो कथा राजनैतिक चेतयुक्त कथा भएको छ ।

'अदृश्य प्रेम' कथामा प्रेमको उच्च नमुनाको प्रस्तुति छ । सूचनाप्रविधि प्रदत्त प्रेमको उदात्त फैलावट यस कथाले पस्केको छ । दर्शनसँगको साक्षात्कार गरेको यस कथाले प्रेमदर्शन पोखेको छ । यहाँ प्रेमको विशिष्ट उदाहरण काव्यात्मक शैलीमा पेस गरिएकाले यो काव्यकथा बन्न पुगेको कथा हो ।

'अनु, कृतिका र म' कथामा वैदेशिक रोजगारीमा होमिएका नारीहरूलाई उनीहरूकै आर्जन कुम्ल्याएर ती नारीहरूप्रति मानसिक आघात दिने जघन्य अपराधी लोग्ने भनिने जीवहरूबारे औँल्याइएको छ । एकातिर आफ्ना पत्नीका दैनन्दिनी आवश्यकता पूरा गर्न नसक्ने पति र सन्तानको भविष्य निर्माण गर्न अक्षम पिता भएपछि पत्नीलाई सरसल्लाहले नै वैदेशिक रोजगारीमा बेच्न तयार हुने पुरुष स्वभाव अर्कातिर पत्नीको स्वतन्त्रतालाई लाञ्छित गर्दै बदनाम गराउन उद्यत रहन्छ । वैदेशिक रोजगारीमा गएका अधिकांश आमाहरूले भोगिआएको व्यथा यस कथाले बोलेको छ । 'आफू शरीरमा भैँसी टाँसेर गर्वका साथ हिँड्ने पुरुष मानसिकता आफ्नी स्वास्नीका शरीरमा कपोलकल्पित जुम्रा भेटेको आरोप लगाउँछ' भन्ने कुरा यस कथामा प्रस्तुत गरिएको छ ।

'अग्निको सात फेरो' कथाभित्र हिन्दूधर्मको विवाह पद्धतिको शाश्वत पक्ष समेटिएको छ । महान् आदर्श बोकेर समाजलाई सुसंस्कृत बनाउने यस पद्धतिको आदर्शमाथि पौरुषेय विश्वासघातले पुऱ्याएको आघातको यथार्थ चित्रण यस कथामा गरिएको छ । पितृसत्तात्मक हाम्रो सामाजिक संरचनाको प्रतिनिधि कथा हो यो । हिन्दू वैवाहिक संस्कार अत्यन्त उपयोगी छ । परिवारवादको जगेर्ना, सुसंस्कृत समाज निर्माणको कारकतत्त्व र नारी सम्मान प्रदायक समेत यस पद्धतिलाई पुरुष पक्षको बेइमानीका कारण वैवाहिक संस्कारमाथि नै कुठाराघात

पुग्न गएको कुरा यस कथाले प्रस्तुत गरेको छ । जसले गर्दा हाम्रो समाजमा नारीहरूका लागि हिन्दू विवाहपद्धतिप्रति नै वितृष्णा, अनास्था र अविश्वास जगाउने काम हुँदै आएको छ । यसो हुनुको कारण नै हाम्रो समाज क्रमश: मातृसत्तातर्फ अग्रसर हुने सम्भावनासमेत यस कथाले अप्रत्यक्ष रूपले बोलेको छ । हिन्दू वैवाहिक पद्धतिले प्रतिपादन गरेको सुन्दर सिद्धान्त व्यवहारमा प्रतिपादन नभएकाले नै वर्तमान समाज भाँडभैलोको अवस्थामा पुगेको छ । त्यसैले यस कथाले औँल्याउन खोजेको पितृसत्तात्मक दोषबारे हरेक पुरुषले मनन गर्न आवश्यक छ । यसका लागि सबैभन्दा दोषी पुरुष छ । किनभने उसले नै सर्वप्रथम निर्धारित सिद्धान्तको उल्लङ्घन गरेको छ । अन्यथा पितृसत्ता जोगाउने उपक्रमका लागि ढिलो हुने सङ्केतसमेत यस कथाले दिएको छ ।

'बेरङ्ग जिन्दगी' कथामा नेपालका अकर्मण्य नेता र बेइमान एवम् लाछी सरकारका कारण सुन्दर देश नेपालको चौतर्फी विनाश भएको विषयवस्तु छ । राष्ट्र विनाशको यस घडी देशका कर्णधार युवापुस्तालाई वैदेशिक रोजगारीको भारी बोकाइएको छ । युवालाई उनीहरूको अवस्थाको ऊर्जा आफ्नै मुलुकमा खर्चिनका लागि प्रोत्साहन, प्रेरणा र वातावरण दिनुपर्ने सरकार तिनै युवाको ऊर्जा विदेशमा बेचेर राष्ट्रले प्राप्त गर्ने 'रेमिट्यान्स'मा मक्ख छ । आफ्नो व्यक्तिगत स्वार्थ र फगत कुर्सीकै वरिपरि मात्रै घुम्ने नेताहरूलाई यी सबै कुराहरूमा कुनै सरोकार छैन । युवाशक्तिले विदेशमा भाग्नुपर्ने मानसिक, शारीरिक प्रताडनासँग कसले सरोकार राख्ने ? कथाकार भगवती बस्नेतले यस कथामा कथाशिल्पद्वारा यही भावधारा खिपेकी छन् । जाडो भयो भनेर आफ्नै घरमा आगो लगाएर ताप्तै छ नेपाल सरकार । यस बेला युवाहरू विदेश पलायन भइदिनाले गाउँका गाउँ खाली छन् । समग्र राष्ट्र 'वृद्धाश्रम', 'बाल आश्रम' र 'अपाङ्ग आश्रम'मा रूपान्तरित भइसकेको अवस्था छ । यिनै

कुराहरू प्रस्तुत गरिएको यस कथाले नेपालको समसामयिकता बोलेको छ ।

'किनाराको मन' शाश्वत प्रेमको परिभाषाले सिँगारिएको कथा हो । यस कथामा प्रेमदर्शन भरिएको छ । शरीरसँगको खेलबाड प्रेम नभएर तृष्णापूर्ति मात्र हो । वास्तविक प्रेमको परिभाषा मनसँगको नातामा गाँसिनुभित्र रहेको हुन्छ । सतही प्रेमको बाजा बजाएर प्राप्तिमा रमाउने अधिकांश प्रेमका अनुयायीहरूका लागि यस कथाले गतिलो उदाहरण पेस गरेको छ । प्रेमको अजर, अमरतामा विश्वास गर्नेहरूका लागि मानसिक प्रेमको महिमा प्रस्तुत गरेर यस कथाले प्रेममहिमा गाएको छ ।

'मर्दको माया' कथामा लोग्ने र स्वास्नीको माया र मनका बीचको फरकपनको प्रस्तुति गरिएको छ । पितृसत्तात्मक सोचले भरिएका स्वार्थी पुरुषका कारण प्रताडित नारीको कथा हो यो । घरायसी आर्थिक अभाव टार्न लालाबाला, छोराछोरी छोडेर वैदेशिक रोजगारीमा गएका विवश नारीहरूको कथानक यस कथामा पनि छ । नारी पति र सन्तानका नाउँमा समर्पित हुन सक्छे तर पुरुष निजी सुखका खातिर स्वार्थी हुन्छ । यस कथालाई यस कथासङ्ग्रहको प्रतिनिधि कथा भन्नुपर्छ । पुस्तकको नाउँ पनि पाएको यस कथाले वैदेशिक रोजगारीमा गएपछि पतिबाट ठगिएका नारीहरूको आमपीडा अभिव्यक्त गरेको छ ।

'मर्दको माया' चोटिलो, धारिलो र अमिलोसमेत छ । भिन्नभिन्न कथामा भगवती बस्नेतको 'मर्दको माया' भित्रका कथाहरूले विविध बान्कीले फरकफरक भाव सम्प्रेषण गर्न सफल भएका देखिन्छन् । तिनमध्ये केही कथांश यहाँ प्रस्तुत गर्नु मलाई सन्दर्भ लागेको छ ।

"महिलाले आफू भएर एक्लै बाँच्न जहाँ गए पनि गाह्रै छ । बाँच्ने कला सिक्नुपर्छ, बाँच्न जान्नुपर्छ, एउटा लक्ष्य लिएर जिउनुपर्ने

रहेछ । एउटा रहर साँच्नुपर्दो रहेछ । यी सबै समय र परिस्थितिले सिकाउने रहेछ । कुरा काट्ने, खुट्टा तान्ने कुबुद्धिका मान्छेहरू समाजमा बग्रेल्ती भेटिने रहेछन् तर हिम्मत र साहस लिएर अघि बढ्दा त्यस्ता नाथे दु:खहरू आफैँ किनारा लाग्छन् ।"

• **बिर्सन नसकेको माया**बाट

"हे भगवान् ! यो कस्तो निर्दयी युद्ध ? मान्छे मान्छेकै खूनको प्यासी हुने युद्ध ?"

• **युद्धले चुँडेको प्रेम**बाट

"सम्झेँ, ठाउँ-परिवेशले पनि मान्छे बिग्रँदो रहेछ सायद । यदि नेपालमा भइदिएको भए आफन्तले सम्झाउँथे होला । मेरी सानी छोरीले बाबाको माया पाउँथिन् होला । हाम्रो सम्बन्ध सुध्रिएर फेरि राम्रो बन्थ्यो होला ।"

• **सबल निर्णय**बाट

"अब म कसैको सहाराबिना पनि जीवनयापन गर्न सक्ने भएकी छु । मैले जिन्दगीमा बाँचन सिकेकी छु । तिम्रो सहानुभूतिस्वरूप दुई-चार शब्दमा बहकिएँ भने म फेरि कमजोर हुनेछु । मेरा सपना र खुसीहरू आफैँ पूरा गर्न चाहन्छु । 'जे गर ज्ञान वा ढङ्गपूर्ण गर' यही भनाइअनुरूप म मेरो ज्ञान, ढङ्गअनुरूप महिलाहरू एक्लै पनि बाँच्न सक्छन् भन्ने उदाहरण बनेर देखाउने अठोट गरेकी छु ।"

• **सबल निर्णय**बाट

"आमा भनेको दिने मात्र हो । उसले कहिल्यै छोराछोरीबाट आशा गर्नु हुँदैन ।"

• **मर्गलित**बाट

"तिमीले छोराछोरीबाट प्रतिफल खोज्यौ भने त्यो त निस्स्वार्थ माया कसरी हुन्छ ? आमाको माया निस्स्वार्थ हुनुपर्छ ।"

• **मर्गलित**बाट

"मान्छेलाई समय र परिस्थितिले जति विवश बनाए पनि मनको सुषुप्त इच्छाहरूले गन्तव्य भेटाउन मद्दत गर्ने रहेछ ।"

• **काकाकुलको तृष्णा**बाट

"स्वदेशमै केही गरेर देखाउने सपना थियो तर ती सपनाहरू जन्मन नपाई तुहिएपछि सुबुले बिदेसिने निधो गरेकी हुन् ।"

• **असोचनीय मोड**बाट

"जहाजका झ्यालबाट देखिएको दृश्यमा जति नेपाल टाढा हुँदै जान्थ्यो त्यति आफ्नो अभावमा ती नाबालक छोराछोरी कसरी हुर्केलान् भन्ने चिन्ताले मनमुटु हुँडुलिन्थ्यो ।"

• **असोचनीय मोड**बाट

"प्रेम कसैले समर्पणलाई, कसैले विश्वासलाई, कसैले त्यागलाई, कसैले प्राप्तिलाई भन्लान् । प्रेम विषयमा मान्छेपिच्छेका फरक परिभाषा हुन सक्छन् । यही प्रणय-प्रेमलाई सही ढङ्गले उपभोग गर्न सके अमृतको काम गर्दछ भने गलत तरिकाले उपभोग गरे विष पनि हुन्छ । प्रेमको सार बुझ्न सारा जिन्दगीकै लगानी लाग्न पनि सक्छ । प्रेम त्यो अनुभूति हो जसले अन्तरआत्मादेखि मानिसलाई सुख दिएर बाँच्न प्रेरित गर्दछ । प्रेम गरिरहनु आवश्यक हुँदैन । सफा हृदय भएका प्राणीको हृदयमा यो आफैँ उत्पन्न हुन्छ र आफूप्रति सद्भाव राख्ने हरेक प्राणीप्रति यो अनवरत रूपमा आफैँ पोखिन्छ ।"

• **अदृश्य प्रेम**बाट

"आफूलाई सधैँ खुसी राख्न जीवनमा बाँकी नरहने वस्तुहरूको मोहमा धेरै जकडिनु हुँदैन । तिमीले आफ्नो एक्लोपनको साथी अध्ययन, लेखाइलगायत मानवसेवा ठान्नुपर्छ जसले तिमीलाई आफ्नो जीवन नरहँदा पनि बचाइरहन्छ ।"

• **अदृश्य प्रेम**बाट

"समयले जस्तो परिस्थिति ल्याउँछ, त्यसको सामना गर्नुपर्छ बहिनी । साँचो प्रेम गर्नेले पाउँदा वा नपाउँदा पनि प्रेम हराउँदैन ।

प्रेमले एक थोक दिन्छ, सबै थोक लिएर जान्छ तर पनि त्यही एक कुरामा नै मान्छेले आफ्नो खुसी पाउँछ ।"

• **अनु, कृतिका र म**बाट

"जीवन खुसी हुनु नै जीवन सफल हुनु हो र आफ्नो कर्मको पाखुरीले आफ्नो भाग्यसँग लड्न सक्नु नै आफूले आफ्नो भाग्य निर्माण गर्नु हो । भाग्यले हामीलाई बनाउने होइन हामीले नै आफ्नो भाग्य बनाउने हो । जीवन अगाडि बढ्ने क्रममा कहिलेकाहीँ पछि फर्केर हेर्नु पनि पर्दो रहेछ, जहाँ आफूले बिराएका पाइलाहरू जीवनको गोरेटोमा अघि बढ्ने क्रममा उत्तिकै सहयोगी हुँदा रहेछन् । जिन्दगी सामुद्रिक भेलजस्तै हो, आफूविपरीतको दुरूह छालसँग जुध्दै तैरिँदा मात्र किनारमा पुग्न सकिन्छ भन्ने सोच्दै थिएँ ।"

• **अनु, कृतिका र म**बाट

"यो युरोपको पिआर पाउने बेलासम्म त जिन्दगीको सबै रङ्ग उडेर बेरङ्ग हुने रहेछ, त्यस बेला के काम होला त्यस पिआरको ?"

• **बेरङ्ग जिन्दगी**बाट

"सुन्दर भविष्यको चाहमा आफ्नो स्वर्णिम समय ऊ यहाँ खर्चिन आएकी छे । आशाका किरण उज्यालोमा देखिए पनि उसले सोचेजस्तो सुन्दर भविष्य भने क्षितिजजस्तै सुदूर थियो ।"

• **बेरङ्ग जिन्दगी**बाट

"म चाहन्छु ऊ जहाँ भए पनि, जस्तोसुकै अवस्थामा भए पनि उसको भौतिक शरीर मैले नपाए पनि, ऊसँग सारा जीवन काट्न नपाए पनि, मेरो हृदयमा मायाको सागर सधैँ उर्लिरहेको छ मात्र उसैका लागि । माया कुनै वस्त्र होइन, नयाँ छँदा लगायो पुरानो भएपछि फाल्यो ।"

• **किनाराको मन**बाट

"त्यही झुण्डको पछि केही दूरीमा एक्लो सारस उडिरहेको थियो, 'सायद पोथी सारस होली' मनुले अनुमान गरी ।"

• **मर्दको माया**बाट

"ऊ घाइते सिंहिनीजस्तो आक्रमक हुन सकिन, ऊ त युद्धको मैदानमा घाइते भएको घोडाजस्तै लड्खडाई तर पनि आफूमाथि सवार घाइते सिपाहीलाई आफ्नो शिविरमा पुऱ्याउन अघि बढेको जस्तै बाध्य थिई ।"

• **मर्दको माया**बाट

भगवती बस्नेतका यी कथाहरूमा प्राप्त विशेषताहरूलाई यसरी निर्धारण गर्न सकिन्छ ।

- वैदेशिक भूमिमा रचिएका कथाहरू
- प्रेम र विरहको प्रधानता
- राष्ट्रभक्तिले ओतप्रोत
- संस्कृति र सामाजिक संरचनाको समालोचनामूलक प्रस्तुति
- नवीनतम एवम् यथार्थपरक कथावस्तु
- आधुनिक जीवनशैली प्रदत्त पीडाको प्रस्तुति
- पारिवारिक संरचना एवम् मायाको उच्च स्वरूपको प्रस्तुति
- समसामयिकता बोध (नेपालको वर्तमान समय र इजरायलमा युद्धविभीषिका)
- विवाहित नारीहरूले वैदेशिक रोजगारी रोज्नुपर्ने बाध्यतामाथि विहङ्गम प्रकाश
- राजनैतिक चेतले युक्त लेखन
- काव्यात्मक गद्यलेखन
- जीवनबोध दर्शनतर्फ उन्मुख
- संस्मरणात्मक कथालेखन
- शीर्षकको सार्थकता
- सूक्ष्मतामा विराटताको प्रस्तुति
- वैदेशिक रोजगारीमा गएका महिलाहरूकै कथाव्यथाहरूको आधिक्य

भगवती बस्नेतको कथाकारिताको बखान गर्ने क्रममा गुणहरूको बाहुल्यको मात्र कुरा गर्दा मैले अतिशयोक्तिको दोष पनि बोक्नुपर्ने

हुन्छ । त्यसैले उनको कथाकारिताको खोट खोज्नु मेरा लागि पनि आवश्यक भएको छ । भगवती बस्नेतसँग कथानकको प्रचुरता हुँदाहुँदै पनि उनको भाषाशैलीमा भनेजस्तो निखार आइनसकेको कारण कुनैकुनै कथा व्याख्यान वा पुराण शैलीमा प्रस्तुत भएका छन् भने उनको कथ्यशैलीको निश्चितताको अभाव पनि खट्किन्छ । अर्को कुरा भगवती बस्नेतजस्ती सशक्त युवाले वैदेशिक रोजगारीका महिलालाई मात्र आफ्नो कथाको विषयवस्तु नबनाएर विश्वपरिवेशका कथानकलाई पनि समेटेर विविध विषयवस्तुका कथा लेखिदिए नेपाली साहित्यका लागि थप उपलब्धि हुने कुरा पनि मैले औँल्याउन सान्दर्भिक ठानेकी छु । तर भगवती बस्नेतमाथि मैले लगाएका यी दोषहरू शिशुको उज्ज्वल अनुहारमा आँखा नलागोस् भनेर आमाले आफ्नो शिशुको निधारको छेउपट्टि गाजलको कालो टीका लगाइदिएजस्तो मात्र हो ।

भगवती बस्नेतको **मर्दको माया** कथासङ्ग्रहभित्रका कथाहरूले वैदेशिक रोजगारीमा गएका नारीहरूले बिदेसिनुपर्ने बाध्यात्मक स्थिति र कष्टसाध्य रूपमा आयआर्जन गरे पनि उनीहरू नै परिवारबाट बाहिरिनुपर्ने दारुण अवस्थाबारे पटकपटक र फरकफरक कथावस्तुमा बोलेका छन् । सन्तानको जायजन्मपछि नाबालक सन्तानकै सुखद वर्तमान र उज्ज्वल भविष्यका लागि मुटुमा गाँठो पारेर बिदेसिन बाध्य पारिएका नारीहरू पुरुष हैकमवादी परिवारबाट र खास गरेर लोग्नेबाट प्रताडित हुनु यस सङ्ग्रहको मूल मर्म हो । वैदेशिक रोजगारीमा गएका नारीहरूको यो पीडा अहिलेको नेपाली समाजले छ्याप्छ्याप्ती बेहोरिरहेको घटना हो । त्यसैले पनि भगवतीले उठाएको यस सङ्ग्रहमा रहेका कथावस्तु अत्यन्त समसामयिक छ । एकातिर परिवारमा पिताको अकर्मण्यताका कारण आमाको मायाबाट शिशुहरू वञ्चित हुँदै छन् भने अर्कातिर आमाहरू तिनै लाछी पुरुषहरूबाट शोषित हुँदै छन् । यो हाम्रो समाजको ज्वलन्त समस्या हो । यस समस्याको

समाधान बेलैमा गर्न नसके यसको दुष्प्रभावका कारण सामाजिक संरचना नै खलबलिने र राष्ट्रको भविष्य नै सङ्कटमा पर्ने देखिन्छ । त्यसैले **मर्दको माया** समाजका ठेकेदारहरू, राष्ट्रनिर्माणको जिम्मा लिनेहरू, समाजका अग्रणी र चेतनशीलहरूले पढ्नै पर्ने कथासङ्ग्रह भएको छ ।

**मर्दको माया** कथासङ्ग्रहमा भगवतीले उठाएको आवाज एउटा प्रतिनिधि आवाज हो । उनले प्राय: सारा वैदेशिक रोजगारीमा आबद्ध नारीहरूको दु:ख, सुख, पीडा, वेदना र अन्य विविध बेहोरालाई यस कथासङ्ग्रहमा उनेकी छिन् । त्यसैले उनको यो लेखनी विशेष उल्लेखनीय पनि बनेको मलाई आभास भएको छ ।

**मर्दको माया**को विशेषताहरूकै खुड्किलो टेकेर भगवती बस्नेतलाई निकट भविष्यकी सक्षम कथाकारका रूपमा अपेक्षा गर्न सकिन्छ । क्षमतावान् बस्नेतको साहित्यसाधनाको पर्याप्तताले उनको शिखर आरोहणको निश्चितता पनि म नजिकै देखिरहेकी छु । सङ्ख्यावर्धनको मात्र हिसाब नहेर्ने हो भने नेपाली साहित्यमा नारी सर्जकका स्तरीय रचनाको अभाव अझै पनि व्याप्त छ । यस अभाव पूर्तिमा भगवती बस्नेतबाट नेपाली साहित्यमा निरन्तरको साधना यथावत् रहनेछ भन्ने मलाई विश्वास लागेको छ ।

**• इन्दिरा प्रसाई**

खाली

# नोस्टाल्जिक मनका केही भावहरू

प्रत्येक मान्छेको जिन्दगी एक कथा हो । जीवन अनन्त सागर हो, जहाँ थुप्रै कथाहरू लुकेका हुन्छन् । यही जीवनरूपी सागरमा यायावर बनेर कायाकल्पदेखि कायापलटसम्म घुमिरहँदा अनगिन्ती घटनाहरू घटिरहेका हुन्छन् । भूगोलको जुनसुकै कुनामा पुगे पनि त्यहाँ समाज हुन्छ; संवेदनाहरू हुन्छन् । मेरा आँखाले देखेका तिनै समाज, त्यहाँ बाँच्ने मान्छेहरूका भोगाइ र आफ्ना अनुभवहरू कथा बनेर सेता कागजमा कोरिन पुग्छन् । गजललाई अघोरै प्रेम गर्छु किनभने साहित्यिक खुट्किलोमा मेरो पहिलो प्रेमी ऊ नै हो । कवितालाई अत्यन्तै माया गर्छु । मुक्तकलाई मुटुमा राख्छु । आजभोलि संस्मरणतिर पनि रमाइरहेको छु । हाइकुमा प्रतिबिम्बित गर्न नपाएका अक्षरहरू, मुक्तकमा अटाउन नसकेको भावना, गजलमा प्रयोग गर्न नसकेका बिम्बहरू, गीतमा गुनगुनाउन नसकेको धुन, कवितामा अटाउन नसकेको समाजलाई कथामा निर्बाध रूपमा छताछुल्ल पोख्न पाएँ । अनेक परिस्थिति-परिवेशमा, हर्षबिस्मातको क्षणमा मनभित्र छल्किएका भावनाहरू एकनास पोखिन्छन् । मन दुखेको बेला धक फुकाएर रुन पाउँदा मन हल्का हुन्छ तर रुन पनि त कसैको सहारा चाहिन्छ । यो प्रवासमा रुन मन लाग्दा काँध थापिदिने पनि को नै हुने रहेछ र ? दु:ख-बिछोडमा स्नेह घोलिएर आँसुसँगै पोखिएका भावहरू शब्दमा उतारे मोती बन्ला भन्ने सोचेँ । जीवनका उकालीओरालीहरूमा अनेक घुम्तीमोडहरू पार गरेँ । पराई भूमिमा पनि कर्म गर्दै जीवनका अनेक

रूपहरूलाई नजिकबाट चियाएँ । कति आफ्नै, कति वरपरका पात्रहरूका भोगाइलाई कथा बनाएर लेखेँ । मेरा कतिपय कथाहरू संस्मरणजस्ता पनि लाग्लान् किनकि यी मेरा आफ्नै भोगाइ पनि हुन् । मेरा कथाहरू वर्तमान समयका आफ्नै भोगाइका साक्षीहरू पनि हुन् । निकै समयको पर्खाइमा अहिले कथा प्रकाशनमा ल्याउन पाउँदा अत्यन्तै खुसी लागेको छ ।

**मर्दको माया** मेरो तेस्रो पुस्तकाकार सिर्जना हो । युद्धभूमिको आँगन इजरायलमा कहिले युद्धको भयले मन कपाउँदै, कहिले वृद्धवृद्धाको गनगन सुन्दै पनि आफ्ना सपना पूरा गर्न दृढ सङ्कल्पका साथ लागिरहेँ । यसैको परिणाम हो यो कथासङ्ग्रह । साहित्यप्रतिको मेरो अभिरुचि तथा सधैँ साहित्यको नयाँनयाँ विधा जान्नेबुझ्ने उत्सुकताले नै मेरा कृतिहरू जन्मिए । अहिले कथाको अध्ययन, अभ्यास, लेखनमा लाग्दालाग्दै प्रस्तुत कथासङ्ग्रह तयार भयो । कथालेखनमा यो मेरो प्रयास हो, सम्पूर्णता होइन । हरेक मानिसको आआफ्नै कथा हुन्छ, कतिको कथा व्यक्त गरिन्छ, कतिको व्यक्त गरिँदैन । मेरा कथाहरूका स्रोत, पात्र, विषयवस्तु पनि स्वदेश र परदेशमा घटेका विविध घटना, परिवेश, परिस्थिति हुन् । अनि त्यहाँ भेटिने मानिसको व्यवहार, चरित्र, मानसिकतालाई कथाका विषयवस्तु बनाउने प्रयास गरेकी छु ।

आख्यानबारे चार्ल्स डब्ल्यु. चेसनट– क्राइसिस म्यागेजिनले भनेका थिए “कलाको राज्य त्यो एक मात्र क्षेत्र हो जहाँ मन स्वतन्त्र हुन्छ र सिर्जनात्मक आख्यानका सबै कला सबैभन्दा बढी स्वतन्त्र हुन्छ ।” भनिन्छ कथामा सत्यको अंश भए पनि यसको प्रस्तुति कल्पनाको माध्यमद्वारा हुन्छ । यसको लक्ष्य पाठकलाई आनन्दित तुल्याउने र आफ्नो विचार सम्प्रेषण गर्ने हुन्छ । थाहा छैन, यी कुराहरूमा कति सफल भएँ । **मर्दको माया**भित्र आममानिसका संवेदनाहरू छन् । उनीहरूको दु:ख, दर्द, पीडा, वेदना, आशानिराशा, युद्ध, भय, प्रेम, बिछोडका अनुभूति समेट्ने प्रयास गरेकी छु ।

मर्दको मायामा तड्पिएर मरुभूमिको रेगिस्तानमा हराएको कथा मात्र होइन । यसभित्रका कथाहरूको कथनभरि मन र आँखाले जीवनका पलपलमा भोगेका आफ्नै अनुभूति, अनेक घुम्ती र गल्छेडामा भेटिएका अनेक पात्रहरूको दु:ख, पीडा, गुनासा मात्र कोरिएका छैनन् । यसमा मानवीय मूल्य, जीवन दर्शन, युगीन चेतहरूको परिवर्तनशील मान्यताहरूलाई पनि आत्मसात् गर्ने प्रयास गरिएको छ ।

भौतिक रूपमा टाढा रहेर पनि साहित्यलेखनमा हौसला, प्रेरणा, ऊर्जा र अभिभावकीय माया दिएर **मर्दको माया** कथासङ्ग्रहका कथाहरूलाई एकएक नियालेर आफ्नो अमूल्य समय निकाली भूमिका लेखिदिने आदरणीय इन्दिरा दिज्यूप्रति नतमस्तक हुँदै आगामी दिनहरूमा काव्यसाधनामा लागिरहने बाचा गर्दै हृदयगत माया दिज्यू भन्न चाहन्छु ।

यस कृतिको प्रकाशनको सम्पूर्ण जिम्मा लिएर प्रकाशकीय मन्तव्यसहित मलाई गन्तव्यसम्म डोऱ्याइदिने आदरणीय दादा नरेन्द्रराज प्रसाईज्यूप्रति सदैव कृतज्ञ रहनेछु । नइ प्रकाशनप्रति आभारी छु ।

मेरो साहित्ययात्रामा हौसला, प्रेरणा थपिदिने, मेरो कृति सफलताका लागि शुभकामनाका शब्दगुच्छा बर्साउने आदरणीय माया ठकुरी दिज्यू, डा. कृष्णहरि बराल दाजु, डा. नेत्र एटम सरप्रति आभारी छु । सुन्दर आवरण चित्र बनाइदिने मेरो अनन्य मित्र कृष्णपक्ष थापालाई हार्दिक धन्यवाद भन्न चाहन्छु ।

भौगोलिक दूरीमा टाढा रहेर पनि मेरा रचना पढेर गतिला सुझाव दिने समकालीन साथीहरू, आदरणीय अग्रजहरू, सामाजिक सन्जालमार्फत सल्लाहसुझाव तथा ऊर्जा प्रवाह गरिरहने सम्पूर्ण साहित्यसाधक समकालीन साथीहरूप्रति आभारी छु । यस कृतिको सँघारसम्म आइपुगुन्जेल मलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णप्रति अनुगृहीत छु !

श्रीमान् मोहनकुमार बस्नेत र साहित्यको ज्ञान नभएर पनि मामु के लेख्दै हुनुहुन्छ भनेर सोधिरहने मेरा छोराछोरी प्रयास र प्रतीक्षालाई अविरल माया अनि शुभआशिष् छ । जन्मदेखि कर्मसम्म ममताको आँचल ओढाएर मलाई पाइलापाइलामा जोस, जाँगर र हौसला थपिदिने मेरी ममतामयी आमा रुकुमकुमारी बस्नेतप्रति सदैव ऋणी छु ।

अन्तमा, मेरो लेखनमा निरन्तर हौसला दिइरहने तमाम मनहरूलाई हृदयदेखि नै सम्झिएको छु । यस कृतिका हरेक खाले कमीकमजोरी केलाएर मलाई मार्ग निर्देशन गरिदिनुहुन सम्पूर्ण साहित्यप्रेमीहरूमा हार्दिक अनुरोध गर्दछु । आगामी दिनहरूमा साहित्यफाँटमा भेटघाट गरिरहने बाचा गर्दै अहिलेलाई बिदा हुन्छु ।

**• भगवती बस्नेत**

**बल्खु १४ काठमाडौँ**
**हाइफा, इजरायल, १० जुलाई २०१५**

# मर्दको माया

# बिर्सन नसकेको माया

घमाइलो बिहानीमा इजरायलको हाइफा सहर झलमल्ल खुलेको थियो । हाइफाको कर्मेल डाँडाबाट छ्याङ्ग समुद्र देखिएको थियो । परबाट आउँदै गरेका पानीजहाजहरू लहरै उभिँदाको मनमोहक दृश्यले मन लोभ्याइरहेको थियो । जहाजहरू सामुद्रिक पानीमा ठोक्किएर बग्दा समय एकै ठाउँमा अडिइरहोस् झैँ लाग्थ्यो । वातावरण नै मनमोहक बनेको थियो । सबै जना आफ्नो-आफ्नो गन्तव्यतिर लम्किँदै थिए । बूढाबूढीहरू कोही हिटलरले आफूलाई दिएको दु:खका बारेमा त कोही आफ्नै जीवनका एकएक कहानी एकअर्कालाई सुनाइरहेका थिए । म पनि सारासँगै गानको फलैँचामा बसेर सारा र जोसेफको कुरा सुन्दै थिएँ ।

“सारा ! आफूलाई नियन्त्रण गर्न सक्ने मान्छेले दु:खलाई सजिलै निमिट्यान्न पार्न सक्छ । खुसीको आविष्कार पनि गर्न सक्छ । तिमी मेरो साथी हौ भन्दा पनि म गर्वले छाती फुलाउँछु । आफ्नो जीवनमा कति धेरै उतारचढाव सहेर पनि तिमी खुसी देखिन्छ्यौ । मान्छेको सबैभन्दा ठूलो सफलता आफूले चाहेजस्तो बन्नु हो । तिमी जस्तो अवस्थाबाट गुज्रिए पनि आफूले चाहेजस्तो बनेकी छौ ।” जोसेफको कुरा नसकिँदै सारा भन्थिन्, “बलेको आगो सबैले ताप्छन्, निभेको बाल्ने को छ र यहाँ ? स्वार्थका लागि साइनो गाँस्छन्, साँच्चै साथ दिने को छ र ?”

“म छु नि !” भन्दै जोसेफले साराको निधार चुम्यो बडो प्रेमले र एकटकले हेरिरह्यो । साराले पनि गहभरि आँसु पारेर

जोसेफलाई हेरिरहिन् । उनको हेराइमा जोसेफप्रतिको आभार छताछुल्ल थियो ।

सारा अगाडि बोल्दै गइन्, "जोसेफ, जीवन एउटा प्रयोगशाला न हो, सबै प्रयोग सफल हुन्छन् भन्ने छैन तर प्रयोग गर्ने प्रयासचाहिँ सधैँ गरिरहनुपर्छ । मैले पनि जीवनका अनेक पलमा अनेक प्रयोग गर्दै अगाडि बढिरहेँ ।"

उनीहरूका जीवनोपयोगी कुराहरू सुनेर म अवाक् बन्थेँ । जोसेफ साराको बच्चैदेखिको साथी; उसलाई देख्दा सारा अत्यन्तै खुसी हुन्थिन् । बिस्तारै लन्च समय पनि नजिकिँदै थियो । हामी घर फर्कियौँ । जोसेफ र उनकी सुसारे सुधा पनि हामीसँगै फर्किए ।

साराको सुसारे भएर दिन काटेको पनि निकै भइसकेको थियो । सुसारेको मुख्य काम भनेको नियमित रूपमा आफ्नो स्याहार आफैँले गर्न नसक्ने वृद्धवृद्धाहरूको स्याहारसुसार गर्नु हो । जसको स्याहार गरिन्छ त्यही व्यक्ति केयरगिभरको मालिक हो । कामको प्रकृति हेर्दा कुनै ठूलो काम गरेजस्तो त लाग्दैन, तर पनि जे-जस्तो काम गरे पनि काम काम नै हो । बूढाबूढी हेर्ने महत्त्वपूर्ण र जिम्मेवारीपूर्ण कामले हरपल मानसिक दबाब परिरहन्छ । साथीहरू भन्ने गर्छन्, "घरको काम न हो, गाह्रो हुन्छ र ?" तर बूढाबूढीसँग सधैँ सँगै बसेर उसको मानसिकतासँग जिउने अभ्यास गरेर बाँच्न कति गाह्रो हुन्छ । बूढाबूढीको कचकचले कति धेरै मानसिक पीडा हुन्छ, त्यो कुरा भोग्नेलाई मात्र थाहा हुन्छ । प्रवासको बसाइमा खुसी हुँदा जोसँग म दिल खोलेर हाँस्थेँ, मन खोलेर कुरा गर्थें, विश्वास राखेर व्यवहार गर्थें त्यही आफूलाई खुसी राख्ने अनि रमाउने मेरो नजिकको साथी भनेको सारा नै थिइन् । उनको सामीप्यमा काम गर्दा हामी दुईको आपसी सम्बन्ध र बुझाइ अनि स्नेह गाढा भइरहेको थियो । सान्निध्य र समर्पणले उनका र मेरा दुवैका मनका भित्ताहरू रङ्गिएका थिए ।

यस्तै सेवामुखी भएर दिनहरू चलिरहेका छन्, म साराको स्याहारसुसारमा लागेको चार वर्ष हुन लाग्यो । उनको स्याहार गर्ने जिम्मा मेरो छ । उनी अशक्त भएकाले मैले उनीप्रति माया, सद्भाव, सत्कार देखाउनु मेरो कर्तव्य हो ।

बेलाबखतमा साराका छोराछोरी भेट्न आउँछन् । चाडपर्वमा छोराछोरीकै घरमा खाना खान गइन्छ । कुनै बेला बाहिर रेस्टुरेन्टमा पनि गइन्छ । यति नै हुन् फेरबदलका कुराहरू । अरू सबै उही दिन, उही रात, उही साराको रूप, उही रङ, उही आकृति । कस्तो पट्यार लाग्ने दिनचर्या । यस्तै सोचेर टोलाउँदै थिएँ म ।

"आनी रेवा रोचा लेखोले । (मलाई भोक लागेको छ । खाना देऊ । तिमी के गर्दै छौ हँ ?)" एक्कासि साराको यो प्रश्नले मलाई झस्काएको थियो । दिनको दुई बजिसकेको थियो । सारालाई खाना खान दिने बेला पनि टर्न लागेछ । हतारहतार भान्सामा खाना बनाउन लागेँ । मेरो मनमस्तिष्कमा अनेक कुरा खेल्छन् । साँच्चै नै मानिस एउटा कलाकार हो । उसले समय-परिस्थितिअनुसार जसरी पनि आफूलाई परिवर्तन गर्छ, चलाउँछ । मनभरि अनेक दु:ख लुकाएर बस्छ अनि साथीभाइसँग भेट हुँदा निकै हाँसोमजाक गर्छ । लाग्छ, यो बेला संसारको सबैभन्दा खुसी मान्छे नै उही हो तर जब ऊ एकान्तमा हुन्छ अनि उसको मनमा चलचित्रका रिलजस्तै एकपछि अर्को गर्दै अनेक कुराहरू खेल्छन् । म पनि आफ्ना कलिला तामाका मुनाजस्ता सोनु र समीलाई सम्झँदै थिएँ । उनीहरूको मायाले मेरो मन विह्वल भएको थियो ।

मेरो जागिरदाता सारालाई उनको आफ्नै नामले बोलाउँदा नै खुसी हुन्छिन् । हाम्रो नेपालमा उमेरअनुसार नाता जोड्ने चलन हुन्छ तर यहाँ जतिसुकै बूढाबूढी भए पनि उनीहरूको नामले बोलाउनुपर्ने रहेछ । यसो गर्दा उनीहरू आफू जवान भएको अनुभव गर्दा रहेछन् र खुसी हुन्छन् ।

"सारा ! ओखेल मुखान, बोइ लेखोल । (खाना तयार भयो, खान आऊ ।)" भनेर बोलाएँ । टेबुलमा राखिएको खाना उनले जसोतसो थोरै खाइन् ।

"आज के भो तिमीलाई ?" मेरो अँध्यारो मुख देखेर साराले उठेर सोफामा बस्दै सोधिन् र भनिन्, "म केही गर्न सक्दिनँ, मेरो कारणले तिमीलाई दु:ख भएको छ । म बुझ्छु, छोराछोरी र आफ्नो परिवारको सम्झनामा तड्पिन्छ्यौ, सम्झन्छ्यौ अनि दु:खी हुन्छ्यौ । तिमी त्यसो नगर ल !" मलाई आफ्नो सामीप्यमा टाँसेर धेरैबेरसम्म चुम्बन गर्दै भनिन्, "हेर मान्छेको जीवनमा सुखदु:ख उसको सोचाइ, व्यवहार, कर्म एवम् संयोग र परिस्थितिले निर्धारण गर्दछ । मानिसको व्यक्तिगत जीवनमा हरेक समस्याको जड व्यक्ति आफू स्वयम् हो । आफूलाई सच्याउन सके धेरै समस्या आफैँ समाधान हुन्छन् । आँखाले सधैँ बाहिर देख्ने हुनाले दोष पनि अरूमा नै देखिन्छ तर यथार्थमा दोषी व्यक्ति आफू स्वयं हुन्छ ।"

"कसरी ?" उनको यस्ता कुराले मेरो मनमा चोट पर्छ । सम्झन्छु अनि उनलाई प्रश्न गर्छु ।

उनी कुरा छल्न खोज्दै भन्छिन्, "यो किनको जबाफ तिमीलाई समयले दिनेछ ।"

"तिमी आफ्नो आवश्यकता अनि बाध्यताले कुनै उद्देश्य बोकेर यहाँ आएकी छौ । मान्छेले समयअनुसार आफूलाई चलाउन सक्नुपर्छ । वास्तवमा सुखी हुन मानिसहरूसँग निश्छल रूपमा आपसी प्रेम हुनुपर्दछ, चाहे त्यो परिवार होस् वा समाज । मैले बुझ्दा तिमी जिन्दगीलाई बुझेकी मान्छे हौ जस्तो लाग्छ । त्यसैले तिमी दु:खी बन्नु हुन्न ल । मैले तिमीलाई आफ्नै परिवारको सदस्य ठानेकी छु । तिमीजस्तो सुसारे पाएर म धन्य भएकी छु ।" मलाई यति भन्दाभन्दै उनका आँखा रसाएका थिए । मैले यति बेला म उनको सुसारे हुँ भन्ने पनि

बिर्सिएँ । मेरी आमाले मलाई सम्झाएको अनुभव गरेर उनलाई गम्लङ्ग अङ्कमाल गरेँ । साराले पनि अङ्कमाल गरेर मलाई सुमसुम्याइन् । परदेशमा सारा मेरी मालिक्नी र आमा दुवै थिइन् ।

त्यसको केही दिनपछिको कुरा हो । त्यस दिन उनको निर्निमेष हेराइमा मैले केही लुकेको अनुभव गरेँ । एक हप्तादेखि नै उनी साह्रै दुःखी छिन् जस्तो मलाई लाग्थ्यो । ८७ वर्ष पुगेकी सारा अझै पनि फुर्तिली, धेरै भाषाहरू बोल्न जान्ने, सबैसँग रबाफ देखाएर बोल्ने खालकी थिइन् । तर एक हप्तादेखि उनी निकै निराश देखिन्थिन् । उनका छोराछोरी भेट्न आएका थिएनन् । जति बेला पनि 'फोन गर न कति बेला आउँछन्' भन्दै उनले दिक्क लाउँथिन् । उनीहरू भने फोन उठाउँदैनथे । उनलाई म उनीहरूले फोन उठाएनन् भनेर भन्न पनि सक्दिनथेँ । कुनै समस्यामा परे होलान् भन्ने लाग्यो । तल्लो फ्ल्याटमा बस्ने उनको साथी जोसेफलाई बोलाएँ अनि उनीसँग कुरामा भुलाएर फकाउँदै औषधि खुवाएँ ।

मैले जति गरे पनि उनको चित्त बुझाउन सकिनँ । अनि उनी फतफताउन थालिन्, "मेरो रोग कुनै औषधिले ठीक पार्दैन । मलाई निको पार्ने औषधि मेरा छोराछोरीसँग छ । उनीहरूले कुनै खबर ल्याए भने म खुसी हुन्छु ।"

उनले यसो भन्दा म फेरि धेरैबेर घोत्लिएर बसेँ ।

उनलाई जसोतसो औषधि खुवाएर 'उनीहरू आउँदै छन्' भन्दै उनको नजिकै बसेर उनका गाला मुसार्दै सोधेँ, "छोराछोरीलाई भेट्न मात्र त तिमी तड्पिएकी होइनौ, के छ विशेष कारण ? म पनि त तिम्रै छोरीजस्तै त हुँ नि !" यति भन्दा पनि उनी बोलिनन् ।

'के खबर होला, कसको खबर सुन्नलाई उनी यति व्याकुल छिन् अनि के भन्न रहेछ' भन्ने कुरा मनमा खेलाउँदै एउटा प्रश्न गरेँ, "आज तिमीलाई तिम्रो श्रीमान्‌को याद आएको हो ?"

"याद आएर के हुन्छ र ? याद नआउने भइदिए कस्तो हुन्थ्यो होला है ?" भन्दै मलाई नै प्रश्न तेर्स्याइन् । रिस, आक्रोश, करुणा, माया सबैले रातो बन्दै लामो श्वास तानेर उनले भन्न सुरु गरिन् । "धेरै लामो कहानी छ ।" मैले सुन्नलाई उत्सुकता देखाउँदै धेरै कर गरेपछि उनले भन्न थालिन्, "मेरो बिहे म १८ वर्ष हुँदा सिमोन कोहेनसँग भएको हो । हामी बिहे गर्नुभन्दा पहिलेदेखि नै लिभिङ टुगेदरमा थियौँ । करिब ३ वर्ष बिहे नगरी सँगै बस्यौँ । हामी एक-अर्कामा राम्ररी परिचित भएर नै विवाह गर्ने निर्णय गरेका थियौँ । हामी दुईले आपसमा प्रेमविवाह गरेका थियौँ । विवाह गरेको केही वर्षमा नै २/२ वर्षको फरकमा मैले ४ सन्तान जन्माएँ । हामी एक-अर्कालाई एकदमै माया गर्दथ्यौँ अनि विश्वास पनि । मेरा हरेक कुराहरूलाई सिमोन सकारात्मक रूपले लिन्थे । मैले उनलाई मायाले सिम भनेर बोलाउँथेँ । उनी मलाई सिमु भन्थे । मलाई लाग्थ्यो– यो संसारमा हाम्रो जस्तो माया कसैको छैन । केही गल्ती हुँदा पनि मायाले सम्झाउँथे । साह्रै माया गर्थे । सबै एकदम राम्ररी चल्दै थियो हाम्रो गृहस्थी । एक्कासि उनी घरमा ढिला आउन थाले । बेतकनेसेत (मन्दिर)मा धेरै समय बिताउन थाले । मैले किन ढिलो भयो भनेर सोध्दा उनी धेरै बहाना बनाउँथे ।" साराको अनुहारमा पीडा र क्षोभका भावहरू दौडिरहेको मैले देखेँ ।

उनी अगाडि भन्दै गइन्, "उनी एक रब (मन्दिरका पुजारी) थिए । सधैँ धर्मशास्त्रका कुरा अनि कर्मकाण्डका काम गर्ने हामी यहुदीहरू, प्रायजसो दत्तीहरू आफ्नो धर्म-संस्कृतिमा कट्टर हुन्छौँ । हामी पनि दत्ती नै हौँ । त्यो तिमीलाई पनि थाहा छ ।" मलाई हेर्दै उनले अरू थपिन्, "उनीहरूले आफ्नी श्रीमतीबाहेक अरूलाई नराम्रो दृष्टिले कहिल्यै हेर्दैनन् । त्यसैले उनी अरूसँग लाग्लान् भन्ने सोचाइ मेरा मनमा कहिल्यै आएन ....." सारा गम्भीर भइन्, उनको गला अवरुद्ध भयो, "तर म गलत साबित भएँ, उनी त अर्कै केटीसँग प्रेममा

परिसकेका रहेछन् । मेरो खुसीमा खुसी मिसाई सँगसँगै हाँसिदिने, मेरो पीडामा आँसु मिसाई सँगसँगै रोइदिने, सँगै मर्ने बाँच्ने कसम खाने मान्छेले मेरो माया छुटाएर मलाई कसरी एक्लै पारे ?"

म त अकमक्क परेँ, साराको एकाएक आएको प्रश्नले मेरो बोल्ने शब्द नै हराएझैँ भयो । उनी फेरि भन्दै गइन्, "तिमीलाई थाहै छ, कोहेनहरूले दोस्रो विवाह गर्न पाउँदैनन् । मैले मेरा श्रीमान्लाई कति सम्झाएँ, बुझाएँ, रोएँ, कराएँ तर मेरो केही सीप लागेन । उनी जसरी पनि त्यही केटीसँग जाने भए । त्यो केटी नभई नबाँच्ने अवस्थामा पुगेपछि मैले केही गर्न सकिनँ । सिमोनले त्यो केटीसँग कागजी विवाह गरेर उसैसँग बस्ने निर्णय लिए ।" उनले थपिन्, "यदि तिमी कसैलाई माया गर्दछौ भने त्यसलाई जान देऊ । यदि फर्कन्छ भने ऊ सधैँका लागि तिम्रो थियो, फर्कंदैन भने ऊ कहिल्यै तिम्रो थिएन । टाढा रहे पनि जूनतारा हाम्रो हुन्छ । प्रेम जहाँ फुले पनि राम्रो हुन्छ ।" साराले जीवनभोगाइको निचोडसँगै प्रेममय आदर्शको कुरा गरिन् ।

मैले उनलाई प्रश्न गरेँ, "कति गाह्रो भयो होला है तिमीलाई एक्लै छोराछोरी र घर समाल्न ?" मेरो प्रश्न भुइँमा खस्न नपाउँदै उनीले अझ कडा स्वरले भन्न लागिन्, "के-के मात्र भनेनन् र ? श्रीमान् रिझाउन नजानेकी, राम्रो व्यवहार गरेको भए चार-चारवटा छोराछोरी, श्रीमती छोडेर जान्थ्यो र ? यही आइमाई नै दुष्ट रे ।" लामो श्वास तानेर साराले भनिन्, "जसले जे भने पनि समाजसँग लड्ने, थरीथरीका भनाइ र कुराकटाइलाई सुन्ने धैर्य चाहिँदो रहेछ ।" साराको कुरामा समर्थन जनाउँदै भनेँ, "हो त नि ।"

"मसँग धैर्य थियो नत्र मथिङ्गल रिङ्ग्याउने वचन-बाणहरूले मुटु छियाछिया पार्ने रहेछन् । मभित्रको साहस अनि हिम्मतले आफैँलाई समाल्न सकेँ ।" सारा पीडा पोखेर बगिरहेकी थिइन्, "महिलाले आफू भएर एक्लै बाँच्न जहाँ गए पनि गाह्रै छ । बाँच्ने कला सिक्नुपर्छ,

बाँच्न जान्नुपर्छ, एउटा लक्ष्य लिएर जिउनुपर्ने रहेछ । एउटा रहर साँच्नुपर्दो रहेछ । यी सबै समय र परिस्थितिले सिकाउने रहेछ । कुरा काट्ने, खुट्टा तान्ने कुबुद्धिका मान्छेहरू समाजमा बग्रेल्ती भेटिने रहेछन् तर हिम्मत र साहस लिएर अघि बढ्दा त्यस्ता नाथे दु:खहरू आफैँ किनारा लाग्छन् ।" यसो भनिरहँदा उनी निकै जोसिली देखिन्थिन् । साराका कुराले मलाई पनि आश्वस्त पारिरहेको थियो ।

"दिन, महिना र वर्षहरू बितेर जाँदा कुरा गरेर नथाक्नेहरू आफैँ थाक्छन् र चुप लाग्छन् । त्यस्तै भयो पनि, ती चुप लागे पनि, मैले आज यस्ता सबै दिनहरू पार गरेँ ।" उनी फेरि टक्क अडिइन् । बिचरी बूढी मान्छे बोलिरहन पनि गाह्रो छ उनलाई । मैले पानी पिउन दिएँ । पानी पिएर लामो श्वास तान्दै भनिन्, "मलाई लाग्थ्यो चोखो मायामा कहिल्यै बिछोड हुँदैन । म उनलाई चोखो दिल, सफा हृदयले माया गर्थें । मैले उनी खुसी भएको देख्न चाहेँ तर केही वर्षभन्दा बढी उनी त्यो केटीसँग पनि बस्न सकेनन् । अब उनी विलखबन्दमा परे । उनलाई बेतकनेसेतबाट पनि निष्कासन गरिएको थियो किनभने उनले हाम्रो धर्मविरुद्धको काम गरेका थिए । उनलाई धेरै वर्षपछि मात्र मेरो मायाको महसुस भएछ ।"

साराले लामो श्वास तानिन् र बोलिन्, "अब त्यो सबै निरर्थक थियो किनभने हाम्रो पारपाचुके भइसकेको थियो । फेरि सम्बन्ध जोडिने कुरै भएन । जवानीको जोसमा होस हराउँदा गरेको निर्णयले उनलाई पोलेको थियो । मेरो मायाले, मेरो व्यवहारले उनलाई मतिर खिचेको थियो सायद । मैले मेरा जवानीका दिनहरू तड्पिएर बिताएँ ।" वेदनाको गहिराइमा पुगेर उनी एकैछिन चुप लागेकी थिइन् । मलाई साराप्रति सहानुभूति जाग्यो । उनको कपाल मिलाउँदै सहानुभूतिको स्पर्श गराएँ ।

"जब मलाई उनको खाँचो थियो, त्यही बेलामा मैले उनीबाट तिरस्कार पाएँ । अब त उनको के चाह ?" साराको अनुहारमा क्षण-

क्षणमा भावका तरङ्गहरू फेरिइरहेका थिए तर पनि उनी भन्दै थिइन्, "मैले जिन्दगीमा उनलाई बिर्सने कुरै भएन किनभने मेरा सन्तानका बाबु नै उनी हुन् । मेरा चार सन्तानमा मैले उनैको चित्र देख्थेँ तर म पनि विवश थिएँ । उनलाई फेरि श्रीमान्का रूपमा स्वीकार गर्नु भनेको मेरो स्वाभिमानमा ठेस पुऱ्याउनु अनि समाजको अगाडि आफू तल झर्नु हुन्थ्यो । तसर्थ, त्यस्तो पुनर्मिलन असम्भव थियो ।"

साराका कुरा सुन्दा सबै महिलाहरूको पीडा उस्तै रहेछ भन्ने लाग्यो ।

"अरूलाई चोट दिँदा समयले आफूलाई पनि चोट दिन सक्छ भन्ने कुरा मानिसले बिर्सन्छ जुन कुरा सिमोनले अहिले भोगिरहेका छन् । आफ्नो कर्मको भोग सबैले आफैँले भोग्नुपर्छ तर पनि मेरो भित्री हृदयमा उनकै माया थियो कि मानवता, म भन्न सक्दिनँ । आजकाल उनी बिरामी भएका छन् भन्ने सुनेकी छु ।" साराले आफू दु:खी हुनुको गाँठी कुरा खोलिन्, "त्यही भएर छोराछोरी आए भने उनको खबर पनि पाउँछु कि भनेर म पिरिएकी हुँ । किन किन उनको खबर थाहा नपाउन्जेल मेरो मन अशान्त हुन्छ । हिजोआज उनैको खबर सुन्नलाई मेरो मन व्याकुल हुन्छ । उनी मेरो पहिलो प्रेम अनि मेरा छोराछोरीका बाबा । उनको माया कहिल्यै बिर्सन नसकिने रहेछ ।" साराको कुरा नसकिँदै एक्कासि ढोका खटखटाएको जस्तो आवाज आयो, हामी दुवैका आँखाहरू साराका छोराछोरी आए कि भन्ने अपेक्षाले ढोकातिर ठोक्किन पुग्छन् । ढोका खोल्दा त्यहाँ कोही पनि थिएन ।

बाहिर भने हुरीबतास जोडजोडले चल्दै थियो ।

# युद्धले चुँडेको प्रेम

डररऽऽ डररऽऽ ड्यामऽऽ गर्दै आकाशमा हमासले पठाएको रकेट र आइरन डोमको घम्साघम्सी चलिरहेको थियो । युद्धको भय टाउकोमा मडारिइरहेको थियो । सधैँभन्दा धेरै रकेट बमहरू बर्सन थालेका छन् इजरायलको आकाशमा । युद्ध भयानकभन्दा पनि भयानक भएको थियो । डर र त्रासले छाएको मन थियो । नेपालको द्वन्द्वकालमा आफ्नो ज्यान जोगाउन सफल भए पनि विस्थापित भई इजरायल आइपुग्दा 'झिकिदे गाँड भन्दा थपिदे गाँड' भनेझैँ भएको थियो । इजरायलमा पनि पटकपटक युद्धको सामना गर्नुपर्‍यो र उसले अझै गरिरहेकी छे । ती कहाली लाग्दा कथाबेथाहरू आफ्नै जिन्दगीका हरेक पानाहरूमा सम्हाल्न नसक्ने गरी छरपस्ट छन् । तिनै कथाबेथाहरू कुन दिन विस्फोट हुने हुन् भन्ने डरले उसलाई सताइरहन्छ ।

खास गरी इजरायलको बोर्डर साइडमा काम गर्ने छायाजस्तै अरू साथीहरूलाई दिनरातै साइरनको आवाजले मनोवैज्ञानिक असर पारेको थियो । धेरै पटक अरबी देशहरूले संयुक्त हमला गर्दा पनि आफ्ना जनतालाई आफ्नो स्रोतसाधन रित्त्याएर तथा आफू मरेर पनि सैनिकहरूले बचाउँछन् भन्ने विश्वास थियो । तर पनि युद्धको कुनै भर हुँदैन भनेर मन विचलित थियो छायाको । कुलापको छिनछिनको म्यासेजले पनि मन बुझाउन सहयोग गर्दथ्यो । जैतुनका बोटहरूमा सेतै फूलहरू फुल्न लागेका बेला कुलापसँगको छायाको आँखाजुधाइ अनि एकअर्काप्रति मौलाएको प्रेम झाँगिँदै गएको थियो । प्रत्येक दिनजस्तो

गार्डेनमा याफालाई लिएर जाँदा त्यही जैतुनका रूखमा कलकलाउँदा पातहरू देखेर मक्ख पर्थी छाया । तिनै जैतुनका सेतै फुलेका फूलहरू हेरिरहँदा एक दिन छायाको आँखा कुलापमा परेको थियो । कुलाप पनि उसलाई नै हेर्न त्यो बाटो भएर हिँड्ने गर्थ्यो । संयोगले दुवैका साथीहरू कृपा र कृषको बिहेमा उनीहरू एकअर्कामा राम्ररी परिचित भएका थिए । त्यो बिहेको भिडमा एउटा केटाले छायालाई मन पराउने रहेछ । उसले आफूसँग डान्स गर्ने प्रस्ताव राख्यो । छायाले इन्कार गरेपछि उसले छायालाई लछारपछार पाऱ्यो । आफूले मन पराउने मान्छेलाई त्यसो गरेको देखेर कुलापलाई सहिनसक्नु भएछ, त्यसैले ऊ जुरुक्क उठेर त्यो केटालाई च्याप्प समातेर कुर्सीमा थचार्दै हप्काएको थियो, "एउटा महिलालाई सम्मान गर्न सिक्, तेरा आफ्ना दिदीबहिनी छैनन् ?" आफ्नै दाजुभाइजस्ता नेपालीले आफूप्रति गरेको दुर्व्यवहारले छाया निकै दुःखी भएकी थिई । त्यस दिनको उसको व्यवहारले छायाको नजरमा कुलापको इज्जत बढेको थियो ।

बिदाको बेलामा हरेक हप्ता कुलाप साथीहरूका लागि फोन कार्ड लिन तेल अभिव जाने गर्थ्यो । छायाले पनि कहिलेकाहीँ उसैलाई कार्ड लिन पठाउँथी । हप्तैपिच्छेको भेटघाटले उनीहरूबीच सामीप्य बढ्दै गयो । एकअर्काको फोन नम्बर साटासाटबाट सुरु भएको उनीहरूको सम्बन्धले एकअर्काका राम्रा साथी हुँदै प्रेमीप्रेमिकाको रूप धारण गरिसकेको थियो ।

जैतुनका भर्खरै लागेका चिचिलाहरू झुप्पाझुप्पा भएर छिप्पिँदै थिए कुलाप र छायाको मायाजस्तै । कुलाप र छाया भिन्न देश, भिन्न रहनसहन, भिन्न जात र भिन्न धर्मका थिए । उनीहरू दुवैलाई प्रेमको रस्सीले बाँधेको थियो । बाहिर हमास इजरायलको युद्ध चर्किरहेको थियो । यता छायाको मनभित्र प्रेमको द्वन्द्व चर्किरहेको थियो । कुलाप इजरायलको नितिभ असरा भन्ने ठाउँमा कृषि फार्ममा काम गर्दथ्यो । भारतको अमृतसरनजिकको गाउँबाट आफ्नो परिवार

तथा आफ्नो भविष्य बनाउन ऊ इजरायल आएको थियो । छाया आस्दोतमा केयरगिभरको काम गर्थी । छाया नेपालको मकवानपुरको पिप्ले भन्ने ठाउँबाट आफ्नो सुन्दर भविष्यको खोजीमा इजरायल आएकी थिई ।

दुवैको आफ्नो परिवार, आफन्त र आफ्नो देशसँगको बिछोडको समय निकै लामो भएको थियो । महिनौँपछिको कहाली लाग्दो एकाकी रातहरू र निस्सार दिनहरूपछि छाया र कुलाप एक भएका थिए । कुलापले कहिल्यै सोचेको थिएन । ऊ एक दिन नेपाली केटीसँग यति गहिरो मायामा पर्छ । उनीहरूको काम गर्ने ठाउँको दूरी करिब तीन किलोमिटर मात्र थियो । तर उनीहरू हप्तामा एक पटक मुस्किलले भेट्ने गर्थे । "छाया, तिमी मेरो जीवनमा नआएकी भए, प्रेमको यो मीठो अनुभवसँग मेरो कहिल्यै साक्षात्कार हुने थिएन । तिमीले मलाई प्रेम गर्न सिकायौ । जिन्दगी यति सुन्दर हुन्छ भन्ने अनुभूति दिलायौ ।"

"कुलाप, तिमी नै यति मायालु छौ । म तिमीलाई माया नगरी बाँच्नै सक्तिनँ । तिमीले पनि त मलाई एकोहोरो बनायौ । मोहनी लगायौ । हामी दुईको केही मिल्दैन तर पनि हामी एकअर्कालाई मरिहत्ते गर्छौं ।" च्याटमा अक्षरहरू दौडिरहेका थिए । "मलाई साहूले बोलायो म जान्छु" भनेर कुलापले लेख्यो । च्याटका निर्जीव अक्षरहरू उनीहरूका प्रेमिल शब्दमा सजीव हुन्थे र लाग्थ्यो च्याटको आविष्कार उनीहरूकै लागि भएको हो ।

हरेक दिनझैँ आज पनि छाया समाचारतिर आँखा दौडाउन पुगी । टिभी, रेडियो, पत्रपत्रिकामा युद्धका अपडेट भइरहेका थिए । आज युद्ध भएको सोह्रौँ दिन । 'आजको जस्तो बमको आवाज त जिन्दगीमा सुनिएको थिएन । एक मिनेट पनि सुत्न पाइएन ।' भनेर आस्दोत अस्कोलानमा काम गर्ने साथीहरू स्ट्याटस अपडेट गरिरहेका थिए । रातको १२ बजिसकेको थियो । "बमको वर्षा भइरहेछ । हेरौँ, मोचे सब्बात सकिएपछि के हुन्छ । वीरगति प्राप्त इजरायली सैनिकको

सङ्ख्या सैँतीस पुग्यो ।" समाचारसरह क्षणक्षणमा फेसबुकमा स्टाटस अपडेट हुँदै थिए ।

रेडियो र टेलिभिजनले पनि युद्धका समाचार दिइरहेका थिए । बम आक्रमणमा विशेष गरेर प्यालेस्टाइनीहरू हताहत भएका समाचार आउँथे । यस क्रममा एघार सयभन्दा बढी प्यालेस्टाइनीहरूको ज्यान गइसकेको खबर छ । हाम्रो नजरमा प्यालेस्टाइनी सर्वसाधारण जनता दोहोरो मारमा छन् । उनीहरूले एकातिर हमास नामको समूहको जबरजस्ती ढाल बन्नुपरेको छ भने अर्कातिर इजरायलका मिलिटरी फोर्सको कारबाहीले तिनै सर्वसाधारण जनता हताहत भइरहेका छन् ।

समाचारमा हमासले इजरायलमा रकेट, मोर्टाज हान्न सर्वसाधारणका घर, अस्पताल, एम्बुलेन्स अनि खतरनाक सुरुङहरू प्रयोग गरेको देखाइरहेको थियो । युद्धकै समाचारमा गत शनिबार बिहानबाट लागू हुने बाह्रघण्टे युद्धविरामको सहमति हुनुअघि इजरायली आक्रमणमा ज्यान गुमाएकी एक जना गर्भवती महिलाको शरीरबाट जीवितै बच्चा निकालिएको गाजाको समाचार हेर्दाहेर्दै छायाको मन भक्कानिएको थियो र मनमनै भनेकी थिई, 'हे भगवान् ! यो कस्तो निर्दयी युद्ध ? मान्छे मान्छेकै खूनको प्यासी हुने युद्ध ?'

युद्धको ताण्डवले महिला, बालबालिका र सर्वसाधारणमाथि गरेको अत्याचार देख्दा सबैको मन दुखेको थियो । आफू बाँचेर घर पुगिन्छ कि पुगिँदैन भन्ने त्रासले पनि प्रवासीहरूको मन बेचैन भएको थियो । समाचारका दृश्यले सबैको मन विह्वल थियो ।

"फूलहरू टिपेर फूलदानीमा सजाएझैँ इच्छाहरू बटुलेर इच्छादानीमा सजाएर हेरेँ । रङ्गीविरङ्गी इच्छाहरूका बीचमा आफूलाई हेर्दा इच्छाहरूले आफूलाई गिज्याएझैँ पो लाग्यो ।" कुलापको म्यासेज रहेछ । प्रतिउत्तरमा छायाका औँलाहरू मोबाइलको किप्याडमा स्वचालित यन्त्रजस्तै दौडियो, "तिम्रो त्यस्तो के इच्छा छ जसले तिमीलाई गिज्जाइरह्यो कुलाप ?"

"तिमीलाई मेरो जीवनसाथी बनाउने, तिम्रो र मेरो एउटा छुट्टै संसार बनाउने । हाम्रो आफ्नै संसारमा रमाउने । तिमी र म भिन्न देश, भिन्न परिवेशका हामी एक हुन सकौँला ?"

"छिः तिमी लोग्नेमान्छे भएर त्यस्तो कुरा गर्छौ ? कहीँ नभाको काँतर । म भने तिम्री अर्धाङ्गिनी भएर जीवनभर साथ दिने सङ्कल्प गर्दै छु । मेरा साथीभाइले कति गाली गरे, कति हकारे । 'त्यो चिन्नु न जान्नु, न भाषा मिल्छ न धर्म, न जात, न देश, त्यस्तोसँग कस्तो फसेकी' भनेर नानाभाँति भन्छन् । मैले कसैको कुरा सुनेकी छैन । तिमी भने अझै यस्तो कुरा गर्ने ?"

"अहिले हामी जति नै एकअर्कालाई माया गरे पनि भोलि के होला भन्ने चिन्ताले त सताउँछ नि छाया ।"

"तिमीले त्यसरी हिम्मत हारिदिँदा मेरो के हाल होला कुलाप ?"

"तिमीले के भन्छौ भनेर जिस्काएको हो लाटी । तिमीले सुर्ताउनु पर्दैन । साँचो प्रेमको जहिले पनि जित हुन्छ । हेर न युद्ध चर्किरहेको छ । हिजो त नजिकैको ग्रिन हाउसमा बम खसेर एक जना साथीको मृत्यु भएदेखि डर लागेको छ । तिम्रो माया अनि पुकारले केही हुन्न भनेर मन दह्रो बनाउँदै छु ।"

"पिर नगर कुलाप केही हुन्न । म पनि त नेपालमा द्वन्द्वको मारमा परेर बिदेसिएकी हुँ । 'घरै पिँडालु वनै पिँडालु ससुराली जाँदा बाह्र हातको पिँडालु' भनेझैँ भएको छ, यहाँ आउँदा पनि । सधैँ यस्तो नहोला, अब त अति भइसक्यो । अन्तर्राष्ट्रिय जगत्ले पनि त दबाब देला युद्ध रोक्न ।"

उनीहरूको च्याट मेसेजमा व्यक्तिगत, घरपरिवार, समाज हुँदै राष्ट्रको चिन्तासमेत अभिव्यक्त भइरहेको थियो ।

"छाया, आज यहाँ हिजो झरेको बमले केके क्षति भएको छ, भनेर हेर्न मेरो साहूको छोरा नोवाब गर्ल फ्रेन्ड सिरलाई लिएर

आएको छ । उनीहरूले बिहे गरेका छैनन् तर सँगसँगै बस्छन् । खबेर र खबेरा भएर । छाया, इजरायलभन्दा हामीहरूको देश नेपाल र भारतमा कति फरक संस्कृति अनि संस्कार छ हगि ?"

"इजरायलमा किशोरकिशोरीहरू १५, १६ वर्षदेखि नै चाहे जस्तोसुकै काम किन नहोस्, काम गर्दै पढ्दै गर्छन् । उनीहरूलाई काम गर्न लाज हैन गर्व लाग्छ । भनिन्छ, व्यक्ति बने घर बन्छ, घर बने परिवार, परिवार बने समाज अनि समाज बने देश । यसैको गतिलो उदाहरण हो यो सानो देश इजरायल ।"

"हो नि कुलाप, मलाई यो समाज देखेर कहिलेकाहीँ कताकता मुटु भक्कानिन्छ । छाती दुखेजस्तो अनुभव हुन्छ । १५, १६ वर्षकै कलिलो उमेरदेखि बाबाआमासँग टाढिएर आफ्नै कमाइमा डेरा भाडा लिएर जिउँछन् यहाँका किशोरकिशोरीहरू । म त २२ काटिसकेको छु । अनि यहाँ काम गर्न थालेको छु भन्ने सम्झेर मन बुझाउँछु । अझ तिम्रो मायाले यो प्रवासमा एक्लो हुनबाट जोगाएको छ । यहाँका बाबाआमाले आफ्ना छोराछोरीप्रति गर्व गरेझैँ मलाई पनि मेरो बाबाआमाले कमाउने छोरी भनेर माया गर्छन् । तर एउटा फरक छ । हामीले आफूले कमाएको पैसा आफैँ राख्न, आफ्नो मनखुसी गर्न सक्दैनौँ । हाम्रो देशमा संयुक्त परिवारको चलनले गर्दा सँगै बस्नुपर्छ । कमाइ बाँड्नुपर्छ अनि फुटेर हैन जुटेर संयुक्त परिवार जिउनुपर्छ भन्ने छ । यहाँ भने आफैँ कमाउने, आफू खुसी बाँच्ने, केही अपुगमा आमाबाबा वा बैङ्कले भरथेग गर्छन् । संयुक्त परिवारको स्वरूपमा बाहिर हेर्दा राम्रै देखिए पनि भित्रभित्रै दरार पैदा भइसकेको हुन्छ । छोराले बुहारी ल्याउँछ । सासू र बुहारीको उमेर र समयमा निकै फरक हुन्छ । यही कारणले रहनसहन मिल्दैन । त्यसपछि छोरा समुद्रबीचको डुङ्गामा अड्किएको यात्रुसरह हुन्छ । न उता आमाबाबाको कुरा सुन्नु न यता श्रीमतीको । अनि कलहले धुवाँएको घर सुखले हैन रापले जल्न थाल्छ । अर्को घरबाट आएकी छोरी न

सासूको पेलाइ र खटनमा बाँच्न मन पराउँछे न सासू बुहारीको वचन खप्न सक्छिन् । बिस्तारैबिस्तारै दुवैलाई हीनताबोधको पीडाले जलाउन थाल्छ ।" छाया नेपाली परिवार र समाजको इजरायलसँग तुलना गर्दै थिई ।

"छाया, तिमीले सुर्ता नगर । हामी पनि यहाँको जस्तै गरी हाम्रै खुसीले जिउने वातावरण बनाउँछौँ । म यसका लागि सक्दो प्रयास गर्छु । हामीले पनि आफ्नै खुट्टामा उभिएर आफ्नै जीवन जिउने सपना पूरा गर्नुपर्छ । हामीले आफ्नै कमाइले आफ्नो एउटा घर बनाउनुपर्छ । परै बसे पनि आफ्ना बाबुआमाप्रति गर्नुपर्ने कर्तव्य पूरा गर्नुपर्छ ।" कुलापले परिवारप्रतिको कर्तव्य र दायित्वबोधसँगै प्रेमलाई गाँस्यो ।

"म पनि यहाँको जस्तै स्वावलम्बी र स्वाभिमानी जिन्दगीको परिकल्पनामा निकै रमाउँछु ।" छाया अगाडि भन्छे, "कुनै पनि कुराको सुरुवात आफैँबाट गर्नुपर्छ । तिमी र मैले यो कुराको सुरुवात गर्नुपर्छ । हाम्रो देश र यहाँ धेरै फरक छ । यहाँको सरकारले वृद्ध अवस्थाका लागि व्यवस्था गरेको हुन्छ । तर हाम्रोमा यहाँको जस्तो व्यवस्था छैन । त्यो भएर पनि हामीले देखेका सपना पूरा हुन कहाँ सजिलो छ र ?"

"ल छोड, भोलिको कुरा, यहाँ अहिले बाँचेर घर फर्किन पाइने हो कि होइन ? अहिले त्यसको चाहिँ चिन्ता गर ।" मात्र भनेको थियो कुउहुँहुहुँहुँऽऽऽ गरेर आएको साइरनको आवाजले उसका कान फुट्लान् जस्ता भए । मोरलाई ह्विल चियरमा हालेर लिफटबाट तल झर्दै बङ्करमा पसिन् छाया । उसको मनमा अनेक डरत्रासले डेरा जमायो । उसको काम गर्ने ठाउँमा त बम खस्दा लुक्ने ठाउँ थियो । तर कुलापलाई त्यो सुविधा पनि थिएन । उसले बङ्करमा बसेर 'हे भगवान्, मेरो कुलाप भएको ठाउँमा केही नहोस्' भनेर पुकार गरिरही । गाजा क्षेत्रबाट आउने लन्चर बमहरू, रकेटहरू एकनास झरिरहेका

थिए । साइरन बजिरहेको थियो । साइरन बजेको ४० सेकेन्डमा बम खस्छ । त्यतिन्जेलमा सुरक्षित स्थानमा गइसक्नुपर्छ । छायाको सोह्र तलामाथिको बसाइ छ, भुइँ तलामा जान भ्याइँदैन । त्यसैले आजको रात बङ्करमा नै बिताउनुपर्ने भयो । बम र साइरनले गर्दा निकै तनाव भयो, उसको जीउ कामिरहेको थियो । याफालाई फोल्डिङ बेडमा राखेकी थिई । ऊ एक डल्लो परेर बसेकी थिई । कहिले कुलापले कहिले साथीहरूले आत्तिएर फोन गर्दै हालखबर सोधिरहेका थिए । बोल्न गाह्रो भइरहेको थियो । बमहरू लगातार खस्न थालेपछि कोलाहल मच्चिएको थियो । मुटुकी रोगी छाया डरले थर्थरी काम्दै थिई ।

"नआत्तिईकन बस है, छाया । म पनि रकेट बम र साइरनको आवाजले त्रसित छु । भोलि कल गर्छु ।"

"ल तिमी पनि आफ्नो ख्याल गर्नू है ।" छायाले उसको म्यासेज हेरेर रिप्लाई गरी । आँखा एक पटक पनि झिमिक्क नगरी रात बित्यो । बिहानपख यसो झकाएकी मात्र के थिई । याफाले रेडियो खोलेकी रहिछ । 'गाजा बोर्डर आस्कोलनमा बम खसेको, खासै क्षति नभएको, धेरैजसो बमहरू आइरन डमले आकाशमा नै ध्वस्त पारेको तर इजरायलको नितिभ असरा भन्ने गाउँमा रकेट बमको विस्फोटबाट ओभदिमजरिमको मृत्यु भयो' रेडियोले समाचार भन्यो ।

'ओइ, छाया नितिभ असरामा बम खसेर विदेशी कामदारको मृत्यु भनेको छ' भनेर कुसुमले म्यासेज गरेकी रहिछ । छायाको हंसले ठाउँ छोड्यो, 'कतै कुलाप त होइन ?' मनमा अनेक तर्कना आउन थाले । हत्तपत्त मोबाइल कल गरी, मरे कल उठेन । म्यासेज पठाई, उत्तर आएन । ऊ आलसतालस भई । उसको साथी पनीलाई फोन गरी, उसले पनि फोन उठाएन । फेसबुक खोलेर हेरी, रकेट बमले क्षतविक्षत बनाएको ग्रिन हाउस, खेतको बीचमा घोप्टिरहेको रगताम्मे लास देखी । रकेट बमको छर्राले उछिट्टिएर पल्टिरहेको केटा मान्छेको

लास फेसबुकभरि फैलिएको थियो । उसले निकै नियालेर हेरी । कुलापले हिजो उसलाई भेट्न आउँदा लाएको सर्टपाइन्ट थियो । हेर्दाहेर्दै उसको शरीर पसिनैपसिना भयो । हातखुट्टा लगलग काम्न थाल्यो । 'मेरो कुलापऽऽ' भन्दै ऊ भक्कानिई । कुलाप नै हो भन्ने थाहा पाएर कुसुम पनि आइपुगी । छाया कुसुमको काँधमा शिर राखेर बेसरी रोई । छायालाई कुसुमले बेहोस हुनबाट जोगाई अनेक कुरा सम्झाएर ।

"मेरो संसार उजाडियो । मेरो धड्कनले मलाई छोडेर गयो । ममाथि पनि बर्सिदिए हुन्थ्यो नि हमासको रकेट ।" बर्बराउन थाली । कुसुमले सम्झाई । एकअर्कालाई अँगालेर दुवै जना निकैबेर रोए । कुलापलाई अस्सफ हारोफेह हस्पिटलमा राखिएको रहेछ । अन्तिम चोटि उसलाई हेर्ने छायाको इच्छा पूरा गर्न कुसुमले हस्पिटल लिएर गई । हस्पिटलले परिवारको सदस्यबाहेक अरू कसैलाई हेर्न भेट्न नदिने रहेछ । छायालाई कुलापको शरीर हेर्न छुन दिएनन् । सिसाबाट सेतो कपडा ओढाएको लासलाई हेर्दै भक्कानिई छाया ।

"अब म यो धर्तीमा बाँच्दिनँ । हे भगवान्, तैँले मेरो सबैभन्दा माया गर्ने मान्छेलाई त चुँडेर लगिस्, यदि ममाथि दया छ भने यहीँ बम खसाएर मलाई पनि मारिदे ।" छायाले रुँदै भगवान् पुकारी । छायालाई जीवनभर सँगै राख्छु भनेर बाचा गर्ने कुलापको शरीर लमतन्न तेर्सिएको थियो । हातमा हात काँधमा काँध मिलाएर सँगै लम्किन्छु भन्ने पाइलाहरू, अब नचल्ने भएका थिए । एकछिनको वियोगमा त आतेस लाग्ने छायालाई अब कहिले नआउने गरेर कुलापले छोडेर यो संसारबाट नै बिदा भएको थियो । विवश र लाचार छायाले आँखाबाट बलिन्द्र धारा आँसु झारिरही । नियतिले यसरी यो हालतमा एकअर्काबाट अलग्याउँछ भन्ने सपनामा पनि सोचेकी थिइन छायाले । एकअर्काबाट यसरी अलग्गिँदै आफ्नै प्रेमीको मृत्यु हेरेर म फर्किनेछु भन्ने सम्झँदा छाया बहुलाहीझैँ भएकी थिई ।

यो समयले या नियतिले जोडिदिएको आत्मीयताको अमूल्य सम्बन्ध कुनै कुरासँग तौलिन नसकिने रहेछ । छायाले हठात् कुसुमलाई गम्लङ्ग अँगालो हाल्दै बेसरी रोई, “आज मेरो र कुलापको सम्बन्धको अवसान भयो । पात चुँडेको आवाज रूखले कहिल्यै सुन्दैन । अब मेरो कुलापले मेरो आवाज सुन्दैन ।” तुरुन्तै आँसु पुछ्दै उसले भनी, “उसको भौतिक देहले नसुने पनि उसको आत्माले सुन्छ । जुन यही संसारमा घुमिरहेछ । मेरो रूख कुलाप थियो । ऊ मेरो धड्कन, मेरो जिन्दगी थियो । उसैको हाँगाहाँगामा पातपातमा फुलूँला फलूँला भन्थेँ । आज रूखमा अडेस लगाउन नपाई चुडिएर झरेँ ।”

कुलापको मृत्यु भएको आज पाँचौँ वर्ष भएछ, छाया अझै पनि झुप्पाझुप्पा जैतुनका फूलहरू अपलक हेर्दै कुलापको बाटो कुरिरहन्छे । कुलाप हिँडेका पाइलाहरूका डोब हेरिरहन्छे । तर, कुलापको पदचापहरू अब कहिले सुनिने छैन । आज पनि रकेट, बम र गोलीहरूको आवाजले आकाश धर्ती थर्कमान भएको छ । फेरि पनि कुलापको मृत्युको समाचार आउला कि भनेर छाया कान थुन्छे । टिभीका समाचार बन्द गर्छे । इजरायल र गाजाको आकाशबाट बम वर्षा हुन भने अझै रोकिएको छैन ।

# सबल निर्णय

निस्पट्ट अँध्यारोले हावासँग साउती मारिरहेको थियो । नारायणी नदीको चिसो पानी आफ्नै आवाजसँग सम्झौता गरेर बग्दै थियो कलकल, बगरलाई चुनौती दिएर मन्दमन्द गतिमा । आकाशमा ताराहरू चम्किरहेका थिए तर प्रकाशले धर्ती अँगाल्न सकेको थिएन । त्यसैले होला रात निस्पट्ट थियो । जुनकिरीको मिलिकमिलिक र धिपधिपसँग अँध्यारो पौँठेजोरी खेल्दै रमाएको थियो । मेरो गाउँ जहाँ मैले अठारौँ वसन्त पार गरेकी थिएँ । यहाँका ढुङ्गामाटो, वनबुटो, खोलानालासँग मैले सम्झौता गरेकी थिएँ, रमाएकी थिएँ, झुमेकी थिएँ । जीवनका उकालीहरू भर्खर मात्र चढ्दै थिएँ । फेरि यो रमणीय बस्तीलाई गाउँघर, साथीसँगीसँगको मोजमस्तीलाई छोडेर जानुपर्ने विवशतामा मन एक तमासले अमिलो बन्दै थियो । आफ्नो गाउँबस्ती छोड्नुपर्ने विवशताले मनमस्तिष्क विचलित भइरहन्छ धेरैबेरसम्म ।

एकातिर गाउँघरको माया अर्कोतिर आकाशसँग भेट हुने खुसी । कतै सुख, कतै दुःख, अनेकौँ तर्कना आउँदै थिए किनभने निकै समयदेखि आकाश 'व्यस्त छु' भन्दै आएको थियो । पहिलेपहिले दिनमा कम्तीमा दुई चोटि फोन गर्थ्यो । तीन-चार पटक म्यासेज गर्थ्यो । टाढा भए पनि उसका मायालु शब्दहरूले हाम्रा मायाका टुसाहरू अझ बलियो हुँदै गएका थिए । मेरा लागि उसको मायालु स्वर अनि शब्दहरू प्रेमिल कोसेली बनेका थिए । त्यसै कारण म आफ्नो जन्मथलो, कामकाज सबै छोडेर आफूलाई उसैप्रति समर्पित

गर्न आतुर थिएँ । आकाश मेरो बाल्यकालको साथी हो । उसले मलाई बुझ्ने र मेरो भावनाको कदर गर्थ्यो । हामीले सँगै स्कुल पढ्यौँ, कलेज पनि सँगै पढ्यौँ । अहिले पढाइकै सिलसिलामा ऊ अमेरिका गएको छ । 'बाल्यकालदेखिको हाम्रो प्रेमलाई सार्थक बनाउनेछौँ, विवाहबन्धनमा बाँधिनेछौँ । तिमी छिट्टै आऊ ।' यी उसले नै भनेका वाक्य थिए । यी कुराहरू सम्झँदै मन फुरुङ्ग भएर आउँथ्यो । म उसकै यादको सहारामा, मायाको विश्वासमा उसलाई भेट्न उत्कट अभिलाषा बोकेर ऊ भएकै देशतिर जाँदै थिएँ । कलेजका दिनमा रानीपोखरीको डिलमा सँगै बसेर बदाम खाँदै गर्दा मेरो प्रशंसा गर्दै उसले भनेका कुराहरू सम्झन्छु, 'तिम्रा यी सलक्क परेका सुडौल हातगोडा, ठूलाठूला गाजलु आँखा, मोतीका दानाजस्ता मिलेका दन्तलहर, सिमलको भुवाजस्तो कोमल अनि लामो केश आदिले तिमी निकै राम्री देखिन्छ्यौ । तिम्रा यिनै चञ्चलता अनि सुन्दरताले मलाई लोभ्याउँछ ।'

अनि फेरि मेरी साथी सपना थप्थी, "तिमीहरू सँगै बस्दा तिमीहरूको जोडी एक मूर्तिकारले आफ्नै आकारमा ढालेर बनाएको सुन्दर मूर्तिझैँ देखिन्छ ।" म सोच्छु, 'हामी दुईबीच प्रेमको एउटा सुन्दर फूल फुलेर सुवास छरिरहेको छ ।' यसरी नै हाम्रो माया टाढाटाढासम्म फैलिरहेको अनुभव गर्दै मायाको महासागरभित्र पौडिँदै, मेरो पवित्र आत्मालाई हिमनदीझैँ बगाउँदै, बग्दै आकाशको परिधिझैँ फराकिलो मायाको महासागरमा डुबुल्की मारेर उसैमा आफूलाई हराउन म आतुर थिएँ ।

घरको आर्थिक अवस्थाका कारण बाबाले अलि पछि जाऊ भन्दा पनि मैले जिद्दी गरेँ, रोएँ, कराएँ । मेरो अनुरोधलाई बाबाले नकार्नुभएन । छोरीको खुसी नै आफ्नो खुसी ठान्ने मेरा बाबाले आफू हजार दु:ख सहेर पनि मेरो ओठमा मुस्कान छर्ने चाहना राख्नुहुन्थ्यो । मेरो मलिनो अनुहार देखेर बाबाले ऋण खोजेर पनि मेरा लागि

अमेरिका जाने रकम जुटाइदिनुभएको थियो । अमेरिका जानका लागि आर्थिक रूपले सम्पूर्ण तयारी पूरा भयो । म जागिरको तथा बैङ्कको काममा अलि दिन व्यस्त भएँ । अमेरिका जानका लागि धेरै प्रक्रिया पूरा गर्नुपर्थ्यो । यसले गर्दा अत्यन्तै व्यस्त भएर आकाशसँग अलि दूरी बढे पनि उसको माया र सामीप्यको प्यासी बनिरहें । अनेकौँ विवशताको कठघरामा उभिएर निथ्रुक्क भिजेका चाहनाहरूले उसकै साथसम्म पुऱ्याउन धेरै कोसिस गर्दै थिए ।

धेरै समयको अन्तरालपछि मात्र अमेरिकाको भिसा लागेको थियो । खुसी हुँदै आकाशलाई सन्देश पठाएँ । उसले जबाफ नै दिएन । अचम्म लाग्यो, आजसम्म जुन दिनको पर्खाइमा यतिका दुःख गरेकी थिएँ, आज त्यही कुरामा सफल हुँदा अनि खुसीले पुलकित हुँदा पनि आफ्नो मनको राजालाई खुसी व्यक्त गर्न नपाउनु कस्तो विडम्बना ! फोन गर्छु– मोबाइल बन्द छ । म्यासेज गर्छु जबाफ आउँदैन । फेरि अर्को इमेल लेख्छु; जबाफ आउँदैन । अब जे भए पनि अमेरिका त जानु नै छ । भिसा लागेको छ, कतै काममा व्यस्त भयो होला । उसले भनेको पनि थियो, 'अमेरिकामा साह्रै व्यस्त जीवन हुन्छ । मैले अफिसमा फोन उठाउन मिल्दैन, मेसिनसरिको जीवन छ ।' उसका यी कुराहरू सम्झिएँ । सोचेँ, काममा व्यस्त होला ।

भिसा लागेकाले सामानहरू किनमेल, साथीभाइ र आफन्तसँगको भेटघाटमा व्यस्त भएँ । मनमा एक प्रकारको खुसी, एक प्रकारको शङ्का-उपशङ्का र विभिन्न सोचाइले डेरा जमाउन थाल्यो । सुत्न खोज्छु, मनमा अनेकौँ तर्कना आइरहे । मनमा अनेक डर-त्रास र कौतूहल लडीबुडी खेलिरहेको छ । सोच्दासोच्दै कति बेला आँखा लागेछ, पत्तै भएन ।

बिहानी घामको किरणले झ्यालबाट चियाउँदै रहेछ । जाने समय धेरै बाँकी भएको हुँदा छोरीले आराम गरोस् भनेर आमाले नबोलाउनुभएको रहेछ । घरभरि सबै साथीभाइ आफन्तहरू जम्मा

हुँदै थिए । हतारहतार उठेँ । १ बजेको उडान थियो । आमा र बहिनीले सबै सामान सुटकेसमा मिलाइदिएछन् । सबै कुरा तयारी छ । हिँड्ने बेला भइसक्यो तर एअरपोर्टमा लिन को आउँछ ? कहाँ गएर बस्ने ? केही थाहा छैन । घरमा भनौँ भने चिन्ता बढ्छ । धेरैबेर सोचेर निर्णय गरेँ । सँगै पढ्ने साथी विनोद पनि अमेरिकामा नै थियो । उसलाई फोन गरेर म आउने जानकारी दिएँ । उसले पनि आफू आउन नसक्ने तर उसको साथीलाई लिन पठाउने आश्वासन दियो । मनमा केही राहत भयो । अब त्यहाँ पुगेपछि त जसरी पनि आकाशलाई भेटेर आफ्ना भावना, गुनासा अनि माया सबै पोख्छु भनेर ढुक्क थिएँ ।

म अमेरिका पुगेँ । बस्ने ठाउँ पनि विनोदले नै मिलाइदियो । विनोदसँग आकाशका बारेमा सोधपुछ गरेँ । उसले यो ठाउँ छाडेको एक महिना भइसकेकाले केही थाहा नभएको बतायो । मन अमिलो भयो । अमेरिका आइपुगेँ भनेर म्यासेज पठाएँ, इमेल गरेँ । एक महिना बितिसक्दा पनि आकाशको केही अत्तोपत्तो भएन । विनोदको सल्लाहअनुसार मैले पनि विनोद पढ्ने कलेजमा नै आफूलाई भर्ना गरेँ । उसले आकाशलाई खोज्न मलाई धेरै मद्दत गऱ्यो । आकाशले कलेज पनि छोडेको रहेछ । कतै केही पत्ता लागेन ।

दिन बित्यो, हप्ता बित्यो, महिना बित्यो, वर्ष नै बित्यो तर उसको केही खबर पाइएन । ऊ कतै पनि सम्पर्कमा आएन । दिन बित्दै गयो, मौसम बदलिँदै गयो । मैले पनि उसको मायालाई मुटुभित्रै दबाएर जिन्दगी अगाडि बढाउन थालेँ । एक्लो जिन्दगी, परदेशी जीवन, विनोदको सामीप्य बढ्दै गयो । परदेशमा आफ्नो भन्नु ऊ मात्र थियो । मेरो हर सुखदु:ख, अप्ठ्याराहरूमा उसैको सहारा थियो । मैले उसलाई नचाहेर पनि नजिक हुन दिनुपर्ने अवस्था सिर्जना भयो । मैले तनमनबाट आकाशलाई मात्र मेरो जीवनसाथी सम्झिएकी थिएँ । उसलाई आफ्नो जिन्दगी सुम्पने अठोट गरेकी थिएँ तर परिस्थिति

आज अर्कै भइदियो । मैले चोखो अनि पवित्र माया पाउन सकिनँ । निराश भए पनि मनभरिका वेदना र आखाँभरि आँसु लुकाएर विनोदसामु हाँसिरहेँ ।

मैले मेरो आकाशलाई नजिकबाट चिनेकी छु, ऊ त्यस्तो मान्छे हुँदै होइन । कुनै परिस्थितिमा ऊ फसेको होला भन्ने लाग्यो । मनले उसलाई जति माया गरे पनि जीवन आदर्शमा बाँच्न कहाँ सजिलो रहेछ र ? बिस्तारै विनोदसँगको सामीप्य बढ्यो । जवान आइमाई एक्लै, बिरानो ठाउँ, अमेरिकी जीवन अनि परिवेशमा बाँच्नका लागि अन्तमा मैले विनोदसँग बिहे गरेँ । मनभरि आकाशको माया समालेर पनि विनोदसँग दाम्पत्य जीवन बिताउन लागेँ । हाँसीखुसी नै हामीले जीवन अगाडि बढायौँ कतै बाध्यताले, कतै विवशताले, कतै परिस्थितिले । जे भए पनि अतीतलाई भुलेर विनोदकै अर्धाङ्गिनी भएर जिन्दगी बिताउने अठोट गरेँ ।

अमेरिकाको बसाइ काम नगरी टिक्न सकिँदैन । दिनभरि काममा, घर फर्केपछि विनोद र म सँगै खाना खाने, फुर्सदमा सँगै घुम्न जाने दिनचर्या थियो । बिहेको एक वर्ष नहुँदै परी जन्मिइन् । अब हामीमा अझ अभिभारा थपियो । दुवै जना काममा जानुपर्थ्यो । म सुत्केरी भएको तीन महिनासम्म त राम्ररी घर, छोरी अनि आफूलाई समालेँ । छोरी जन्मिएपछि मेरो धेरै समय छोरीसँगै बित्न लाग्यो । विनोदलाई मैले उसले चाहेजति समय, माया दिन सकिनँ । सायद ऊ यस्तै भन्थ्यो, "तिमीले मलाई वास्ता गर्दिनौ ।" अनि ऊ दिनदिनै मदेखि टाढाटाढा हुँदै थियो ।

विनोद अफिसबाट फर्केपछि कम्प्युटरमा साथीहरूसँग कुरा गर्थ्यो भने कहिले आउनासाथ साथीहरूसँगै कहिले पार्टी, कहिले डिस्को जाने गर्थ्यो । उसलाई बच्चा मन पर्दैनथ्यो । सधैँ उसको साथमा डुल्न, घुम्न र रमाइलो गरिनँ भनेर गनगन गरिरहन्थ्यो । हुँदाहुँदै विनोद घर आउनै छोड्यो । कहिले त एक हप्तामा एकपल्ट

आउँथ्यो अनि हतार छ भनेर हिँडिहाल्थ्यो । कहाँ जाँदो रहेछ भनेर खोजीनिन्दा गर्दा विनोद अर्केको बाहुपाशमा बाँधिएको पाएँ । म केही बोलिनँ, रुँदै घर फर्किएँ । घर फर्कंदा छोरी परी रुँदै थिइन् । उनको माया लागेर आयो । धेरैबेर छातीमा टाँसेर उनीसँगै रोइरहेँ । फेरि मन मान्दैन, आफ्ना श्रीमान् अर्काको बाहुपाशमा देखेर कुनचाहिँ आइमाई चुपचाप बस्छे र ? रुँदै फोन गरेँ । उसले रूखो अनि कर्कश आवाजमा 'तँ आजबाट फोन नगर् मलाई । तँलाई अमेरिकामा आउँदा दुःख परेको बेला मैले सहयोग गरेँ । अब तँ आफ्नो सुर गर् । मेरो पछाडि लाग्ने होइन ।' सम्झेँ, ठाउँ-परिवेशले पनि मान्छे बिग्रँदो रहेछ सायद । यदि नेपालमा भइदिएको भए आफन्तले सम्झाउँथे होला । मेरी सानी छोरीले बाबाको माया पाउँथिन् होला । हाम्रो सम्बन्ध सुध्रिएर फेरि राम्रो बन्थ्यो होला । हजारौँ कोसिस गरेँ तर केही लागेन । निकै अनुनयविनय गर्दै छोरीका लागि ऊसँग मायाको भिख मागेँ । मेरो सबै कोसिस नकाम भए । सोचेँ, जीवन सबैको स्वतन्त्र हुनुपर्छ । मसँग ऊ खुसी हुन सकेन, ऊ आफ्नो इच्छामा बाँचोस्, उसको स्वेच्छाले फैसला गऱ्यो । मलाई र मेरी छोरीलाई रुवाएर गयो । मैले उसको मर्जीविरुद्धमा केही गर्न सकिनँ । विवश भई हामी आफ्नो-आफ्नो बाटो मोडिन बाध्य भयौँ ।

यति बेला मैले आकाशलाई झलझली सम्झेकी थिएँ । सोचाइको हिमशृङ्खलामा पालैपालो हिउँ बर्सिएझैँ थप्पथप्प खस्दै थिए । एकपछि अर्को गर्दै मानसपटलभरिका उकुसमुकुस वेदना कसलाई सुनाऊँझैँ भएको थियो । धुजाधुजा फाटेको मन लिएर धेरैबेर रोइरहेँ । कहाली लाग्दो गगनचुम्बी महलहरूले घेरिएको यो कोलाहलपूर्ण सहर छ । जता हेऱ्यो घरैघर मात्र छ आफैँलाई थिच्ला कि जस्तो । हेर्दाहेर्दै सास नै निसासिन खोज्छ । मन बुझाउँछु– उही प्यारी छोरी परीलाई अँगालोमा बेरेर । आफैँ सक्षम हुनाले मनमा डरत्रास, चिन्ता र आत्महीनता आफूभित्र थिएन । थियो त केवल छोरीको भविष्यको

चिन्ता । फेरि पनि आँट र साहस बटुलेर दुनियाँमा आफूभन्दा कमजोर महिलाहरूलाई चियाउँथेँ अनि आफैँमा साहसले मन गमक्क फुल्थ्यो । आफूभन्दा दु:खी यस्ता हजार महिला पनि मैले देखेकी थिएँ । तिनीहरूलाई हेर्दै म छोरीलाई बाबाआमा दुवैको माया दिएर हुर्काउने बाचाका साथ आफूले आफैँलाई सान्त्वना दिइरहन्थेँ । जीवनका अप्ठ्याराहरूमा सबैभन्दा नजिक केवल आफ्नो लागि आफैँ नै हुनुपर्दो रहेछ । यही सोचाइमा रुमलिँदै कम्प्युटर खोल्दा आकाशको म्यासेज पाएँ । अचम्म मानेर पढ्न थालेँ ।

'प्यारी अञ्जली !

प्यारी भन्ने अधिकार त मैले गुमाएँ होला तर पनि तिमी मेरो प्यारी थियौ, छौ र हुनेछौ । हाम्रो पवित्र प्रेमलाई मेरै अबुऊ मनस्थितिले भताभुङ्ग पारेको थिएँ । आज त्यसको सजाय भोग्दै छु । जिउने क्रममा दौडँदादौडँदै यस्तो घटना घट्यो । म यो तिमीलाई बताउन सक्दिनँ । बाचा त हामीले जोडी ढुकुर भएर जन्मजन्म सँगै जिउने खाएका थियौँ तर के भनौँ ? जिन्दगी जिउने क्रममा जिन्दगीका हरेक पल बाँच्न खोजेँ, ऊन्ऊन् दलदलमा फस्दै गएँ । आज जिन्दगीबाट हारेर दु:खित भएको छु । आँसु नै जीवनको साथी बनाई बाँच्न विवश भएको छु । दैवको लीला भनूँ या त समयको खेल; विधिको विडम्बना भनूँ वा अमेरिकाली बन्ने मेरो चाहनाले यस्तो हुन गयो । आज विगतमा तिमीसँग गरेको प्रेमले मनमस्तिष्कमा घचघच्याउँदा दु:खित हृदयलाई सान्त्वना दिने उद्देश्यले यी शब्दहरूको सहायताले तिमीसम्म मेरो भावना पोख्न विवश र बाध्य छु । जीवनमा केही पलहरू यस्ता आउँछन् जसले आफूलाई सधैँ रहस्यमा राख्छन्, थुप्रै प्रश्नहरू अनुत्तरित रहन्छन् । तिनीहरू न सत्यको नजिक पुग्छन्, न मनबाट हटेर जान्छन् । यस्तो परिस्थितिमा मैले जब मेरा लागि सबै बाँच्ने आधारहरू बन्द भएर बिचल्लीमा परेँ, जब म एक्लो भएँ तब आँखा बन्द गरेर हृदयमा चियाउँदा त्यहाँ तिम्रै माया र तिम्रै अपेक्षामा आफू अडिएको

पाएँ अनि तिमीलाई सम्झिएँ । मेरो सबै कुरा शब्दमा व्यक्त गर्न सक्दिनँ । केही कुराहरू मौनमै बुझ न ल, तिमी महान् छ्यौ, तिम्रो विशाल हृदय मैले बुझेको छु । तिमीले सच्चा प्रेमको परिभाषा पनि बुझेकी छ्यौ । किनभने मानव हृदयमा आगो सल्काउने यो समयले दिएको घाउ समयले नै पुर्छ भन्दै तिमीले नै मलाई सम्झाएकी थियौ कुनै दिन । मैले जे गरेँ त्यो नचाहँदानचाहँदै गरेँ । तिमी जहाँ, जुन अवस्थामा भए पनि मेरो माया, सद्भाव अनि सम्मान तिमीलाई । सक्छौ भने माफ गर ल । तिमी जे रोज्छौ, त्यो मलाई स्वीकार्य छ । रोजाइ तिम्रो, भोगाइ मेरो ।'

यति पढिसकेर म नि:शब्द भएँ । नजिकै भए अँगालेर रुन्थेँ जस्तै लाग्यो । आँसु नै सकिएजस्तो लाग्यो, भक्कानो फुट्यो, मन निसासियो तर आँसु झरेन । मेरो साँचो प्रेमलाई भेटाइदियौ भगवान् भनेर भगवान्लाई धन्यवाद दिएँ । एउटा मन अत्यन्तै खुसी भए पनि अर्को मन खुसी भएन । निकैबेर सोचविचार गरेँ । पहिले उसले मेरो लागि सोचेन । जब दु:ख पायो अनि मात्र सम्झियो । यो उसको मप्रतिको माया अवश्य होइन । उसको आवश्यकता मात्र हो भन्ने लाग्यो । यसपछि आफूले आफैँलाई सम्झाउँदै मन परिवर्तन गरेँ । दृढ अठोटका साथ हिम्मत गरेँ । अनि आकाशलाई म्यासेजको प्रत्तिउत्तर लेखेँ ।

'प्रिय आकाश !

यतिका समय बितिसक्दा पनि म अझै तिम्रो स्मृतिमा रहेछु । खुसी नै लाग्यो । मैले तिम्रो मायालाई मनभरि सँगालेकी थिएँ । अनेकौँ बाध्यता र विवशतालाई पन्छाएर, घरपरिवारको मायालाई लत्त्याएर तिम्रो विश्वासमा परेकी थिएँ । तिम्रै मायाको आधारले यो परदेशी भूमिमा पाइला टेकेकी थिएँ । दिनरात तिम्रै आगमनलाई आँखाभरि सजाएर वर्षौं बिताएकी थिएँ । नयाँ ठाउँ, नयाँ मान्छे र नयाँ परिवेशमा कति तड्पिएँ, कैयौँ घटना घटे । मेरो जीवनका

अनेक मोड र गल्छेडाहरूमा निकै समस्याहरूसँग रुझैं-भिजें । कति विषम परिस्थितिमा लाचार बन्दै तिम्रो अनुपस्थितिमा जीवनका अनेक चोटहरूले चिमोटेर अर्धचेत अवस्थामा विनोदलाई स्वीकार गर्न बाध्य बनेर विवाह पनि गरेँ तर उसले बीचैमा छोड्यो । कति हन्डर-ठक्कर खाएर बाँचिरहेँ । नचाहेर पनि समयको कठोरतासँग जबरजस्ती लतारिइरहेँ । समयले आफूलाई पनि चोट दिन सक्छ भनेर तिमीले मलाई चोट दिने बेला कहिल्यै सम्झियौ ? मानिसको मन जति कठोर हुन्छ त्योभन्दा कठोर त समय र नियतिको खेल हुने रहेछ आकाश ! विगतमा आफूबाट के भएको थियो त्यति बेला मात्र थाहा हुन्छ । हो, त्यस्तै आज तिमीलाई भयो तर साह्रै ढिला भयो ।

हेर ! अन्जानमा भएका गल्तीहरूलाई माफी दिनुपर्छ, तर जानीजानी गरिएका गल्तीहरू अक्षम्य हुन्छन् । कहिले माफी लायक हुँदैन, तिमीले मबाट माफी पाउने आशा नगर । यदि मलाई माया गर्छौ भने मलाई अब भुलेर पनि नसम्झनू ल । मेरो बाँच्ने आधार मेरी छोरी परी छिन् । यिनलाई पढाई, लेखाई एक सक्षम नागरिक बनाउनेछु । अब म कसैको सहाराबिना पनि जीवनयापन गर्न सक्ने भएकी छु । मैले जिन्दगीमा बाँच्न सिकेकी छु । तिम्रो सहानुभूतिस्वरूप दुई-चार शब्दमा बहकिएँ भने म फेरि कमजोर हुनेछु । मेरा सपना र खुसीहरू आफैँ पूरा गर्न चाहन्छु । 'जे गर ज्ञान वा ढङ्गपूर्ण गर' यही भनाइअनुरूप म मेरो ज्ञान, ढङ्गअनुरूप महिलाहरू एक्लै पनि बाँच्न सक्छन् भन्ने उदाहरण बनेर देखाउने अठोट गरेकी छु । आशा छ तिमीले मलाई बुझ्नेछौ । अब फेरि तिम्रो मायामा फसेर आफूलाई कमजोर बनाउन चाहन्नँ । फेरि म दुख्न चाहन्नँ । मजस्तै दुःखी र बेसहारा नारीहरूको हिम्मत र तागत बनेर बाँकी जिन्दगी गुजार्न चाहन्छु । आफ्नो स्वतन्त्रता कुठाराघात गर्न चाहन्नँ । तिम्रै शब्दहरू दोहोऱ्याउँछु, तिमी जहाँ जुन अवस्थामा भए नि मेरो माया, सद्भाव अनि सम्मान तिमीलाई । मलाई माफ गर ल ।'

इ-मेल लेखिसकेर एक पटक पढेँ, मनभित्र प्रेम र घृणाको भयङ्कर सुनामी चल्यो । केहीबेर रोकिएँ । जब सुनामीका लहरहरू केही मत्थर भए, तब यसलाई पठाउन कम्प्युटर माउसलाई 'सेन्ड'मा पुऱ्याएँ । त्यति नै बेला उता सुतिरहेकी परी च्याँ गरेर रुन थालिन् । म माउस छोडेर परीतिर गएँ, उनलाई उठाएँ र छातीमा टाँसे ।

मेरो प्रेमको स्पर्शले उनी फेरि निदाइन् । यता माउस-कर्सर 'सेन्ड-बटम' मा क्लिक हुने प्रतीक्षामा थियो ।

# मर्गलित

आफ्नै घर, आफ्नै मातृभूमि जान पाउँदा पनि मनमा कुनै खुसी, हर्षोल्लासको आभा फैलिएको छैन । झलझली मर्गलितको जीवनको अन्तिम अवस्थाको धूमिल दृश्यहरू आँखामा आइरहेका छन् । उसको निर्निमेष हेराइले मन कटक्क भएको थियो । लाग्यो, ऊ जीवनको अन्तिम घडीमा आफन्तलाई खोजिरहेकी छे । आफ्नो सान्निध्यमा आफ्ना मुटुका टुक्राहरूलाई टाँस्न चाहन्छे । उसको एक जोर धमिला आँखाहरूको हाउभाउले यस्तै प्रतीत हुन्थ्यो । लाग्थ्यो, ऊ सांसारिक राग-विरागबाट मुक्त भएर जीवनलाई बिसाउन चाहन्छे । उसभित्र वैराग्यबोधको धुन गुन्जिएको महसुस त मैले निकै अघिदेखि गरेकी थिएँ, तर यति चाँडै यसरी उसले जीवनदेखि हार खाली भनेर सोचेकी थिइनँ ।

पटकपटक मर्गलित भन्ने गर्थी, “जब हाम्रा इन्द्रियहरूले काम गर्न छोड्छन्, अरूको सहारामा जीवन चलाउनुपर्छ भने त्यो जिन्दगी बाँचेर के सार ?” उसलाई सम्झाउँदै म भन्थेँ, “तिमीले आफ्ना सन्तानको लागि बाँच्नुपर्छ । आमा भनेर छोराछोरीले भन्न पाउनु पनि त ठूलो सौभाग्य हो ।”

ऊ भन्थी, “छोराछोरीलाई मेरो के महत्त्व छ र ? उनीहरूको आफ्नै संसार छ, म त केवल बोझ मात्र भएकी छु । म हुँदा उनीहरूलाई अझ कष्ट हुन्छ । मेरा लागि उनीहरूले हस्पिटल धाउनुपर्छ । मेरा लागि उनीहरूले अमूल्य समय निकालेर भेट्न आउनुपर्छ । आमा भनेको दिने मात्र हो । उसले कहिल्यै छोराछोरीबाट आशा गर्नु हुँदैन ।”

मैले यति बेला आफ्नै संस्कार सम्झिएँ । हाम्रा बाबाआमा आफ्ना छोराछोरीको आशामा बाँच्नुहुन्छ । हामी पनि हाम्रै छोरा-छोरीको सहारा खोजिरहेका हुन्छौँ । मैले उसलाई सोध्ने गर्थें, "छोराछोरीलाई कति दु:खले हुर्काउँछौँ अनि उनीहरूबाट कुनै आशा नगर्नु ?" ऊ भन्ने गर्थी, "यो आमाको कर्तव्य हो । तिमीले छोराछोरीबाट प्रतिफल खोज्यौ भने त्यो त निस्स्वार्थ माया कसरी हुन्छ ? आमाको माया निस्स्वार्थ हुनुपर्छ ।"

उसको त्यो पवित्र माया अनि उसको व्यवहारले म कायल हुन्थेँ । यो अन्तिम अवस्थामा ऊ सबैलाई एक झलक हेरेर सधैँको लागि निदाउन चाहन्थी । उसको अवस्थाको जानकारी मैले उसको श्रीमान्‌लाई गराएँ । छोराछोरीलाई कल गरेँ । एक घण्टासम्म कोही आइपुगेनन् । उसको श्वासप्रश्वास प्रक्रिया एकोहोरो भैसकेको थियो । निधार मुसारेँ, माया गरेँ । मेरो स्पर्शले उसका आँखाहरू रसाए । 'केही हुँदैन तिमीलाई' भन्दै उठाएर छातीमा अड्याउँदै पानी खुवाएँ । उसलाई पानी निल्न पनि निकै असजिलो भएको थियो । बिस्तारै उसको अनुहार नीलो हुँदै गयो । आत्तिएर मोसेलाई फेरि बोलाएँ ।

उसले, "के भयो मर्गलित, के भयो ?" भनेर बोलायो । उसले एकतमासले हेरी मात्र, बोली निकाल्न सकिन । एम्बुलेन्सलाई फोन गर्न लाग्दालाग्दै मर्गलितको श्वास एकोहोरो भैसकेको थियो । एकछिनमा श्वास चल्न पनि बन्द भयो । नाडी छामेर मोसे मर्गलित 'मलाई छोडेर किन गयौ' भन्दै भुइँमा थचक्क बस्यो । उसको चाउरिएको गालामा निकैबेर चुमिरह्यो । उसका हरेक अङ्गहरू एक-एक गर्दै छोयो, जुन अङ्गहरूसँग ऊ विगत सात दशकदेखि खेल्दै आएको थियो । अब उसको त्यो छुवाइ अन्तिम हो भन्ने सोच्दै थियो सायद । ऊ बलिन्द्र धारा आँसु खसालेर भुइँमा निकैबेर घोप्टियो ।

'अल्जाइमर' थियो मर्गलितलाई । यस्तो बिमार भएको मान्छेले केही कुरा नसम्झने, एउटा कुरा पटकपटक भन्ने, खाना खान

बिर्सने, मुखमा राखेको खाने कुरा निल्न बिर्सने अरू धेरै कुरा हुन्थ्यो ।

एक घण्टापछि छोराछोरी आइपुगे । एम्बुलेन्स बोलाए । कृत्रिम श्वास हालेर हस्पिटल लगे । हस्पिटलको बेडमा सुताए । शरीरका सबै अङ्गमा सुई नै सुई रोपिएको थियो । कृत्रिम श्वास चलिरहेको थियो । हातखुट्टा हिउँजस्तै चिसा थिए । हात छाम्दा शरीरमा जडान गरेको मेसिनको भाइब्रेसनले हात नै थर्थराउँथ्यो । सबै आफन्तलाई खबर गरे । नजिकका आफन्तहरू प्राय: सबै आइपुगे । सबैले पालै-पालो हेर्दै आँखाभरि आँसु लिएर बाहिर निस्किए । ढोकाबाहिर कम्प्युटरमा उसको नाडी, पल्स, मुटुको धड्कन सबै देखाइरहेको थियो । कहिले तल, कहिले माथि मुटुको धड्कन चलिरहेको देखाउँथ्यो मेसिनले ।

सबै परिवार जम्मा भैसकेपछि डाक्टरले गम्भीर भएर भन्यो, "उसको श्वास हिजो नै गैसकेको हो ! कृत्रिम श्वास दिएर मात्र उसको श्वास चलेको हो । उसको मुटुले कुनै काम गरेको छैन । शरीरभरि मेसिन जडान गराएर किन उसलाई दु:ख दिनु ? उसलाई सहज मृत्यु दिऊँ । हामी मेसिन निकाल्छौँ ।" छोरी याफा भक्कानिई । 'आमा छिन्' भन्दा मात्र पनि एक प्रकारको खुसी छाउँथ्यो उसको अनुहारभरि । 'हुन्छ' भन्न नि सकिन, 'हुँदैन' भन्न पनि सकिन । अब कुनै उपाय छैन मेरी आमालाई बचाउने भनेर याफाले अनुनय-विनय गरी तर कुनै उपाय नभएको डाक्टरले बताए । कृत्रिम श्वास झिकेपछि उसको मुटुको धड्कन चल्न छोड्यो । मेसिन निकालेको केही मिनेटमा मर्गलित कोहेंनको 'डेथ' भनेर कम्प्युटर स्क्रिनले देखायो । सबै फेरि भक्कानिए । मोसे भित्र पसेर मरेकी मर्गलितलाई अँगालो हालेर रोयो । छोरीले गाला सुमसुम्याउँदै, "तिमीजस्तै आमा मलाई हजार जुनी हुँदा पनि पाऊँ । हामी सबैकी प्यारी आमा गयौ ।" भन्दै रोई । एक-एक गर्दै सबैले छोए, धीत मरुन्जेल रोए ।

लास गाड्ने (कोब्रिब) ठाउँ कता कहाँ किन्ने सल्लाह गरे । मर्गलितको मात्र चिहान किन्दा मोसे मरेपछि अर्कै स्थानमा गाड्नुपर्छ भनेर दुवै एकै ठाउँमा हुने मनसाय मोसेले व्यक्त गरेपछि दुई जनाको चिहान (गाड्ने ठाउँ) एकै ठाउँमा किने । हिन्दूहरूले लास जलाएजस्तै यहुदीको गाड्ने रहेछन् । भोलिपल्ट १२ बजे लास गाड्ने साइत निक्लियो । सबै जनाले आफन्तलाई खबर गर्ने सल्लाह गरे र आआफ्ना घर गए ।

९४ वर्षको वृद्ध मान्छे पत्नीशोकले विह्वल थियो । रुँदारुँदा आँखाहरू गोलभैँडाजस्ता भएका थिए । मुख नै रगत चुहिएला झैँ रातो थियो । जीवनमा सँगिनीभन्दा नजिक कोही हुने रहेनछ । उसको रुवाइले मलाई अरु पीडा थप्यो । दुवैले एकअर्कालाई टुलुटुलु हेर्दै आँसु झार्‍यौँ । २४ घण्टा मर्गलितको साथमा खाँदा-बस्दा यति नजिकिएछ कि उसको अभावमा घर शून्य, कोठा शून्य, हरेक पल शून्य भयो । भावनात्मक माया एकातिर थियो भने मेरो आफ्नो इजरायल बस्ने समय सकियो । त्योभन्दा धेरै उसैको मायाले आँखाबाट बर्से झरी झरिरह्‍यो । रातभरि सुत्न सकिनँ । घरीघरी मर्गलितले 'बबी' भनेर बोलाउँछे कि भन्ने झल्कोले सताइरह्‍यो ।

उज्यालो भयो । बिहान उठेर नुहाइ-धुवाइ गरेर बेताकबरोत गयौँ । हस्पिटलबाट रबले लास लिएर आए कालो कपडाले बेरेर । इजरायलको झन्डा उसको छातीमा थियो । टाउको, शरीर, हात-खुट्टा सबै कालो कपडाले बेरेको हुँदो रहेछ । हाम्रोमा त मुख देखाएर, पीताम्बर ओढाएर, सिन्दूर-अबिर छरेको देखेकी थिएँ । यता त मृत्युदण्ड दिन लागेको जस्तो बेराइ देखेर अचम्म लाग्यो । मर्गलितजति मायालु, स्नेही मैले सायदै कोही देखेकी हुँला । जसरी फूलले आफ्नो सुवासले सबैलाई आकर्षित गर्छ, त्यसरी नै उसको नामजस्तै उसको व्यवहारबाट सबै आकर्षित थिए । कसैका बारेमा कहिल्यै नराम्रो नसोच्ने, सधैँ हाँसिरहने, सबैसँग मीठो बोल्ने, उसको व्यवहारले सबै

प्रभावित थिए । उसको मलामीमा नरुने कोही थिएनन् । उसको प्रशंसा नगर्ने कोही थिएनन् ।

हाम्रो हिन्दू संस्कारमा केटी मान्छे मलामी जानु हुन्न भन्थे । त्यसैले म सानी हुँदा कोही केटी मान्छे मलामी जान खोज्दा रोकेको देखेकी थिएँ । यहाँ त केटाकेटी सराबरी मलामी (आलभया)मा सरिक भए । मर्गलितको दाजुभाइ, बहिनी, उनका छोराछोरी, नातीनातिनी, साथीभाइ, इष्टमित्र गरेर झन्डै दुई सय मलामी थिए । बेताकबरोतमा लास राख्न बनाइएको सिमेन्टको चारकुने भुइँमा लासलाई सुताइयो । रबले उनीहरूको संस्कारअनुसार के-के फलाके अनि आफ्ना आफन्तहरूलाई लासको नजिक हुन आग्रह गरे । छोराछोरी, नातिनातिना, दिदीबहिनी, दाजुभाइ, सम्धीसम्धिना सबै लासको वरिपरि बसे । मर्गलितको श्रीमान् मोसे मर्गलितको टाउको भएतिर कुर्सीमा बस्यो । रबले भने, "नातिनातिना कसैले आफ्नो हजुरआमालाई केही भन्ने भए, सुनाउने भए यो अन्तिम समय हो । आत्मा शरीरबाट छोडेर गए पनि केही दिन आफ्नै घर, आफन्तका वरिपरि घुमिरहेको छ । उनका बारेमा केही भन्न मन लागे, केही लेखेर ल्याएको भए उनलाई सुनाउन सक्छौ ।" यस्तो अवस्थामा सबैले होस गुमाएको बेला कसले के भन्न सक्लान् भन्ने मलाई लाग्यो ।

म उनीहरूको संस्कार बुझ्दै पनि थिएँ । उसकी जेठी नातिनी गनितले आफ्नी हजुरआमाका लागि केही लेखेर ल्याएकी रहिछे । लासको छेउमा उभिएर थरथरी काँपिरहेको हातले केही लेखेर ल्याएको कागज निकालेर पढ्न लागी ।

"मेरी प्यारी हजुरआमा !
मेरो धड्कन (निसीमा सेली)

मैले यो कापीमा लेखेर ल्याएको केही अक्षरले मेरी हजुरआमाले हामीलाई दिनुभएको, हामीलाई सिकाउनुभएको केही समेटिँदैन, तर

मैले महसुस गरेका केही कुराहरू हजुरको पार्थिव शरीर हामीसँग हुँदा यहाँ उपस्थित हजुरका आफन्त साथीसँगीहरूका अगाडि सुनाउँदै छु । हजुरले जसरी हामीलाई हुर्काउनुभयो । आफूले हजार दुःख सहेर पनि हाम्रा लागि सुखसुविधा उपलब्ध गराउनुभयो । जीवित हुँदा ४० वर्ष भएदेखि कान सुन्नुहुन्नथ्यो तर हाम्रो मुख हेरेर अनुहारको भाव पढ्नुहुन्थ्यो । ओठको चलाइको भाषा अर्थात् ओठको इसाराले कुरा बुझिदिनुहुन्थ्यो । हामीलाई कहिले महसुस भएन हजुर बहिरी हुनुहुन्छ भनेर । हजुरबिनाको भान्सा के भान्सा हाम्रा लागि ? अब आउने चाडपर्व हाम्रा लागि के चाडपर्व होला र ? जब हजुर हुँदा प्रत्येक शनिबार (सब्बात) पकाएको खानेकुराको घरबाहिर आइपुग्दा नै मगमग बास्ना आउँथ्यो । हजुरको कुनै प्रशंसा गर्न शब्द र बोली अपुग नै हुन्छ । हजुरको आँखामा सबै नातिनातिनीले उत्तिकै माया-स्नेहले पुलकित हुने अवसर पाए । हजुरले सबै नाति-नातिनाको बिहे र बालबच्चा देख्न पाउनुभयो ।

हजुरको कान्छो छोराको छोरीहरूमध्ये एउटा बच्चा पाउनेवाला छ । अर्कीको बिहे हुँदै छ । उनीहरूको बालबच्चा हेर्ने हजुरको चाहना पूरा भएन । हजुर भएको भए कति रमाइलो हुन्थ्यो होला ! हजुरको साथ नभए पनि हजुरको माया आशीर्वाद हामीसँगै छ । हजुर नभए पनि उनीहरूलाई हामी हजुरको कमी हुन दिनेछैनौँ ।"

उसले जति शब्दहरू निकाल्थी त्योभन्दा धेरै उसका आँखाबाट आँसुका धारा झर्थ्यो । याफा डाँको छोडेर रुँदै थिई । मेरो पनि हिक्का नै छुटेको थियो । कोही कहिले नफर्कने बाटो जाँदै छ भन्ने महसुस हुँदाको क्षण शब्दमा बयान गर्न पनि असमर्थ हुने रहेछ । उसले आफ्ना कुरा भनिसकेर कालो कपडाले बेरेको लासको टाउको मुसारेर चुम्बन गरी । त्यसपछि रबले अब अरू कसैलाई मर्गलितलाई केही भन्न मन लागेको छ भने अगाडि आउनू भन्यो । उसको भाइ योसी अगाडि आयो ।

“मेरी प्यारी दिदी मर्गलित !

तिमी हाम्रो परिवारको महारानी (माल्का) थियौ । हाम्रो परिवारको पहिलो सन्तान हामी सबैलाई तिमीले आफ्नो छहारीमा हुर्कायौ, बढायौ । आमाले छोडेर गएको वर्षौं हुँदा पनि आमाको कमी पूरा गरेकी थियौ । आजबाट तिमीले पनि हामीलाई छोडेर गयौ । बिहे भएर स्पात छोडेर हाइफा आउँदै गर्दा ‘मलाई छोडेर नजाऊ’ भन्दै गाडीको पछिपछि म दौडिँदा ‘तिमीलाई भेट्न आउँछु’ भन्थ्यौ । आज त तिमी नआउने बाटो गयौ । तिमीलाई त्यही स्वर्गमा भेट्न आउनेछु” भनेर उसले पनि निधार सुमसुम्याउँदै चुम्बन गरेर बिदा भयो ।

मोसे आफ्नी मर्गलितको पार्थिव शरीरको सिरानमा बसेर बलिन्द्र धारा आँसु झारिरहेको थियो । उसले पनि निधार मुसार्दै ‘मैले केही गल्ती गरेको भए मलाई माफ गर । हामीले जिन्दगीको ७१ वर्ष सँगै बितायौ । अब तिमी गएपछि यो संसारमा म एक्लै भएँ । महारानी (माल्का)लाई पनि माटोमा मिलाउनुपर्ने दिन आयो । तिमीभन्दा पहिले म जान्छु झैँ लागेको थियो तर कालले राम्रो मान्छेलाई नै पहिले लाने रहेछ’ भनी लासमा घोप्टियो । सबैले उसलाई उठाए ।

अब लासलाई उठाएर खाल्टोमा पुर्न लैजान लागे । लास पुर्ने ठाउँमा लगी सबैले घेरा हालेर उभिए । छोरी भने ‘मेरी आमालाई दुख्छ ढुङ्गा राख्दा (अदिनोट) एकदम बिस्तारै राखिदिनू । लासमाथि खन्याउने माटो बाल्टीले होइन हातले अलिअलि गरेर राखिदिनू’ भन्दै बेहोसझैँ ‘मेरी आमा ! मेरी आमा !!’ भन्दै एकोहोरो बरबराइरही । चार जना जतिले जसोतसो उसलाई समाइरहे । मर्गलितलाई चारपाटे बक्सजस्तो खाल्टो (बेताकबरोत)मा हालेपछि उसका छोराछोरी र दाजुभाइले लगाएको कालो लुगा काट्नुपर्ने रहेछ । सबैको लुगा घाँटीको छेउमा काटियो । आमा जति नजिक छोरीलाई अरू को नै हुने रहेछ र ? याफा अचेतजत्तिकै भई । लास गाड्ने मान्छेहरूले लासमा माटो, ढुङ्गा, बालुवा तहतह बनाएर पुरे । अन्तमा, उसको

नाम लेखेको एउटा सानो चारपाटे प्लेट त्यहाँ झुन्ड्याइयो जसमा जन्मेको र मरेको वर्ष लेखिएको थियो । मलामी सबैले एक-एक वटा ससाना ढुङ्गा चढाए ।

मान्छेको जिन्दगी के रहेछ र ! हिजोसम्म सँगै खेलेको, खाएको मान्छेको आत्मा आज शून्यमा हरायो । शरीर माटोमा मिल्यो । कति नरमाइलो, कति शून्य, कति नीरस र कति निराश क्षण । उसको शरीर माटोमा मिलेपछि मेरा सपनाहरू पनि ऊसँगै पुरिएझैँ लाग्यो ।

"पासपोर्ट देखाऊ ! कति बजेको फ्लाइट हो ?" भनेर अध्यागमन प्रहरीले बोर्डिङ्ग पासको लागि कल गर्दा पो झस्किएँ । तेल अभिवको बेन्गुरियन एयरपोर्टमा घर जाने फ्लाइट पर्खिरहेकी रहेछु । गह्रुँगो मन बनाएर पासपोर्ट देखाउँदै आफ्नो गन्तव्य नापेका पाइलाका डोबहरू पछ्याउँदै एकनास अगाडि बढिरहेँ ।

# यात्राको आरम्भ

बेहुली घर, आँगनमा पन्चैबाजा बजेका थिए । दुलाहा जग्गेमा दुलहीको प्रतीक्षामा ढोकातिर आफ्नो जोर आँखा उधिनिरहेका थिए । जन्तीहरू आँगनभरि छरिएर बसेका थिए । बाजाका तालमा नाचगान चलिरहेको थियो । बूढापाकाहरू श्लोक पढिरहेका थिए ।

बाहुन बाजे मन्त्र पढ्न व्यस्त थिए । यत्तिकैमा दुलहीलाई जग्गेमा ल्याउन भनेर पण्डित बाजेको आदेश आएको थियो । आमा अत्तालिँदै भित्र पस्नुभएको थियो । म पनि आमाको पछिपछि भित्रसम्मै गएकी थिएँ । ढोका बन्द भएकाले आमाले दिदीलाई बोलाउनुभयो तर बोल्नुभएन, ढोका पनि खोल्नुभएन । निकैबेर बोलाउँदा पनि ढोका खुलेन । “के भयो ?” भन्दै बाबा पनि आइपुग्नुभएको थियो ।

धेरैबेर बोलाउँदा र ढोका ढकढक्याउँदा पनि नखुलेपछि बाबाले जोडले ढोका धकेल्नुभएको थियो । ढोका खुल्दा दिदी कोठामा थिइनन् । दराजका लुगाहरू छरपस्ट थिए । झ्याल खुल्लै थियो । झ्यालमा साडी झुन्डिरहेको थियो । आमा अत्तालिँदै बाबालाई “अब के गर्ने ?” भन्दै रुन थाल्नुभएको थियो । बाबाले भन्नुभयो, “यो सब तिम्रो कमजोरी हो, छोरीलाई जे भन्यो त्यही सुविधा पुऱ्याएर भुइँमा न भाँडामा पुऱ्यायौ । अब मैले समाजमा कसरी मुख देखाउनु ? जन्तीको अगाडि कुन मुख लिएर बाहिर निस्कनु ? टोलछिमेकले के भन्लान् ? अब समाजमा हाम्रो केही इज्जत रहेन ।”

जन्ती कसरी फर्काउने ? आमाबाबा र दाइ मुखामुख गर्न लाग्नुभयो । एकअर्कामा धेरै बहस छलफल सरसल्लाह भयो । सबैले मेरो मुखतिर हेरे । दयाले हेरे, स्नेहले हेरे अनि आशाले हेरे । म चुपचाप बसिरहेँ । धेरैबेरको खासखुसपछि आमाले मलाई काखमा राखेर कपाल सुमसुम्याउँदै भन्नुभयो, "छोरी, दिदी कतातिर गई । बिहेको लगन जान लाग्यो, अब तिमीले बेहुली भएर जग्गेमा बस्नुपर्‍यो दिदी नआइन्जेल ।"

"नाइँ ! दिदी आएर फेरि मसँग रिसाउनुहोला नि ।" मैले भनेकी थिएँ ।

"रिसाउँदिनँ" आमाले भन्नुभयो र मेरो कपाल सुमसुम्याउँदै फकाएर सिँगार्न थाल्नुभयो । भाउजू र आमा भएर हतारहतार मलाई बनारसी सारी, रातो भेल्भेटको ब्लाउज लगाइदिनुभयो । रातो बुट्टैबुट्टा भएको सितारा जडेको चुनरी ओढाउनुभयो ।

यी सबै लगाउन पाउँदा म पनि अत्यन्तै खुसी भएँ । हातमा मेहन्दी त पहिला पनि लगाएकी थिएँ, त्यसमाथि नङमा रातो पालिस लगाइदिनुभयो । बाहिरबाट दुलही छिट्टै निकाल्नुपर्‍यो भनेर पण्डित बाजे कराउँदै थिएँ । आमाले सकिन लाग्यो भन्नुभयो । एकैछिनमा मलाई चिटिक्क पारेर आमाले र भाउजूले डोर्‍याएर जग्गेमा ल्याउनुभयो । राम्रो लुगा गहना लगाउन पाएर म मक्ख थिएँ । म एघार वर्षकी बच्ची । बिहेको न अर्थ थाहा थियो न त्यसको महत्त्व नै । केवल थाहा छ बाबाआमाको आज्ञा पालन गर्नुपर्छ । त्यहीअनुसार म राजी भएकी थिएँ ।

मलाई बेहुली बनाएर जग्गेमा ल्याइएको थियो । म घुम्टोबाट घरीघरी चियाएर दुलहालाई हेर्थें, घरीघरी आमालाई । पूजा गर्दागर्दा मेरो हात कति कति बेला आमाले हात समाएर विधि पूरा गरिदिनुहुन्थ्यो । विवाह सकेपछि बाआमाले डोली चढाएर बेहुला घर पठाउनुभयो ।

म त बाटाभरि निदाइछु । बेहुला घरमा डोलेहरूले झाँगलझुँगल पार्दै ओराल्न लाग्दा पो झसङ्ग भएकी थिएँ ।

डोलीबाट निकालेर मलाई आँगनमा उतारे । आफ्नो बाबुको उमेरका जुँगामुठेले समाइरहेको थियो, त्यही अघि जग्गेमा बसेका दुलहाले । मैले मेरा आमाबाबा खोइ भनेर सोधेँ । यताउता नजर डुलाएँ, सबै अपरिचित मान्छे मात्र थिए । दुलही हेर्नेको भीड थियो सायद । मानिसहरू सानी दुलही कसरी बोल्छे, कस्तो व्यवहार गर्छे भनेर होला कुनै अद्भुत र रोचक दृश्य हेर्न पाएझैँ गरिरहेका तिनीहरूले श्वास रोकेरै हेरे, अपलक हेरिरहे । त्यतिन्जेलसम्म हेरिरहे, जबसम्म म आत्तिएर "आमा !" भन्दै भक्कानिएर रुन थालेँ । त्यसपछि के-के रीतिरिवाज गरे मैले थाहा पाइनँ । अचेत जस्तै भएर त्यहाँ जे गर भने, मैले त्यहीँ गरेँ । त्यसपछि सासूले सम्झाइबुझाइ गरेर भित्र लानुभयो ।

"नानी, तिमी तिम्रो घरमा छइनौ, अब तिमी तिम्रो श्रीमान्को घरमा छौ । तिमी अब यस घरकी बुहारी भयौ । यी तिम्रा दुलहा तिम्रा भगवान् हुन् । बिहान उठेर उनको खुट्टा ढोग्नुपर्छ । उनले खाएपछि उनकै थालमा भात खानुपर्छ ।" सासू एकनासले भट्याउँदै थिइन् । मैले हुन्छ भनेर टाउको हल्लाएँ । श्रीमान् त मलाई घर ल्याइपुऱ्याउनासाथ बाहिर गइसकेका थिए । लोग्ने भनाउँदो मानिस देख्दै डर लाग्दो थियो । कसरी उसको छेउमा पर्ने ? म त डरले उसको छेउमा पर्न पनि सकिनँ ।

माइतबाट लोकन्ती पठाइदिएकी सुन्तली र म सासूसँग सुत्यौँ । सबैले दिदी भागेर बहिनीलाई अन्माएको चाल पाएर गाइँगुइँ कुरा गर्न लागे । मचाहिँ आफूसरहका नन्द र देवरसँग खेल्न लागेँ । सासूले "तिमी बुहारी हौ, घरको काम सिक्नुपर्छ ।" भन्नुहुन्थ्यो । म रुँदै "मलाई मेरो घर पुऱ्याइदिनू" भन्थेँ । मलाई बिहे गरेर ल्याउने मानिस पनि मलाई वास्ता गर्दैनथे । मलाई त झन् देख्दै डर लाग्थ्यो ।

उसलाई पनि उसको बाबाआमाले जबरजस्ती बिहे गर्न लगाएका रहेछन् । उसले त तल्ला घरकी बिर्खे कामीकी छोरी मखमलीसँग मायाप्रीति गाँसेको रहेछ । कामीकी छोरी घर भित्र्याउँदा आफ्नो जात जाला भन्ने डरले उसका बाबाआमाले मेरो दिदीसँग कुरा छिनेका रहेछन् ।

उता मेरी दिदीले पनि एक जना लाहुरेसँग प्रीति गाँसेकी रहिछिन् । आर्मीको जागिर धेरै समयसम्म एकअर्कामा सम्पर्क नभएपछि बाबाको वचन राख्न विवाहका लागि 'हुन्छ' भनेकी रहिछिन् । उता लाहुरेले मेरी दिदीको बिहे हुने थाहा पाएर दिदीलाई भगाउन रातारात आइपुगेपछि मेरी दिदी कसैलाई नभनी टाप कसेकी रहिछिन् । यी सबैको बीचमा निर्दोष म, परिस्थितिको जाँतोमा नराम्रोसँग पिसिएकी थिएँ ।

मेरो लोग्ने भनाउँदो दिनदिनै त्यही मखमलीसँग मेरै आँखाको अगाडि नारिएर हिँड्थ्यो । ऊसँग नभेटेको दिन रक्सी टन्न पिएर घरमा भाँडभैलो मच्चाउँथ्यो । मलाई देखाएर उसलाई म्वाइँ खाँदै "मेरी श्रीमती, मेरी माया सबै उही हो, बुझिस् ?" भन्दै दाह्रा किट्थ्यो । मलाई सौता भन्ने कुरा थाहा नभएर होला, मलाई नपिटे तथा मसँग नबोलिदिए हुन्थ्यो जस्तो लाग्थ्यो । मेरो जेठाजु अनि देवरले अर्कै जातका छोरीहरू आफूखुसी श्रीमतीका रूपमा भित्र्याएका रहेछन् । म मात्र आफ्नो जात भएकोले सासूले मलाई विशेष माया गर्थिन् । मलाई भने घरपरिवार र कामकाजसँग लगाव थिएन । उनीहरू पाइलैपिच्छे बुहारीले यसो गर्नु हुन्न, त्यसो गर्नु हुन्न भन्थे । मलाई कति सकस भयो । म कति पटक रोएँ पनि । बिस्तारै बिस्तारै सासूले अह्राएको काम टुपुटुपु गर्न थालेँ ।

"मेरा आमाबाबाकोमा पुऱ्याइदिनू" भन्दा "खेतमा रोपाइँ सकेर जाने" भन्दाभन्दै तीन महिना बित्यो । सासूको खुट्टामुनि सुत्यो, भालेको डाकमा "दुलही ! उठ्" भन्थिन् । अब त यी सबै कुरा बानी

पर्दै गएको थियो । चराचुरुङ्गीका खलबलले सखारै ब्यूँझाउँथ्यो । मैले भान्साको काम जानेकी थिइनँ । सासूसँग खेतमा लुरुलुरु जान्थेँ । समय बित्दै गयो । ६ महिनामा बल्लबल्ल माइत जान पाएँ र आमासँग भनेँ, "अब म त्यो घरमा जान्नँ ।" आमासँग रुँदै बिन्ती बिसाएँ । आमाले धेरै सम्झाउनुभयो, "छोरीको जात एक पटक बिहे गरिसकेपछि जान्नँ भन्नु हुन्न । अब तिम्रो सबैथोक तिम्रो श्रीमान् हो । उसलाई तिमीले रिझाउनुपर्छ । आफ्नो बनाउनुपर्छ" भन्नुभयो । मैले आमालाई भनेँ, "मलाई त्यो मान्छे मलाई देख्दै डर लाग्छ । उसले पनि मलाई माया गर्दैन । त्यो तल्ला घरको मखमलीसँग जहिले पनि लट्ठिएर बस्छ ।" "ऊ त बाहिरको आइमाई हो, तिमी त उसको श्रीमती हौ अब त्यसको कुनै अधिकार छैन तिम्रो श्रीमान्माथि ।" आमाले यस्तै-यस्तै धेरै कुरा सम्झाईबुझाई मलाई फेरि घर पठाउनुभयो ।

म केही नबोली रुँदै ओरालो झरेँ । धरानदेखि झापा आइपुग्दासमेत मेरो श्रीमान् मसँग बोलेन । म पनि नबोली घर आइपुगेँ । सासूलाई आमाले पठाएको कोसेली बुझाएर नन्दसँग गफिन थालेँ । समय बित्दै गयो । लोग्ने भनाउँदो बिहान दिउँसो कहिले राम्रो मुखले बोल्दैनथ्यो । बेलुका रक्सी पिएर अबेर आउँदा पनि मेरा श्रीमान्लाई खाना मैले नै खुवाउनुपर्थ्यो । उसले खाना खाउन्जेल मैले उसैको समीप बस्नुपर्थ्यो ।

त्यस दिन खाना खाँदै गर्दा उसले मेरो चढ्दो जवानी देखेर लोभी आँखा मेरो पोटिला वक्षस्थलमा बजाऱ्यो । उसो त ऊ मेरो श्रीमान् । ममाथि उसको अधिकार छँदै थियो । आज के भयो उसलाई मलाई कामुक नजरले निकैबेर हेरेको हेऱ्यै गऱ्यो । अप्ठ्यारो लागेर कोठातिर जाँदै थिएँ । ऊ पछिपछि आएर पछाडिबाट गम्लङ्ग अँगालो हाल्यो । बिहे गरेको चार वर्ष बितिसक्दा पनि नछोएको उसले मलाई आज भाग पुग्ने गरी एकै चोटि छोपुँला झैँ गर्दै

थियो । उसले बढी नै मदिरा पिएको हुनुपर्छ भन्ने अनुमान मैले गरेकी थिएँ ।

म उसको अँगालोबाट उम्कन खोजेँ । रक्सीले मातेको उसले मेरो कुर्ताको फेर समाएर अँगालो हालेको थियो । रक्सीको गन्धले रन्थनिएकी मलाई कति बेला उसको पन्जाबाट फुत्किने होला जस्तो भइरहेको थियो । फुत्कन खोज्दाखोज्दा मेरो केही जोड चलेन । उसले मलाई जुरुक्क बोकेर आफू सुत्ने ओछ्यानमा लग्यो । उतापट्टि फर्केर सुत्न खोजेँ, सुत्न दिएन । उसको उर्लिएको जोस, उसका हातहरू मेरो संवेदनशील अङ्गहरूमा मनपरी कुदायो । मलाई चटपटाउन दिएन । मैले विवश भएर उसका इच्छा पूरा गर्नुपर्‍यो । मलाई अत्यन्तै पीडा भइरहेको थियो । आफ्नो काम सकेर ऊ आनन्दले निदायो । म जुरुक्क उठेर धारामा गएर नुहाएँ । सबै जना सुतिसकेका थिए । चकमन्न नीरव रातमा उसले छोएका अङ्गअङ्ग फेरि आफूले पनि छोएँ । बेग्लै अनुभूति भयो । जीवनमा नयाँ र पहिलो अनुभव थियो त्यो छुवाइ, त्यो दुखाइ ।

यसै गरी दिनहरू बित्दै गएका थिए । केही महिनामा म गर्भवती भएकी थिएँ । म दुई जिउकी भए पनि मेरो श्रीमान्‌लाई मेरो वास्ता थिएन । केही कुरा गर्‍यो भने “तँलाई म माया गर्दिनँ । मेरो बाबाआमाको लागि मात्र तँलाई बिहे गरेर ल्याएको हो” भन्थ्यो । एक वर्षको फरकमा एक छोरा र एक छोरी भए । सासूले अत्यन्तै माया गर्थिन् तर श्रीमान्‌लाई कहिल्यै आफ्नो बनाउन सकिनँ । जति गरे पनि उसले रक्सी पिउन छोडेन । छोराछोरी ठूला हुन लागेका थिए । पढाउन खर्च चाहिन थाल्यो तर उसले केही गरेन । ऊ जागिरे थिएन । थोरै खेतबारी, भात खानबाहेक अरू कुनै आम्दानी थिएन । पहिले पहिले मखमलीसँग भेटिरहँदा त घरमा त्यति दु:ख दिँदैनथ्यो । पछि मखमलीको अन्तै बिहे भएपछि त ऊ पागलजस्तै भयो । रक्सी खाएर बाटोमा नै लड्न थाल्यो ।

सोचेँ, मैले मेरा लागि सोचेँ, उसको अवस्था सोचेँ । छोराछोरीको भविष्यका बारे सोचेँ । त्यसपछि मैले अब मेरो निर्णय गर्नु थियो । घाम अस्ताउनुपूर्व उज्यालो छँदै यात्राको आरम्भ गर्नु थियो ।

मैले निर्णय गरेँ, छोराछोरी माइतमा राखेर म विदेश लागेँ । थाहा छैन मेरो समस्याको अन्तिम समाधान विदेश हो त ?

# काकाकुलको तृष्णा

चितवनको सानो गाउँमा जन्मिएकी म जान्ने-बुझ्ने भएदेखि कहिले घाँसको भारीमाथि, कहिले दाउराको भारीमाथि त कहिले बारीको आलीमा बसेको सम्झन्छु । आमाले मकै, कोदो गोडमेल गरेको टुलुटुलु हेर्थें । काम गर्न सक्ने भएपछि बाख्रा, गाईभैँसीको गोठालो बनेकी थिएँ । गरिबी र सुकुमबासीको जिन्दगी बोकेर सधैँ खुला आकाशमुनि रमाउँदै बसेकी थिएँ । आफ्नो घर नहुनाले आमा-बाबा जसको घरमा काम गर्दथे, उनीहरूकै आँगन मेरो घर हुन्थ्यो । त्यहीँका चोक र गल्ली खेल्ने ठाउँ थिए । ढुङ्गा, माटो, बालुवा, च्यातिएका लुगाका टुक्राहरूको पुतली मेरा खेल्ने साधन थिए । अभावैअभावले भरिएको जिन्दगीमा समस्याहरूले हामीलाई साह्रै नै सताएको थियो ।

प्राकृतिक सौन्दर्यले सम्पन्न यो ठाउँ पर्यटकीय क्षेत्र नेपालको सौराहा अनि चितवन राष्ट्रिय निकुञ्जको नजिकै पर्दथ्यो । हराभरा अनि सुन्दर वन पनि नजिकै थियो । कलकल बग्ने राप्ती अनि सामुदायिक वनको स्वच्छ, कञ्चन बतासले मनमस्तिष्क ताजा बनाइरहन्थ्यो । यिनै मनोरम प्रकृतिले बाँच्ने ऊर्जा दिइरहन्थ्यो तर आर्थिक रूपमा मेरो जीवन भने सधैँ उजाड र कङ्गाल थियो । मेरा जीवनका अनगिन्ती चाहनाहरू अभावसँगै पौँठेजोरी खेल्दै बितेका थिए । हाम्रो पनि लहलह झुलेका धान खेत, सानो चिटिक्क परेको घर भइदिए हुन्थ्यो भन्ने चाहना मनभरि पालेकी थिएँ । म कल्पनाका

महलहरूमा घरीघरी डुबुल्की मार्दै हराइरहन्थें । भूमिहीन हुनुको पीडामा भक्कानिँदै कैयौँ मेरा रातहरू आकाशका ताराहरू गन्दै बितेका थिए ।

मैले पढ्ने-लेख्ने वातावरण कहिल्यै पाइनँ । पहिलो सन्तान भएकाले बाबाआमालाई सघाउनमा नै मेरो धेरै समय बित्यो । अभावका ढिस्काहरूलाई पुर्दैमा मेरा अधिकांश समय गए । जिन्दगीको आरोह-अवरोहमा मैले कैयौँ गल्छेडा, दोभान र गल्छीहरू पार गरेँ । अभावका काँडाहरूबीच अनेकौँ रहर र चाहनाहरू बोकेर फुल्न खोज्दा म घर नहुनुको पीडामा छटपटिएकी थिएँ । यसै क्रममा घर हुने लोग्ने रोज्दा मैले जँड्याहा लोग्नेको पासोमा पर्नुपरेको थियो ।

मेरो जिन्दगी त यस्तै अन्धकारमा बित्ने नै भयो । अब मैले मेरा छोराछोरीको जिन्दगीमा केही न केही परिवर्तन ल्याउनुपर्छ भन्ने सोचले आफ्ना श्रीमान्सँग गुनासो पोखिरहेँ, “तपाईंले यसरी सधैँ रक्सी पिएर हुँदैन । हाम्रा छोराछोरीहरू दिनदिनै हुर्कंदै छन् । उनीहरूको पालनपोषण, शिक्षादीक्षाका बारेमा हामीले सोच्ने बेला आएको छ ।”

यसो भनिरहँदा उहाँ चुपचाप सुनेर मात्र बसिरहनुहुन्थ्यो । धेरै चोटि भनेपछि मुर्मुरिँदै भन्नुहुन्थ्यो, “म अरब त जान्नँ, अमेरिका, बेलायत वा युरोप पाएँ भनेचाहिँ जान्छु ।”

‘अहिलेको जमानामा दस कक्षा पास गर्नुभएको छैन, तपाईंले युरोप अमेरिकाको सपना देख्दै युरोप र अमेरिका ताकेर हुन्छ ? अहिलेको जमानामा तपाईंको योग्यताअनुरूप अरबमा काम गर्न पनि मुस्किल छ । हाम्रो अवस्थाले गर्दा तपाईं जसरी पनि जानुपर्छ’ भनेर धेरै सम्झाएँ, फकाएँ, बिन्ती गरेँ । अरब भए पनि जानुहोस् भन्ने सल्लाह दिएँ तर उहाँले लेबरमा कुनै हालतमा पनि नजाने जिद्दी गरेपछि मेरा सबै प्रयासहरू विफल भए ।

इचहर्नी खोलाको उर्लिएको भेल-बाढीले वरपरको सबै बोटबिरुवा बगाएजस्तै मेरा सपना र आशाहरू उहाँको निर्णयले बगाएर लग्यो । आर्थिक स्थिति उकास्ने सबै सपना बगाएपछि सन्तापले पिरोलिएको मेरो मन नमज्जाले रन्थनिएको थियो । नयनबाट बर्सिएका आँसुका थोपाहरू गाला चुम्दै खस्दथे । गाग्री समातेर म पँधेरातिर लागेँ । पँधेरामा केही साथीहरू वैदेशिक रोजगारीका बारेमा कुरा गर्दै थिए । म पनि साथीहरूसँग विदेश जान उत्सुक भएको कुरा सुनाएँ । संयोगवश तल्लो गाउँकी सीता र पवन पनि विदेश जाने मानिसको खोजीमा त्यहाँ आएका रहेछन् । मलाई ढुङ्गा खोज्दा देउता मिलेझैँ भयो । उनीहरूलाई कामदार चाहिएको थियो भने मलाई विदेश जानुपरेको थियो । उनीहरूलाई म पहिलेदेखि नै चिन्थेँ तर विदेश पठाउने बहानामा वर्षौं झुलाउने, दु:ख दिने भनी सुनेकी थिएँ । आफ्नो घरबारी बेचेर बिदेसिएको अनि खाली हात फर्किएको पनि दिनहुँजसो समाचार सुनेकाले उनीहरूलाई सजिलै विश्वास गर्न मन मानिरहेको थिएन । तर उनीहरूलाई विश्वास नगर्नुको कुनै विकल्प पनि नभेटेपछि बाध्य भएर मैले उनीहरूबाटै विदेश जाने अठोट गरेँ ।

नहुनुभन्दा कानो मामा जाती भनेझैँ नचिनेकालाई गुहार माग्नुभन्दा कम्तीमा यिनीहरू चिनेजानेका त थिए । उनीहरूले पठाएका माकुरी र मसिनीले राम्रो पैसा कमाएर पठाएको पनि मैले देखेकी थिएँ । मेरा मनमा अनेकौँ कुराहरू फिल्मको रिलझैँ घुम्न थाले । आफ्ना लोग्नेको ताल सम्झिएँ । यहाँको समाजको कुसङ्गति, यहाँको पुरुषवादी समाज अनि उनी मेरो मनमा घुमिरहे । उहाँलगायतका पुरुषहरू चोकमा जम्मा हुन्थे, एकअर्काको कुरा काट्थे अनि रक्सी खान्थे । उहाँको दिनचर्या भनेकै दिनभरि गफ हाँक्ने, तास खेल्ने अनि बेलुका हल्लिँदै घर फर्कने हो । भनेको समयमा खानेकुरा नपाए, भनेझैँ नभए मुख छोडेर तथानाम गाली गर्नुहुन्थ्यो । गाली गर्दा धीत मरेन भने हातपात पनि गर्नुहुन्थ्यो । मैले मेलापात, ज्यालामजदुरी

गरेर ल्याएको पैसा, चामल खोसेर भट्टीमा गएर रक्सी खाएर सडकमा सुतिदिनुहुन्थ्यो । उहाँका यस्ता बानीबेहोराले मलाई दिक्दार बनाएको थियो । कैयौँ रात भोकभोकै बिताएकी थिएँ । अन्ततः मैले छोराछोरीको सुन्दर भविष्य निर्माण गर्न विदेश जाने निर्णय लिनुपरेको थियो ।

यी नाबालकहरूलाई कसरी छोडेर जाने भन्ने चिन्ताले सताइरह्यो । जिन्दगीमा कस्तो-कस्तो मोडमा आएर उभिनुपर्ने रहेछ । जाऊँ छोराछोरीको के हालत होला जस्तो लाग्छ नजाऊँ अर्को कुनै उपाय थिएन । गुह्रुँगो मन लिएर भाइकोमा गएँ । मेरो योजनामा भाइले सहमति जनायो । उसको सहयोगी अनि मायालु भावनाले मनभरि आशा र भरोसा पलायो । आँखाहरू अनायासै रसाए । मनमा थोरै राहत भएको महसुस गर्दै घर फर्किएँ । छोराछोरीहरू सुतिसकेका थिए । सबैलाई एक-एक गर्दै मुसारेँ, छातीमा टाँसेँ । कस्तो असमञ्जसमा मन एकोहोरो भयो । आफ्नै घरका एक-एक सामानमा आँखा डुलाएँ । सबै जीर्ण र खालीखाली लाग्दथे । जता हेरे पनि अभाव मात्र देखिन्थ्यो । घरको छानो चुहिएको थियो, छोराको भोटो च्यातिएको थियो । छोरीको जामा प्वालैप्वाल अनि मेरै मजेत्रो पनि फाटेको थियो । लोग्नेको चप्पलको लोती चुँडिएको थियो । यी सबै अभावलाई पूर्ण गर्न मैले परदेश लाग्नैपर्ने भयो । बाहिर चूक खन्याएजस्तो चकमन्न रात छ । धर्तीलाई अँध्यारोले गुटमुट्याएकाले चारैतिर सन्नाटा छाएको थियो । थकानले लखतरान भएर गुन्द्रीमा पल्टिएकी थिएँ । कति बेला भुसुक्क निदाएछु केही थाहा नै भएन ।

अनपढ, अशिक्षित भएका कारण गरिबी, बेरोजगारीमा पिल्सिएर धेरै दुःख पाएँ । मेरा प्यारा सन्ततिले मैले भागेको जस्तो जिन्दगी भोग्न नपरोस् भन्ने ध्येयले अन्तहीन पाइलाहरू चाल्न बाध्य हुनुपरेको थियो । आफूले खाइखेली गरेको थलो अनि हिँडेका पाइलाका डोबहरू नियाल्दै धेरैबेर घोत्लिएँ । बिहान झिसमिसेमा उठेर काठमाडौँ जाने

खर्च जोरजाम गर्न गाउँघरतिर निस्किएँ । जमिनदार बाले सयकडा तीनको ब्याजमा रकम जुटाइदिए । हतारहतार घर फर्किएँ । श्रीमान् भने म काठमाडौँ हिँड्ने बिहानसम्म पनि मेरो वास्ता नगरी अबेरसम्म सुत्नुभएको थियो । मेरो कुनै वास्ता अनि पर्बाह गर्नुभएन । हस्याङफस्याङ गर्दै घरका सबै काम सकेर एजेन्टहरू सीता र पवनका साथ लागेर काठमाडौँ गएँ । इन्डिया हुँदै कुबेत लैजाने, त्यहाँ गएर बच्चा हेर्ने काम गर्नुपर्ने बताए । सबै प्रक्रिया पूरा गरेर घर फर्किएँ ।

मन्दमन्द हावा चलिरहेको थियो । चौताराका बरपीपलले आफ्नो सयलमा राख्न नपाएकोमा जोडजोडले पातहरू हल्लाउँदै बिदाइ गरिरहेको भान हुन्थ्यो । सिमलका भुवाहरू उडेर बाटो छेक्दै थिए । कच्ची बाटोमा धूलो बुङबुङ उडिरहेको थियो मेरो मनजस्तै । बर्सेनिका तीन जना नानीहरू अनुहार निन्याउरा लगाएर बसेका थिए । उनीहरूको मलिन अनि कान्तिविहीन अनुहार टीठलाग्दा आँखामा बलिन्द्र धारा आँसु पुछ्दै सम्झाएँ । पल्लो घरको असीमले जस्तै मीठो खाने, राम्रो लुगा लगाउने, उसले जस्तै नयाँ खेलौना, नयाँ लुगा अनि उसले पढेको स्कुलमा पढ्न पाउँछौ भनेर सम्झाएँ । यतिखेर सानो छोरो भुइँमा लडीबुडी गर्दै रोइरहेको थियो । आफ्नो प्यारो गाउँघर अनि मुटुका धड्कनहरूलाई छोडेर अपरिचित भीडको एक अपरिचित पात्र बन्नुपर्ने आफ्नै नियति सम्झेर भक्कानो फुटेर आयो ।

जीवनको नयाँ बिहानी जन्माउने नाउँमा अनेकौँ बाध्यता अनि विवशतामा पनि धैर्य अनि साहस बटुलेर इचहर्नी खोलाको पानीको तिर्खा आँखाभरि बोकेँ । सिसाहानीको उकालीबाट हठात् पाइला अघि बढाउनुपर्ने सम्झिएँ । मस्तिष्कमा अभावको भोक बोकी समयलाई चुम्बन खाएर नागबेली बाटो पछ्याउँदै अन्तरआत्माभित्रका सुन्दर सपना मनभरि सजाएकी थिएँ । भोक, तिर्खा अनि आशाहरूलाई खकन हाल्दै, शिथिल शरीरभरि पसिनाको चिटचिटाहटसँगै कल्पनाको महल बनाउँदै कठोर परिस्थितिमा धेरैबेर रुमलिएँ । मन बलियो गरेर

जुरुक्क उठेँ । भविष्यका स्वर्णिम सपनाहरू सम्झिएँ । मान्छेलाई समय र परिस्थितिले जति विवश बनाए पनि मनको सुषुप्त इच्छाहरूले गन्तव्य भेटाउन मद्दत गर्ने रहेछ । यिनै सुषुप्त इच्छाहरूलाई गर्लम्म अँगालो हालेर मन बलियो बनाएर घरबाट बाहिर पाइला राखेँ ।

आफू त परेँ औँठाछाप । न केही पढ्न आउँछ, न लेख्न । अरूले सिकाएको बाटो हिँड्नुबाहेक अरू कुनै विकल्प थिएन मेरो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको परिसरमा पुगियो । मलगायत अरू चार जना साथीहरू थिए । हाम्रो हवाइटिकट भारतको मुम्बईसम्म मात्र भएकाले खासै चेकिङ भएन । एजेन्टहरूले खटाएर दिएका शब्दहरू मात्र बोल्यौँ । निर्धारित समयभन्दा केही समयअगाडि नै डिपार्चर कक्षमा पुगियो । तोकिएको समयभन्दा एक घण्टा ढिलो मात्र हवाईजहाज उड्यो ।

जिन्दगीमा पहिलो चोटि भुइँ छोडेर हवाईजहाज चढेको अनौठो अनुभव सँगालिरहेकी थिएँ । एकातिर नौलो अनुभवको हर्ष थियो भने अर्कोतिर आफ्नो जन्मभूमि छोडेर दूरदेशमा जानुपर्दा तीतो अनुभव पनि थियो । हामीलाई हप्ता दिनभित्र काममा लगाउने बाचाकसम खाएका दलालहरूले मुम्बईको फोहोर, साँगुरो र निसासिँदो कोठामा खाँदिर एक महिना राखेपछि बल्लतल्ल कुवेत उडाएका थिए । बीचबाटोमा एक महिना बस्नुपर्दा उता जमिनदार बासँग सयकडा तीनको ब्याज सम्झेर मन आलसतालस भएको थियो । एक महिनाको सास्ती बसाइपछि भए पनि धन्न कुवेत पुगियो ।

कुवेत अन्तर्राष्ट्रिय विमानस्थलको गेटबाट बाहिरिनासाथ नयाँ-नौला मान्छेहरू कुरेर बसेका रहेछन् । ती मानिसहरू झलक्क हेर्दा नेपालीजस्ता नलागे पनि नेपाली बोलेपछि भने नेपाली नै रहेछन् भनेर खुसी लाग्यो । उनीहरू कुवेतमा काम लगाउने एजेन्ट रहेछन् । मुसुक्क मुस्कुराउँदै हाम्रो पासपोर्ट मागे । उनीहरूले हामी चार जना साथीभाइहरूलाई एयरपोर्टबाट निस्कनासाथ पासपोर्ट लिई कारमा

राखेर काममा लगे । मलाई चाहिँ भोलि काममा पठाउँछु भन्दै आफ्नो निगरानीमा राखे । म चुपचाप कारमा बसेँ । झ्यालबाहिरका सुन्दर घरहरू हेर्दै घमाइलो दिनमा चलेको सिरिसिरी हावाको तमासा हेरिरहेँ । केहीबेरपछि कोठामा पुग्यौँ । कसैसँग फोनमा निकैबेर कुरा गरेपछि 'भोलि बिहानै तिमीलाई लिन आउँछ, अहिले सुत' भनेर हिँड्यो ।

बिहान हुनासाथ अरबी मूलका एक मानिस मलाई लिन आए । पटपट फुटेका कुर्कुच्चा मोजाले छोप्दै जिङ्ग्रिङ्ग परेको कपाल सम्म्याउँदै म तयार भएँ । उनीहरूले साउती मारेझैँ खासखुस कुरा गरे तर मैले केही बुझिनँ । धेरैबेरपछि मैले थाहा पाएँ, ती मानिस साउदी अरबमा काममा लगाउने रहेछन् । साउदी सीधै जान नमिल्ने हुनाले कुवेतको बाटो भएर मलाई यहाँ ल्याइएको रहेछ । मैले त्यहाँ एक महिनासम्म बेकामे भएर बस्नुपर्‍यो, अब त काममा जान पाइएला भनेको त फेरि यहाँबाट पनि अर्कै देश लैजाने भन्दा म छाँगाबाट खसेँझैँ भएँ । अझै अर्को देश जानुपर्छ भन्दा मनमा डर, त्रास र शङ्का-उपशङ्काले अड्डा जमाउन लाग्यो । डर, त्रास र कुतूहलले मुटु कामिरहेको थियो । तर यहाँभन्दा उही राम्रो काम पाउने आश्वासन पाएँ । अपरिचित सहर बिराना मान्छेहरूबीच केही बोल्नुभन्दा चुपचाप कारमा बसेँ । सबै स्वतन्त्रता गुमाएर आफ्नो कुनै अस्तित्व नै नभएझैँ आफ्नो श्रमसहित सम्पूर्ण जीवन उनीहरूलाई सुम्पेकी थिएँ, तर पनि पैसा कमाउन आएको आफ्नो अधुरो सपना बाँकी रहेकाले अनेकौँ तर्कना खेलाउँदै म मौन बसिरहेँ ।

कति सफासुग्घर बाटो र प्रत्येक घुम्तीहरू, जताततै उराठ लाग्दो मरुभूमि देख्दा अचम्म लाग्यो । सडकमा मानिसहरूभन्दा धेरै सवारीसाधनहरूको नै आवतजावत देखिन्थ्यो । कार एकनासले हुइँकिइरहेका थिए । कारबाट नै मलाई साउदी पुर्‍याइयो । साँझ पर्न लाग्दा घरमा पुग्यौँ । घरवालाका तीन जना छोराछोरी रहेछन् । आफ्नो पनि तीन जना छोराछोरी भएकाले आफ्नै छोराछोरी भेटेझैँ

लाग्यो । घर पुग्नेबित्तिकै घरको सबै कोठा देखाइयो अनि मैले गर्नुपर्ने कामका बारेमा सबै जानकारी पाएँ । निकै समयपछि भए पनि काममा पुग्न पाएकोले खुसी पनि थिएँ ।

दिनको लगभग १९ घण्टा काम गर्नुपर्ने थियो । बिहान सबेरै कोही नउठेको समयमै उठेर काम सुरु गर्नुपर्थ्यो । खाना बनाउनु, लुगा धुनु, घर सफा गर्नु, आइरन गर्नु नै मुख्य दैनिकी थिए । सबैलाई समयअनुसार ब्रेकफास्ट, लन्च अनि डिनर तयार गर्नु मेरो दिनचर्या थियो । उनीहरूको बन्देजले जेलजस्तो जीवन बिताउनुपरेको थियो । उनीहरूको अनुमतिबिना एक पाइला सार्न नपाइने थियो । सानो गल्ती हुनासाथ पिटाइ खानुपर्थ्यो । यावत् पीडा सहेर तीन महिना बिताएँ । घरेलु कामदारको रूपमा तीस हजार रुपियाँ दिने बाचा गरेका थिए तर ५०० रियाल मात्र दिने भन्ने कुरा गरे । रगत र पसिना बगाएर पनि भनेअनुसार केही भएन । तीन महिना बित्दा पनि तलब पाइएन ।

चकमन्न नीरव रातमा झ्यालको खोपीबाट आकाशका ताराहरू नियाल्दै छोराछोरीका आवश्यकता, अनि उनीहरूलाई देखाएको सपना सम्झिरहन्थेँ । आफू विदेशमा आएर मीठो खाने, राम्रो लगाउने भनेर देखाएको प्रलोभन सम्झेर यतिखेर मेरा आश्वासनहरूलाई एकादेशको कथा सम्झिरहेका होलान् नानीहरूले । यो पल मन साह्रै नराम्रोसँग कोतरिरहेको थियो । भनेजस्तो केही नभएकोले मन भरङ्ग भएको थियो । मेरा सपनाहरू मरुभूमिको काकाकुलको तृष्णाझैँ भएकाले आफैँले आफैँलाई धिक्कारिरहेँ ।

एक दिन बिहान सदाझैँ कफी लिएर सेवार्थ घरमालिकको कोठामा प्रवेश गरेकी थिएँ । कफीको कपसँगै मेरो सोझोपनको फाइदा उठाएर मालिकले मेरो हात समायो । मैले पनि नजानिँदो किसिमले बिस्तारै हात फुत्काउन कोसिस गरेँ तर उसले त अर्को हात पनि समाएर अँगालोमा बेर्‍यो । उसका बलिष्ठ पाखुराले बेसरी कसेर

बडेमानको शरीरले च्यापेर मलाई चलमलाउन दिएन । अन्ततः मैले आफूभित्रको संयमता थाम्न सकिनँ । बाध्य भएर चिच्च्याउन, रुन, कराउन थालेँ । बडेमानको शरीरले मेरो शरीरमा एकाधिकार जमाएरै छाड्यो । मैले रुँदै-कराउँदै प्रतिवाद गरिरहेँ । कराउन नदिन उसले मेरो मुख थुन्यो अनि मेरा हातहरू बाँधेर उसका हातहरू मनखुसीले मेरो शरीरभरि कुदाउन थाल्यो । उसले आफ्नो अतृप्त प्यास बुझाएपछि मेरा हातहरू खोलिदियो ।

मैले रुँदै भनेँ, "म त एक श्रमजीवी हुँ । बाध्यता र परिस्थितिवश म श्रमिकको रूपमा काम गर्न आएकी हुँ । मेरो इच्छा, आकाङ्क्षाविपरीत मेरो भावनामाथि खेलबाड गरिस् । तैँले यसको सजाय अवश्य भोग्नेछस् । मलाई तेरो काम चाहिँदैन । श्रमिक सम्झौता नभएकै कारण मैले कानुनी रूपमा केही गर्न नसक्ने देखी मजस्तो निर्दोष, अबला महिलामाथि आफ्नो पुरुषार्थ जमाइस् । यस्तो दुर्व्यवहार गर्दै मानवता र मानवअधिकार बिर्सेर ममाथि आक्रमण गरिस् । धिक्कार छ तेरो कथित पुरुषार्थ अनि दानबीपनलाई ।"

उसले आफ्नो दुर्नियत र अपराध छोप्नलाई हतियार उठाएर मलाई आक्रमण गऱ्यो । रिसले चूर हुँदै टेबलको चक्कु निकालेर ढाडमा हान्यो । मलाई रगताम्य बनायो । कुनै पनि प्राणीले आफ्नो अस्तित्व जोखिममा परेपछि स्वतः अरूको अस्तित्वमाथि आक्रमण गर्दछ । यसै गरी मैले पनि कसोकसो उसलाई धकेलेर उसको चङ्गुलबाट फुत्किएर त्यो कोठाबाट भाग्न सफल भएँ । आफ्नो कोठामा आएर चुकुल लगाएँ । कोठाभित्रैबाट सुनिरहेकी थिएँ, तैँले कसैलाई भनिस् भने तँलाई पुलिस लगाउँछु अनि चोरीको आरोप लगाएर जिन्दगीभर जेलमा थुनेर राख्छु ।

गरिबी र अभावपूर्ण जिन्दगी बोकेर, सन्ततिको भविष्य उज्ज्वल बनाउँला भनेर हिँड्दा आफ्नो ज्यान जोखिम पारेर आफैँ शोषित र पीडित हुनुपऱ्यो । आफ्ना श्रीमान्ले रक्सी टन्न खाएर आउँदासमेत

तन-वदनलाई आफ्नो इच्छाबाहेक छुन दिन्नथेँ तर आज परदेशमा परपुरुषले विवश पारेर आफ्नो अस्तित्व लुट्दा एक्लै प्रतिवाद गरेर बाँच्नुपरेको थियो ।

त्यही घटना मानसपटलमा बारम्बार घुमिरह्यो । मन छटपटाइरह्यो । यस्तो नारकीय जिन्दगीबाट मर्नुपरे पनि मरुँला भनेर यहाँबाट निस्कने दृढ सङ्कल्प गरेँ । घाइते शरीर त्यसमाथि उसको दानवीय कार्यको झझल्काले, जिन्दगी एक्कासि टक्क रोकिएको भान भएको थियो । आफूले जुन दुनियाँको परिकल्पना गरेकी थिएँ त्यस्तो नभई झन् पीडा भोग्नुपर्दाको जटिल परिस्थिति खडा भएको थियो । जिउँदो लास भएर यसरी बस्दै नबस्ने निर्णय गरेर मैले ढोकामा चुकुल लगाएँ । आफ्नै साडीलाई झ्यालको डन्डीमा बाँधेर त्यसैबाट बाहिर निस्कने योजना बनाएँ ।

दुर्भाग्यवश त्यहाँबाट खसेर मेरो एउटा खुट्टा भाँचियो । बामे सर्दै सडकसम्म पुगेँ । परबाट एउटा कार आइरहेको देखेर हात उठाएर रोकेँ । पाकिस्तानी भाइ रहेछन् । उनलाई आफू आपत्मा परेकाले नेपालको राजदूतावाससम्म पुऱ्याइदिन अनुनय-विनय गरेँ । पुलिसले चेकिङ गर्छ, म तपाईंलाई लैजान सक्दिनँ भन्दै थिए तथापि मेरो अवस्था देखेर दया लाग्यो होला उनलाई सायद । मलाई पछाडिको सिटमुनि सुताएर कसैले नदेख्ने गरी नेपाली राजदूतावाससम्म पुऱ्याइदिए । उनको यो सेवामुखी भावले नयाँ जिन्दगी मिलेको अनुभूति गरेँ । दूतावासको कम्पाउन्ड वरपर नियालेँ । सुनसान थियो । संयोगले रियादबाट दुई जना भाइहरू विनेसासको कार्यक्रमको निम्तो दिन आएका रहेछन् । भित्रसम्म पुऱ्याइदिए । अब त बाँच्न पाउने भएँ भनेर लामो सास फेरेँ । मेरो जर्जर अवस्था देखेर सबै नेपालीहरूको दयालु मन अनि सहयोगी भावनाले राम्रै औषधि-उपचार पाएर बाँच्न सफल भएँ । काम गरेर खानुपर्ने शरीर थिलथिलो र कुँजो भएको थियो । जीवन-मरणको दोसाँधमा आफ्नो बालबच्चा भेट्न र आफ्नै

जन्मथलो फर्कन पनि यस्तो सङ्घर्ष र चुनौतीहरूको सामना गर्नुपर्दा चेत गुमेकी जैँ भएकी थिएँ ।

मैले घर छाड्नुअघि परदेश कस्तो होला, कस्तो काम गर्नुपर्ला भन्ने सोचाइ र भावनाले अत्यन्त उद्वेलित थिएँ । आजको यो अवस्था भोग्दा आफूले आफूलाई समाल्न गाह्रो भएको छ । परेलीहरू रसाएर आँसु रित्तिएको थियो । डाँको छोडेर रुन मन लागेको थियो तर रुवाइका आवाज पनि निकाल्न नसक्ने परिस्थिति थियो । तरेलीको मुस्कान त कतै भेटिने कुरै भएन ।

मजस्तै घरेलु कामदार बनेर खाडी मुलुकहरूमा आउने अधिकांशले उपलब्धि प्राप्त गर्नुभन्दा बढी विभिन्न बाध्यताका सिकार बनेका छन् । आफ्नै घर-समाज र देशबाट भागेर अरू दु:ख भोगेका छन् । कोही बहुविवाह, विभेद र एकल जीवनको सिकार बन्दै, कोही साहूको ऋणमा डुबेर, कोही गरिबी र बेरोजगार अनि देशको जर्जर राजनैतिक अवस्थाको मारमा परेर, कोही आफ्ना सन्ततिका सुन्दर भविष्य र सपना बोकेर बाहिरिएका छन् । यथार्थ स्थिति नबुझीकन बाध्यता र परिबन्दको सिकार बनेर खाडी मुलुकमा होमिनेहरू धेरै छन् । अन्याय, अत्याचार र शोषणमा पर्ने सबैले साहसी बनेर उत्रन नसक्लान् तर यो कठिनाइलाई सबैभन्दा सुरुमा व्यक्ति, परिवार, समाज अनि देशले बुझ्नु जरुरी छ ।

जसरी मलाई पवन र सीताले अकल्पनीय खुसी पाइन्छ भनेर फोस्रा आशा र प्रलोभन देखाएर विदेश पठाए । गाउँगाउँमा त्यस्ता दलालहरूले अझै कतिलाई लाखौँको मूल्यमा नेपालीहरूको श्रम विदेशमा बेचिरहेका होलान् । बेरोजगारीको कारण दैनिक मजस्तै हजारौँ नागरिकहरू रोजगारीको खोजीमा बाहिरिने गरेका छन् । राज्य मूक दर्शक भएर हेरिरहेको छ । दिन दुई गुना रात चार गुना हुँदै समस्याहरू ओइरिन थालेका छन् । यसको निराकरणको पक्षमा सरकारले ध्यान दिएको देखिँदैन । रेमिटेन्सले आज राज्यको ठूलो आर्थिक भार थेगेको

छ । विदेशमा काम गर्ने नागरिकहरूको रगत-पसिनाको मिहिनेतले आर्जन गरेको राज्यकोषबाट उन्मुक्त ठेकेदारहरू मनमौजी अनैतिक रूपमा भ्रष्टाचार गर्नमा लिप्त छन् । मजस्ता गरिब र निमुखाहरूले कतै, कुनै राहत पाएका छैनन् । मैले भोगेको मेरो ज्वलन्त जीवन कथा सबै पक्ष, वर्ग र समुदायले बुझ्न जरुरी छ ।

आजको भौतिक युगमा श्रम नगरीकन आफ्नो जीवन सुखी र सफल हुँदैन तर यही श्रम र सीप आफ्नै देशमा बेच्न पाउने वतावरण बन्नुपर्छ । जिन्दगीको सुनौलो सपना साकार पार्न विदेशी भूमिलाई कर्मथलो बनाउनेहरूका अधिकांश सपनाहरू आफूले सोचेभन्दा उल्टो भइदिनाले तावाबाट उफ्रेर भुङ्ग्रोमा परेको माछाको हबिगत धेरै नेपालीहरूले भोगिरहेका छन् । मैले भोगेको यथार्थ घटना समाज र देशका नागरिकले नसुनेको खण्डमा फेरि पनि यस्ता घटनाहरू दोहोरिरहनेछन् । सोझा र निमुखा मान्छेहरूको भीडभाडमा आक्रोशित हुँदै म आफ्नो यथार्थ कथा सम्प्रेषण गरिरहेकी थिएँ । तर त्यत्रो भीड चुपचाप, सुनसान अनि शान्त थियो ।

एउटा छाया आफूअगाडि मडारिरहेको देखेँ । टाउको उठाएर हेरेँ, आकाशमा एउटा काकाकुल पानीको तलाशमा तृष्णा बोकेर उडिरहेको थियो, जमिनमा काकाकुलको तृष्णा बोकेर म लम्पसार थिएँ ।

# असोचनीय मोड

शिशिरको चिसो सिरेटोले तितरीका पातहरू हल्लाउँदै झर्दै छ । सुनसान कोठामा उदास अनुहार लगाएर बोझिलो निस्तब्धतामा सिरकमा गुजुल्टिएर सुबु पल्टिरहेकी छिन् । बोटबिरुवाहरू पात झरेर नाङ्गिएका छन् । नाङ्गा रूखहरू आफ्नो उजाड रूप लिएर दिक्दारीसाथ ठिङ्ग्रिङ्ग उभिएका छन् मानौँ बिरक्तिएका छन् सुबुको वर्तमानजस्तै । सुनौलो सपना बोकेर सात समुद्रपारि चालेका उनका साहसिक पाइलाहरू अनायासै कामिरहेको अनुभूत भएको छ । जिन्दगीको सपना शिशिरको जाडोले उजाडिएका रूखबिरुवाझैँ भएको छ । ऊ सिरकभित्र कोल्टे फर्की । यही कोल्टे फेराइमा वर्तमानले पनि अतीतमा कोल्टे फेऱ्यो ।

केही बाध्यता थिए, केही विवशता थिए तर मनमा तीभन्दा ठूला स्वर्णिम भविष्य बनाउने एउटा सपना थियो । त्यही सप्तरङ्गी सपनालाई पछ्याउँदै सगरमाथाको काखबाट मृत सागरको किनारालाई कर्मभूमि बनाउन आइपुगेकी थिइन् सुबु । कुनै दिन विदेशको कल्पनासम्म नगरेकी उनी अचानक विदेशको भूमिमा पाइला सारेको दिन उनको मन निकै दर्दनाक भएको थियो । स्वदेशमै केही गरेर देखाउने सपना थियो तर ती सपनाहरू जन्मन नपाई तुहिएपछि सुबुले बिदेसिने निधो गरेकी हुन् । विदेश गएर भए पनि केही गर्छु भनेर उठाएका पाइलाहरूलाई पछाडि हटाउने कुरा पनि त आएन । यद्यपि देश सम्झेर, घर सम्झेर अनि

छोराछोरी सम्झेर जहाजबाट नै हाम्फालूँ जस्तो पनि भएको थियो नि । कम्ती मन रोएको होइन ।

त्यति मात्रै कहाँ हो र ? जहाजका झ्यालबाट देखिएको दृश्यमा जति नेपाल टाढा हुँदै जान्थ्यो त्यति आफ्नो अभावमा ती नाबालक छोराछोरी कसरी हुर्केलान् भन्ने चिन्ताले मनमुटु हुँडुलिन्थ्यो । म आमा जीवित भए पनि के अर्थ हुने भो र ! कठै, तामाका मुनाजस्ता छोराछोरी छाडेर, टुहुराटुहुरीजस्तै बनाएर बिरानो देशमा हानिएकी छु । सम्झँदा सुबुलाई डाँको छाडेर रुन मन लाग्थ्यो । यता एयरपोर्ट आउने बेला पनि नानीहरूलाई बजार गएर आउँछु है भनेर ढाँट्नुपरेको थियो तर पनि दस वर्षकी छोरी शिखाले भने थाहा पाएकी थिई र सुबुलाई एकैछिन छाडेकी थिइन । बिचरीलाई राम्रा खेलौना, नाना ल्याइदिन्छु भनेर फकाउँदा पनि नाइँनाइँ भनेर फकिएकै थिइन । धेरै फकाउँदाफकाउँदा बल्ल उसले नाइँनाइँ भन्न छाडेर मौन भएकी थिई । सायद उसले जतिसुकै नाइँ भने पनि मामुले छाडेर जाने नै भइन् भन्ने लागेर होला मौन भएकी थिई । सुबुले भने छोरीले बुझी भन्ने सम्झिन्, परिवारले नानु ज्ञानी भइन् पनि भन्दिए । ६ वर्षको छोरा शिखर "बजालबाट आफैँ चल्ने, भुँभुँऊ गलेल कुद्ने गादी ल्यादिनू है ल !" भन्दै थियो ।

एउटी आमालाई लालाबाला छोडेर हिँड्नुपर्दाको पीडा अहो भनी साध्य छैन । सुबुले मनमनै प्रश्न गरी, सबैलाई यस्तै हो कि मलाई मात्रै हो ? आफैँ उत्तर केलाई, हरेक आमालाई मलाई जस्तै हुनुपर्छ, हुन्छ नै । ९ महिना कोखमा राखेर अनि मृत्युसँग लडेर जन्माएका सन्तान, दस धारा दूध खुवाएर, गुहुमूत गराएर, रातोदिन नभनी हुर्काएका सन्तान कसलाई पो माया लाग्दैन होला र ? पशुले त आफ्नो सन्तानका लागि ज्यान नै अर्पण गर्छ भने हामी त मान्छे, तर एउटी आमालाई जति बाबुलाई भने पक्कै हुँदैन होला ? सुबुले प्रश्न केलाई । हो नै बाबुलाई तुलनात्मक रूपले आमालाई जत्तिको

हुँदैन । हुने भए घरव्यवहार लथालिङ्ग पारेर परस्त्रीको अँगालोमा किन पो हराउँथे यी नकच्चरा पुरुषहरू । यिनीहरू मात्रै भाले हुन्, जति सर्वस्व सुम्पिँदा पनि कहिल्यै आफ्नो नहुने । मैले उसको सेवामा आफूलाई पूर्ण रूपमा अर्पिएकी थिएँ । उसको घरको सेवा पनि गरेकै थिएँ । यसका बाबजुद समाजमा प्रतिष्ठा पनि कायम राखेकी थिएँ । त्यति मात्रै हो र मैले आर्थिक भरथेगका लागि ऊनीका स्विटर, टोपी बुन्नेदेखि शिक्षण पेसा पनि त गरेकी थिएँ नि । शिखाको बाबुको कुरा सम्झेर सुबुको मुहार तम्तमाइलो भयो 'थुइक्क' घृणा ओकली अनि लामो उच्छ्वास लिई । आँगन पोलेर, अग्नि साक्षी राखेर उसले गरेको बाचाकसम त...। "मैले पनि के सम्झिराखेकी हुँला नाम मात्रको मर्द पुरुष भनाउँदोलाई" सुबुले आफैँलाई धिक्कारी । घरदेखि निस्कँदा एयरपोर्टसम्म पुऱ्याउन त आएन । मैले ऊसँग बिदा माग्दा "जान्छेस्" भनेको थियो । मैले गहभरि आँसु भएर बोल्न नसकेर टाउको हल्लाएकी थिएँ । उसले मेरा आँसुसँग कुनै सरोकारै नराखी "अब जा न त" भनेको थियो ।

"सुबु, ए सुबु !"

सुबुको एकाग्रता भङ्ग भयो ।

"अनि कति झोक्राएर बसेकी खाइमको डाइपर चेन्ज गर्ने बेला भएन ?" बूढी कराई ।

"आधा घण्टाअघि मात्रै चेन्ज गरेको इमा ।"

"जतिबेर भए पनि फेरि चेन्ज गर ।" उसले आदेश गरी ।

सुबु लुरुक्क पर्दै डाइपर चेन्ज गर्न लागी ।

सुबु पन्चानब्बे वर्ष पुगेको खाइमको कोठामा पसी । खाइम निदाइरहेको थियो । उसलाई कोल्टे फर्काएर चेन्ज गर्न डाइपर खोली । डाइपर ओभानो नै थियो । फेरि लगाइदिई । इजरायलमा आउनुअघि

कहिले त्यस्तो काम नगरेकी सुबुलाई काममा अभ्यस्त हुन कम्ती गाह्रो भएन । तीन महिना त रोएर नै बिताई । आफ्नै बाआमालाई त यसरी नस्याहारेकी सुबुले यहाँ आएपछि ९५ वर्षीय खाइमको गुहमूत सोहोर्नु, सफा गर्नु, नुहाइदिनु, लुगा लगाइदिनु सबै गर्नुपरेको थियो । कैयौँ पटक आफूलाई धिक्कार्दै बाथरुममा रोएकी थिई । बाथरुममा सावर र धारा खोलेर कैयौँ पटक क्वाँक्वाँ रोएकी थिई । कैयौँ रात ओछ्यानमा कम्बलले मुख छोपेर रोएकी थिई । हुन त यसरी नै रोएकी थिई नेपालमा पनि श्रीमान्को व्यवहारले आजित भएर । घरपरिवार र छोराछोरीले थाहा पाउँछन् भनेर त्यहाँ पनि मुखमा कपडा कोचेर त्यहाँ पनि सिरकभित्र रुन्थी सुबु । त्यही दुःख सम्झेर आफ्नो मनलाई बुझाउँदै, छोराछोरीको भविष्य सम्झेर सेवामा समर्पित रहेकी त हो । हुन त केयर गिभरको काम पनि यस्तै हो ।

“इमा लो रतुभ (केही भएकै छैन, सुक्खा नै छ) ।” सुबुले डाइपर हेरेर भनिन् ।

“लिरोत साआ आखका नोतेंनला कदुर (ए अब भैगो, औषधि समय हेरेर खुवाइदे !)”

२००६ मा इजरायल आएकी सुबुले त्यही सालबाट केयर गिभरको काम सुरु गरेकी हुन् । हाइफाको किरातखाइम भन्ने ठाउँमा एक अशक्त बूढाबूढीको केयर गिभर भएर स्याहारसुसारको काम पाएकी थिइन् । हिब्रु भाषाको त्यति सारो ज्ञान नभएको भए पनि त्यहाँका परिवारले अङ्ग्रेजी पनि बोल्ने हुँदा उसलाई केही सजिलो भयो । रहँदा-बस्दा उनीहरूसँगको सामीप्यले उनीहरूको हाउभाउ हेरेर पनि उनले उनीहरूको भाषा थोरै जान्न थालिन् । आफ्नो अनुभव र अनुकूलको काम थिएन । त्यस्तो काम कहिल्यै नगरेको भए पनि समय र परिस्थितिले मान्छेलाई सिकाउने बनाउने रहेछ । सुरुसुरुमा नेपालमा कहिल्यै नगरेको काम सुबुका लागि धेरै अनौठो र गाह्रो भएको थियो ।

इजरायल र नेपालको समयको फरक र बिदा हुने समयसमेत फरक हुँदा छोराछोरी र आफन्तसँग कुराकानी गर्न समयको तालमेल नै मिल्दैनथ्यो, र पनि उनी अलिकति समय मिल्यो भने नेपालमा फोन सम्पर्क गर्ने प्रयास गर्थिन् । इजरायलमा बिहान हुँदा छोराछोरीको भने स्कुलको समय हुन्थ्यो भने साँझमा सलिनाको फुर्सद हुँदा उनीहरू सुतिसकेका हुन्थे । छोराछोरीको स्वर सुन्न पनि उनले एक हप्ता कुर्नुपर्थ्यो, शनिबार नै पर्खनुपर्थ्यो ।

"मामु, मलाई हेमुले अस्ति धकेल्यो, अनि कपुलीले लराई मलाई ।" छोरो शिखर हप्ताभरिका गुनासो उकुसमुकुस भएर पोख्थ्यो त्यस बेला ।

छोरी शिखा भने "सबै राम्रै छ, ठिकै छ" भन्थी । सायद उसले मामुलाई टेन्सन दिनु हुँदैन भनेर बुझेकी जस्ती थिई ।

सुबुलाई छोराछोरीको सम्झनाले हरेक क्षण तड्पाउँथ्यो । सामान किन्न जाँदा, राम्रा कपडाहरू देख्दा होस् वा उत्रै उमेरका केटाकेटीहरू बाबाआमाको हात समातेर हिँडेको अवस्था देख्दा उनलाई छोराछोरीको सम्झना आउँथ्यो । उनको मन अमिलो हुन्थ्यो, आँखा रसाउँथे, 'यस बेला मेरा छोराछोरी के गर्दै होलान् ?' उनी मनमनै गम्थिन् । मीठोमसिनो खानेकुरा पकाएका बेला होस् अथवा मुखमा गाँस लगाउँदा होस् उनको हात अड्कन्थ्यो, उनलाई गाँस निल्न गाह्रो हुन्थ्यो र मनमस्तिष्कमा कुरा खेल्थ्यो, 'मेरा छोराछोरीले के-कस्तो खाए होलान् ? उनीहरूलाई यो खुवाउन पाए, कति मीठो मानेर खान्थे होलान् ?'

सुबु मौसम परिर्वतन हुँदा पनि त्यसै गरी चिन्तित हुन्थिन् । जाडोमा न्यानो कपडा लगाएकी लगाएनन्, चिसोले सतायो कि, खोकी लागेको छ कि, हातखुट्टा फुटेका पो छन् कि । यस्तैयस्तै कुराहरू मनमा खेल्थे ।

"कस्तो लुगा लगाएको छौ बाबू, नानी ? जाडो छ बाहिर धेरै ननिस्कनू, नकुद्नू है ।"

"शिखा, भाइलाई चिसोमा बाहिर खेल्न नदिनू है । राति सुत्दा राम्रोसँग सिरक ओढाइदिनू, आफू पनि राम्ररी ओढ्नू ल ।" जहिले फोन गर्दा छोरा र छोरीलाई सम्झाउन भुल्दैनथिन् ।

वर्षाको समयमा पनि सुबु निकै चिन्तित हुन्थिन् ।

"पानीमा नभिज्नू, पानी परेका बेला छाता ओढ्नू, रेनकोट लगाउनू । किताबहरू नभिजाउनू है । बाहिर सडकमा ननिस्कनू ।"

हुन पनि काठमाडौँका सडकमा पानी परेका बेला सानोतिनो खोलाको बाढी नै आउँथ्यो । सडकमा आएको बाढीले साना केटाकेटीलाई मात्रै होइन, ठूलालाई समेत सडकमा हिँड्न मुस्किल हुन्थ्यो । त्यस्तो बेला सडकमा सानातिना सवारी साधनसमेत मुस्किलले गुड्थे । ढलको फोहर पनि त्यही बेला सडकभरि छरिन्थ्यो र सडक फोहोर पानीको भेलले ढाकिन्थ्यो । नेपाल सरकारले सडक निर्माणमा दूरदर्शिता देखाउन नसकेर होला । त्योभन्दा पनि अझ देशमा व्याप्त चौतर्फी भ्रष्टाचारले सडक पनि अछुतो नभएर होला ।

सुबुले उठेर झ्यालतिर हेरिन् । नील नदी एकनास बगिरहेकै थियो । पानीजहाजहरू किनारातिर आइरहेका थिए भने कुनै जाँदै थिए । यो नील नदीमा जीवन छ, गतिशीलता छ । मानिसहरूले मनोरञ्जन गर्नेदेखि व्यापार-व्यवसाय गर्नसम्म नील नदीलाई उपयोग गरेका छन् । मान्नुपर्छ मान्छेको दिमागलाई पनि अझ यी इजरायलीहरूलाई । मरुभूमिलाई समेत हराभरा बनाएका छन् । विकसित सहर बसाएका छन् । इजरायललाई एसियाली राष्ट्रबाट स्वतन्त्र राष्ट्रका रूपमा मान्यता दिने पहिलो राष्ट्र नेपाल हो । नेपालसँगको दौत्य सम्बन्ध सन् १९६० बाट भएको हो । त्यतिखेर जन्मेको राष्ट्र हेर कहाँ पुगिसक्यो, कहिल्यै पराधीन नभएका हामी नेपाली भने यसरी वैदेशिक रोजगारीका लागि अरूको मुलुक चहारिरहेका छौँ । सुबुले राष्ट्र पीडाको थुक घुटुक्क निलिन् र घडी

हेरिन्, "अहो रातको ९ बज्न लागेछ । दबाई खुवाउने समय भइसकेछ, अहिले ढिलो भयो भने बूढी आमै कराउँछिन् ।" भन्दै उठेर जीउको कपडा मिलाइन् र आफ्नो कोठाबाट निस्किन् ।

शनिबारको दिन बिहानको ब्रेकफास्ट सकेर बादर्लीमा सुबु साथीहरूलाई कुर्दै थिइन् बिदामा निस्कनका लागि । अनायासै कागहरू कराउन लागे । बूढी जोडजोडले कराई र कागलाई धपाई, उसलाई भने कताकता अशुभ सङ्केत हो भन्ने लाग्यो । सुबु मन गह्रुँगो बनाउँदै बिदा मनाउन हिँडिन् ।

अशक्त बूढा प्रायजसो बिरामी परिरहन्थे । केही दिनअघिदेखि उनी हस्पिटलमा भर्ना गरिएका थिए । साथीहरू रहेको अपार्टमेन्टमा पुग्न नपाउँदै हस्पिटलबाट बूढीकी छोरी रिनाले बूढा मरे भन्ने खबर गरिन् । साथीहरूलाई घर फर्कन्छु भनेर सुबु अत्तालिइन् तर रिनाले "फर्कनु पर्दैन, तिमीले बिदा सकेर फर्कनू" भन्दै सम्झाइन् । "अफ्रिकाबाट भोलि मात्र मेरो दाइ आइपुग्नुहुन्छ, दाइ आइपुगेपछि मात्र आइसबाट लास निकालिन्छ अनि भोलि बेताबरोत लैजाने हो ।"

सुबुको मन गह्रुँगो भयो पाइला अगाडि सार्न सकिनन्, थचक्क बसिन् । आफ्नै बाबा नभए पनि आफूले स्याहारसुसार गरेको मान्छे भएकाले ती बूढा उनलाई उनकै बाबाजस्तै लाग्थ्यो । अर्को कुरा, बूढा साह्रै मिजासिला, दयालु र अरूको मनोभावनाको कदर गर्ने स्वभावका थिए । उनलाई लाग्यो, "भगवान्ले पनि राम्रो मान्छेलाई नै रोज्दा रहेछन् ।" बूढाका मृत्युमा उनीहरूका परिवारजन र आफन्तहरू दु:खी थिए जुन स्वाभाविक पनि थियो । सुबु भने अझ उनीहरूभन्दा धेरै दु:खी थिइन् । उनको वृद्ध रोजगारदाताको मृत्युसँगै उनका सपनाहरूको पनि मृत्यु भएको थियो । उनका अघि नाबालक छोराछोरीको अनुहार फनफनी घुमिरहेको थियो । उनका छोराछोरीको भविष्य अन्धकार भएझैँ भयो । उनले कति धेरै सपना साँचेकी थिइन् ।

यसरी इजरायल आएको एकै वर्षमा यस्तो अवस्था आउला भन्ने कुरा सुबुले सोचेकै थिइनन् । पुनः नेपाल फर्केर हेर्न नचाहेका अनुहार पनि आँखामा घुमे । घृणाले थुक्क थुकिन् तर पनि विवशता देखियो अनुहारमा । आज बिदा मनाउन आएकी सुबु, इजरायलमा फलाउन फुलाउन खोजेको अधुरो सपनाबाटै बिदा हुन लागिरहेकी थिइन् । उनको अवस्था देखेर सविताले सोधी, "के भयो सुबु ? तिम्रो अनुहार फुङ्ग उडेको छ त ?" सुबुले उसलाई गम्लङ्ग अँगालो मारिन् र भनिन्, "सविता, म बर्बाद भएँ । मेरो रोजगारदाताको मृत्यु भयो ।"

"ए हो र ? तँ आएको बल्ल एक वर्ष त भयो । जति भने पनि काम पाइन्छ । सुरुमा काम खोज्न अनि स्थापित हुन अलि समस्या मात्र हो । चिन्ता नगर, हामी साथीभाइ मिलेर तेरो समस्याको हल खोजौँला ।" सविताले सम्झाउन खोजी ।

"यो संसारमा भगवान् रहेनछन्, जहाँ गए पनि मैले नै दुःख पाउनुपर्ने" भन्दै सुबु टाउकोमा हात राखेर थचक्क बसिन् । ठिही र तुसारोले खाएको जस्तो उनको अनुहार सेतो भएको थियो, हातखुट्टा चिसिएका थिए ।

सुबुले सोचिन् । मस्तिष्क शून्यताले भरिएको छ । उनले देखिन्, अगाडिको बाटो बन्द भएको र पछाडि भिषण बाढी आइरहेको थियो । माथि हेरिन्, आकाश खसेझैँ देखिन्थ्यो भने जमिन भाँसिँदै गएको भान भयो । साथीभाइको आश्वासनले पर क्षितिजमा कतै आशाको किरण देखा पर्दै थियो । तर पनि अचानक आफ्ना अघिल्तिर अप्रत्याशित रूपले आइपरेको नसोचिएको मोडले उनको मन भरङ्ग भएको थियो ।

# अदृश्य प्रेम

सम्झनामा आफूलाई हराएर म तिम्रै मायामा समर्पित हुन चाहन्छु । खै किन हो किन ! तिमीतिरै लहसिएको छ यो मेरो मन । न तिम्रो तस्बिर देखेकी छु, न त साक्षात् भेट नै भएको छ तर आफ्नो मनमा तिम्रो अलौकिक प्रतिबिम्ब सजाएकी छु । तिम्रा हरेक शब्दहरूले सपेराले बीन बजाएर सर्पलाई तानेझैँ तानिरहेको छ, म तानिइरहेकी छु । खै के जादु छ तिमीमा, पत्तै पाउँदिनँ । दिनानुदिन तिम्रै कल्पनामा हराउँदै गइरहेकी छु । तिम्रा हरेक वाक्यहरूले मेरो मनमस्तिष्क रन्थन्याउँछन् । जसरी दूध र पानी मिलेर एउटा नयाँ रस बन्दछ, त्यस्तै तिम्रो र मेरा भावना मिलेर एउटा नयाँ रस उत्पन्न गरिरहेको हुन्छ । जब दुवै जनाको मनमा एकअर्काप्रति समान प्रेम तथा समर्पणको भावना उत्पन्न हुन्छ, तब मात्र यस्तो अनुभूति हुन्छ । हो, तिम्रो प्रेमले मलाई हरहमेसा आकर्षित गराइरहन्छ । वसन्त ऋतुमा भर्खरै पलाएका मुनाहरू लहलह हुँदै हल्लिएका छन् । एकतमासले नाचिरहेका तितरीका पातहरू घरीघरी हाँगामा ठोकिएका र घरीघरी हाँगामा टपक्क टाँसिएका देखिन्छन् । तिनीहरूले मलाई गिज्याएझैँ लाग्दछ । चेरीका पुराना पातहरू झरेर नयाँ पात पलाउँदै छन् ।

मेरो यो निस्सार जीवनमा यी तितरीका रूखजस्तै लहलह झुलाउने, फुल्ने, फुलाउने नयाँ आयाम थप्न कल्पनामा मैले मेरो वसन्तलाई पाएकी थिएँ । कति विवश छु म । न म उनलाई छुन

सक्छु, न माया पोख्न । अभागी रहेछु । न उनको सुमधुर स्वर सुन्न सक्छु, न उनको काखमा टाउको अड्याएर रुन । सक्छु त केवल कल्पनाको उडानमा अनन्तसम्म उड्न मात्र । कायाकल्पदेखि कायापलटसम्म यायावर बनेर । निर्धक्कसँग कुनै छेकबारबिनै गन्तव्यहीन यात्रा पछ्याइरहेकी हुन्छु म । 'विरहको आँसुले माला गाँसिराखे है भरे भेट्न आउँला...' इमेल खोल्नासाथ यस्तै म्यासेज पाएँ मैले । खुसीले आह्लादित हुँदै निकैबेर रमाएँ ।

जिन्दगीको मोडमा, रेगिस्तानको मरुभूमिमा, औडाहा लिएर बाँच्नुपरेको निराश जिन्दगी । यहाँ कोही आफ्नो भन्ने छैन । तथापि जीवन बाँचिरहेछ । धेरैबेर बगैँचाको दूबोमा पल्टिएँ । सिरसिर बतासले बयेली खेल्दै मेरो कपाल उडाइरहेछ, लाग्यो त्यो हावा उही प्रिय वसन्त हो । मलाई खुसी बनाउन मेरो एक्लोपनलाई साथ दिन उनी मसँग अनेक रूपमा मेरै वरिपरि घुमिरहन्छन् । मैले बगैँचामै आइप्याड खोलेँ । म्यासेज रिप्लाई गरेँ, 'म तिम्रै पर्खाइमा थिएँ; तिमी टुप्लुक्क आइपुग्यौ । मैले हतार गरेर कालो चिया बनाएँ । तिमीले आएर मेरो साथ दियौ । बगैँचामा सँगै बसेर कालो चिया पिउँदा खुसी थिएँ तर तिमी फर्कंदा फेरि निराश भएँ । अहिले चाहिँ दैनिक कार्यमा लागेकी छु ।'

जीवनका अनेकौँ उकालीओरालीहरूमा कति बाध्यता, विवशता र रहरहरू बोकेर बाहिरिएकी म । मेरो संसार भनेका मेरा सन्तति हुन् । उनीहरूको उज्ज्वल भविष्य नै मेरो सपना हो । आफन्तलाई चटक्कै छोडेर रित्तो, एक्लो र निराश जिन्दगी बाँच्नुपर्ने विवशता छ मेरो । दिनभरिको निरन्तर कामले लखतरान भएको नीरस जिन्दगीमा म डुबिरहेकै हुन्छु ।

मसँग एक थान कम्प्युटर छ । मेरो खुसीमा केही किरण छर्ने यन्त्र यही कम्प्युटर भएको छ, कम्प्युटर नै पनि किन भनौँ र यसलाई एक्लोपनको साथी भन्नु ठीक हुन्छ । अनि यही नै हो मेरो

निस्सार जीवनको रमाइलो क्षण पनि । जीवनलाई जगत्सँग जोड्ने कडी पनि यही हो । जेलको घेराजस्तो साँगुरो जीवनबाट संसार नियाल्ने यन्त्र । कम्प्युटर खोल्नेबित्तिकै मेरो इमेल बक्समा राता धर्साहरू पिलिकपिलिक गर्दै थिए । म्यासेज आएको हुन्थ्यो 'तिमी नितान्त एक स्वाभिमानी नारी हौ । परिवारको सरोकार त सबैले राख्छन् । तिमीले अऊ बढी नै राख्छौ । यी त सामान्य कुराहरू भए । तिमीमा उमङ्ग छ, केही गर्नुपर्छ भन्ने जोस छ । एउटा लोभलाग्दो प्रतिभा छ । साँच्चै तिमीले केही गर्न सक्छौ । मलाई तिम्रा यिनै पक्ष बढी मन परेका हुन् । म अब केही दिन एउटा सम्मेलनमा जाँदै छु । इमेल इन्टरनेट बन्द हुन्छ, निकै समयका लागि । संयोग मिले फेरि भेट होला नभएमा... ।'

मैले म्यासेज पढेँ । सुरुको हरफले म पुलकित भएकी थिएँ । अन्तको हरफले मर्माहित पनि भएँ । आजसम्म मसँग भएको प्रतिभालाई कसैले खुलेर प्रशंसा गरेका थिएनन् । उल्टै मेरो प्रतिभालाई रोक लगाउन मेरा आफ्ना भन्नेहरूले खुट्टा तानेर पछारेका थिए । यति नगरेको भए आज म यहाँसम्म आइपुग्ने थिइनँ होला । तिनै उपहासले नै मेरो जीवनमा ऊर्जा पनि दिए । जसले गर्दा सिर्जनाको बाटोमा सचेत भएर लाग्ने मैले अठोट पनि गरेकी थिएँ । साह्रै दुःख लाग्यो, अब भोलिका दिनहरू कसरी बिताउने ? दिनैपिच्छे म्यासेज नआए पनि आउँछ भन्ने आशाले मन शान्त हुन्थ्यो । आशाले नै मान्छे बाँचिरहेको हुन्छ । फोन गरौँ भने नम्बर पाएको छैन । उनीसँग अहिलेसम्म फोनमा बोल्ने मलाई हिम्मतसमेत छैन । मलाई लाग्छ उनी यति व्यस्त छन् कि फोनमा बोल्ने समय नभएरै उनले मलाई फोन नम्बर नदिएको मैले अनुमान लगाएकी थिएँ ।

उनले मसँग इन्टरनेटमा कुरा गर्न हुन्न भनेका थिए । म त अकमक्क भएर एक्लै सोच्न थालेँ । कहाँको को मान्छे होला ?

उसको पनि आफ्नै घरपरिवार अनि आफ्नै संसार होला । म पनि त आफ्नै घरसंसार भएकी स्वास्नीमान्छे हुँ । किन म उनीसँग यसरी आसक्त भएकी हुँ । हुन त हामी त्यस्तै कुनै बास्नाको प्रेममा परेका थिएनौँ । हामी दुईलाई एकै गराउने तत्त्व थियो सामाजिक जागरण । हामीबीच नितान्त निस्स्वार्थ सामाजिक सम्बन्ध थियो । जीवन र जगत्को सम्बन्ध कलाको सम्बन्ध हो । यहाँ धन, दौलत, स्वार्थको कुनै गन्ध हुँदैन । साथै उनी साहित्यमा केही रुचि पनि राख्थे । उनी बढी भावनामा पनि बग्ने गर्थे । मलाई उनले जस्तो माया अरू कसैले दिएकै थिएन भने पनि हुन्छ । वसन्त मेरो जीवनको सबैभन्दा आत्मीय र आदरणीय प्राणी हो । उनै प्राणीसित म लीन थिएँ । उनी अध्ययनशील हुनुका साथै सांसारिक मोहमा पनि लागिपरेका मान्छे थिए । म मानवसेवा र साहित्य बुझ्दथेँ । म पनि लेख्न मन पराउने एक साहित्यिक अनुरागी नै थिएँ । उनले लेखेको ‘मौका मिले, समयले साथ दिएमा फेरि भेटौँला’ भन्ने हरफ सम्झँदै ‘भगवान् मेरो वसन्तलाई मबाट टाढा नबनाइदेऊ । म ऊबाट धेरै बुझ्न चाहन्छु’ भन्ने कामना गर्थें ।

माया छोएर, सुँघेर मात्र हुने होइन । मेरो उनीप्रतिको लगाव देखेर आफैँ अचम्म हुन्थेँ । वसन्तसँगको सम्पर्कविहीन दिनहरू पढ्न बाँकी किताबमा व्यस्त भएर बिताउने निर्णय गरेर चित्त बुझाएँ, तर पनि मन गह्रुँगो भएर आयो । वसन्तको म्यासेज पढ्न नपाएको झन्डै छ महिना बितिसकेको थियो । दिनमा कैयौँ पटक म्यासेज बक्समा आँखाहरू मडारिन्थे । फेरि निराशाले दुखेका मनका जिजीविषा सुमसुम्याउँदै मनलाई किताबका पानामा केन्द्रित बनाउन अभ्यस्त थिएँ । किताबका पानाहरू पल्टाउँदै अक्षरहरूमा वसन्तकै प्रतिबिम्ब पाउँथेँ । उनले दिएका शिक्षाहरू आत्मसात् गर्दै अगाडि बढ्दै थिएँ । साहित्यका किताबहरू पढ्ने

होइन, अध्ययन गर्नुपर्छ भन्ने उनको कुरा मनन गर्थें । आफूलाई जति संयमित गर्दागर्दै पनि थाम्न गाह्रो हुन्थ्यो, अनि म्यासेज गरेर चित्त बुझाउँथें । 'जीवन शून्यतामा हराइरहेको बेला तिमीले सही मार्ग डोऱ्याएर नयाँ हौसला जुटाइदियौ । तिमीले दिएको भूमिका निर्वाह गर्दागर्दै तिमीमा हराएको पत्तै पाइनँ । अर्कालाई भेट्टाइदिएर आफू हराउने कुन आदर्शको बलिदान हो यो ? फेरि यो नितान्त एक्लोपन दिएर कहाँ गयौ ?' मैले यी वाक्य लेखेर मन हलुङ्गो बनाएँ ।

समयलाई न रोक्न सकिन्छ न छेक्न । जीवन दुःखसुखको भेल उछिनेर कहिले मिलनमा रमाउँदै कहिले बिछोडमा आँसु बगाउँदै अनवरत चलिरहन्छ । नदीजस्तै अविच्छिन्न बगिरहन्छ जीवन । म वसन्तको कल्पनामा नै थिएँ ।

धेरै दिनको झरीपछि आकाश खुलेको छ आज । बिहानीको न्यानो किरण मेरा अङ्गअङ्गमा सलबलाउँदै थिए । आज किनकिन त्यो घामको किरणले वसन्तको न्यानो मायाको आभास दिइरहेको छ । उनलाई आज भेट्छु नभए पनि म्यासेज त पाउँछु भन्ने कताकता लागेर मन खुसी भयो । मस्तिष्कभरि वसन्तका एक-एक शब्दहरू सलबलाउन थाले । मनमा उनका लागि हुर्केको प्रेम र श्रद्धा झाँगिँदो छ । वसन्त ऋतुको आगमनले रूखबिरुवाका मुना र पालुवाले मौसम रङ्गिन बनेको छ अनेकौँ रङले सिँगारिएकी बेहुलीझैँ भएर । रङ्गीविरङ्गी पुतलीहरू बगैँचामा डुलिरहेका छन् । रहर लाग्दा फूलहरूमा पखेटा झिमझिम पार्दै उडिरहेका पुतलीहरू देखिन्छन् । यी दृश्यले मलाई एकनास लोभ्याइरहेको छ । सर्पले काँचुली फेरेझैँ मेरो जीवनमा पनि एक प्रकारको नयाँ जोस र उमङ्ग छाएको छ । उनलाई सम्झँदाखेरि मेरो मनमा उम्लने रहर र छटपटी, किन यस्तो ? किन यति धेरै आसक्ति ? आफूलाई आफैँले प्रश्न गर्दैछु । उद्देश्यहीन लाग्ने मेरो विवशता ।

मनभित्रको कोमल भावना छताछुल्ल भई कतै निकृष्ट र निरर्थक भावनामा रुमलिएँ भने मैले के गर्ने ?

यस्तै भावनाहरू मनमा खेलाउँदै म ओछ्यानमा पल्टिएँ तर पनि मन उकुसमुकुस भइरह्यो । सुत्न खोजें, सकिनँ । उठेर फेरि ल्यापटप खोलें, म्यासेज बक्समा रातो धर्का सलबलाएको देखें । उत्साहित हुँदै वसन्तको म्यासेज हुनुपर्छ भन्ने अनुमान लगाएँ किनभने रातको सन्नाटामा नै किताबका पानाहरू पल्टाउँदा उनले मेरो फल्लको आउँछ भन्थे । मैले पढेका किताबहरू तिमीले पढ्नुपर्छ भनेर बारबार सम्झाउने उनको बानी थियो । इन्टरनेटको गति कम भएर निकैबेर लाग्यो वेभ खुल्न पनि । म उनका शब्दहरूमा रमाउन हतारिएकी थिएँ । नभन्दै म्यासेज बक्समा उनकै म्यासेज आएको रहेछ ।

'यतिका दिन के गरेर बितायौ ? कुनकुन किताब पढ्यौ ? तिमीलाई दु:ख भइरहेको होला जस्तो लाग्छ । फेरि तिम्रो माया पनि लाग्छ । हुन त हामी सबैलाई दु:खले कहिल्यै छोड्दैन । शङ्कर लामिछानेका निबन्धहरू, उनको कथासङ्ग्रह 'गौँथलीको गुँड' कथामा दर्शन छ । सबैले उनको 'एब्स्ट्रयाक्ट चिन्तन र प्याज' बढी पढ्छन् । मैले भन्न खोजेको तिम्रो लेखिने पुस्तकमा त्यहाँबाट पनि केही खुराक लिन सकिन्छ । मलाई तिम्रा रचना औधी मन पर्छ । धेरै दिन पढ्न नपाएकोले न्यास्रिएको छु ।

तिम्रो कविताभित्र सङ्गीत हुन्छ, हामी त्यसैले तानिन्छौँ । हार्मोनी, त्यसबाट हरदम सृजना हुन्छ । भूपीको कविता मीठो भएको हार्मोनीले हो । समको 'चिसो चूह्लो'भित्र यो हदै राम्रोसँग मिलेको छ । सन्तेले गौरीलाई सम्झेर भन्छ, 'तिमी जुन जुन हाँगा समाउँछौ, त्यो मेरो औँला हो । तिमी जहाँ जहाँ बस्छौ, त्यो मेरो काख हो ।' हो, त्यस्तै सन्तेले झैँ मैले तिमीलाई सम्झेको छु ।' यति पढ्नासाथ मेरा

आँखा रसाए । फेरि अलि तलको म्यासेज पढ्दै गएँ । अर्को मीठो कविताले मनमुग्ध बनायो ।

**यो गोधूलि साँझ**
**आकाशभरि फैलिएर उडेका मलेवाहरू**
**म के सन्देश पठाऊँ ?**
**मेरो उनीलाई**
**मेरो यक्ष जिन्दगी यहाँ**
**यो हाइफामा या मदन भोटमा**
**सम्झ, म प्यागमिलन तिम्रै तस्बिर कोर्दै छु ।**

त्यसरी म एक समाहित पाउँदै छु । अहिले म वल्ट विट्म्यासनको लिटस अफ ग्रास पढ्दै छु, आजलाई बिदा ।'

मसँग बढी सम्पर्क नगर, मोहनी लाग्छ है । सपनामा वसन्त, वसन्त भनौली र घरमा कचिङ्गल मच्चिएला भन्न पनि उनले बिर्सने गरेको मलाई थाहा छैन । बेलाबेलामा ठट्यौली गर्ने उनको म्यासेजले पनि मेरो मन तरङ्गित पार्ने गर्छ ।

प्रवासको यो जेलजस्तो जिन्दगीमा यदि यो इन्टरनेट नहुँदो हो त कति सकस होला । आजभोलि कोही साथीभाइ नभए पनि यही प्रविधिसँग खेल्दा दिन काट्न मुस्किल पर्दैन । यही इन्टरनेटको माध्यमबाट मैले मेरो प्रिय साथी वसन्तलाई पाएकी छु । म सम्झन्छु, हिजोको ढुङ्गे युग, रूखका बोक्रा लगाउने, कन्दमूल खाने पुर्खा थिए भने आज हरेक कुरा रेडिमेड पाइने भएको छ । हिजो अँगेरीको मसी बनाएर नेपाली कागजमा लेखेर, परेवाको खुट्टामा बाँधेर एक ठाउँबाट अर्को ठाउँमा खबर पठाइन्थ्यो भनेर मेरा हजुरबुबा भन्नुहुन्थ्यो । अहिले म नातिनीले मोबाइलबाट नै संसारलाई चियाइरहेकी छु । रेगिस्तानको मरुभूमिमा रुमलिरहँदा पनि कहिले मोबाइल त कहिले ल्यापटपबाट संसारलाई नियाल्न पाइएको छ । यिनै डिजिटल भेटघाटबाट नै यो जीवन रसिलो बनाउन प्रयत्न

गर्नुपरेको छ । अर्को कविता आइसकेको रहेछ । हतारहतार आँखा पुगिहाले ।

**यो डेड सी**
**इजरायको अङ्कमालमा**
**बाँधिएकी युगयुगान्तरसम्म**
**यही डेड सी न हौ तिमी**
**मेरो तनभरि, मेरो मनभरि छाएकी छौ**
**म कहाँ खोजूँ तिमीलाई ?**
**जब मेरो श्वासप्रश्वासमा तिमी नै तिमी छौ ।**
**उदात्त आह्लादित यो अम्बर**
**यो मन, यो क्षण**
**विश्वास निशा या दिवा**
**मेरो आत्मामा तिमी नै मात्र तिमी छौ ।**

यही रचना मैले दोहो¥याएर पढैं । मन प्रफुल्ल भयो । समान चीजले समान चीजलाई नै आकर्षित गर्छ भनेझैँ जब कसैसँग हाम्रो भावना र विचारले मेल खान्छ तब हामी त्यस्तै विचार भएकातिर आकर्षित हुन्छौँ । त्यस्तै दुवैको विचार मेल खाएर नै हामी एक-अर्कामा हत्ते गर्छौं ।

एक हप्तामा कहिले एक पटक त कहिले दुई पटक उनको म्यासेज आउने गर्थ्यो । एक्कासि धेरै दिनसम्म उनको कुनै म्यासेज आएन । सोचेँ, कतै केही काममा व्यस्त भए होलान् । मलाई केही नभनी उनी फेरि गायब हुँदा कताकता नरमाइलो पनि लाग्यो । उनको म्यासेज पढ्न न्यास्रिएको मन बेचैन थियो । उनका शब्दहरू मेरा लागि नशा बन्न थालेका थिए । त्यही शब्दका यादहरूले मेरो मन छटपटिन्थ्यो । आँखाहरू उनैको म्यासेज आउने इनबक्समा डुलिरहन्थे ।

निकै दिन बित्यो । उनका शब्दहरूमा रमाउने मन व्याकुल बन्दै थियो । माया भन्ने कुरा त दिनप्रतिदिनको निष्ठामा गाँसिँदै

जाने कुरा रहेछ । उनको बोलीचाली, व्यवहार र जीवनोपयोगी शब्दहरूमा म आकर्षित हुँदै गएकी थिएँ । उनी मेरो जिन्दगीमा आएदेखि जीवनले अर्कै मोड लिएको थियो । उनका शब्दहरूमा डुबुल्की मार्नु मेरो आदत बनिसकेको छ । साहित्यको मोहभित्र यसरी गाँसिएकी छु अब छुटाउन खोजेर पनि मलाई कसैले पूरै छुटाउन सक्दैनथ्यो ।

मान्छेलाई विभिन्न कुराको नशा लागेझैँ मलाई उनका शब्दहरूले लठ्याउँछन् । यति सोच्दासोच्दै उनलाई म्यासेज गर्न मन लाग्यो । 'प्रेम कसैले समर्पणलाई, कसैले विश्वासलाई, कसैले त्यागलाई, कसैले प्राप्तिलाई भन्लान् । प्रेम विषयमा मान्छेपिच्छेका फरक परिभाषा हुन सक्छन् । यही प्रणय-प्रेमलाई सही ढङ्गले उपभोग गर्न सके अमृतको काम गर्दछ भने गलत तरिकाले उपभोग गरे विष पनि हुन्छ । प्रेमको सार बुझ्न सारा जिन्दगीकै लगानी लाग्न पनि सक्छ । प्रेम त्यो अनुभूति हो जसले अन्तरआत्मादेखि मानिसलाई सुख दिएर बाँच्न प्रेरित गर्दछ । प्रेम गरिरहनु आवश्यक हुँदैन । सफा हृदय भएका प्राणीको हृदयमा यो आफैँ उत्पन्न हुन्छ र आफूप्रति सद्भाव राख्ने हरेक प्राणीप्रति यो अनवरत रूपमा आफैँ पोखिन्छ ।

वसन्त, तिम्रा शब्दहरूसँगको मेरो प्रेम निस्स्वार्थ थियो, छ र जीवनभर रहिरहनेछ । तिमी जहाँ भए पनि म तिमीले सिकाएको बाटोमा हिँड्नेछु । तिमीलाई तिम्रै शब्दहरूमा भेटिरहन पाऊँ । तिमीलाई दुःख दिने, तिमीलाई सताउने मेरो कुनै मनसाय होइन । जहाँ भए पनि खुसी हुनु ल !'

धेरै दिन कुर्दा पनि उसको अत्तोपत्तो थिएन । कार्यालयको काममा समेत व्यस्त रहने वसन्तको झन्डै डेढ महिनापछि फेरि म्यासेज पाएँ । 'मानवप्रेम सर्वोत्कृष्ट हुन्छ तर त्यहाँ कुनै रागको गन्ध हुनु हुँदैन । त्यहाँ केवल मन र मस्तिष्क मात्रै रहन्छ । उसले

आफ्नो पवित्र भावना फैलाइरहेकै हुन्छ । ऊ भाग्यमानी पनि हुन्छ । उदाहरणका लागि तिम्रो मन मप्रति बगिरहने पवित्र धारासरि बगेको छ । त्यही बगाइले त तिमी कपासजस्तै हलुका बन्दै यति माथि कल्पनाको उडानमा बग्दै छौ । मेरो निश्छल प्रेमको रापले बाफिएर तिमी माथिमाथि आकाशमा बादलसरि सलबलाइरहेकी छौ । अब तिमी बुँदबुँद बनेर सम्पूर्ण साहित्य-अनुरागीका खडेरी परेका बारी-कान्ला, पाखापखेराहरूमा छताछुल्ल हुनुपर्छ ।

तिम्रो अथाह प्रतिभा उजागर गर्नु नै मेरो उद्देश्य हो । तिमी मेरा शब्दहरूमा नतमस्तक हुनुको कारण पनि यही हो । जीवनमा कुनै चीजको पनि स्थायित्व छैन । कलकलाउँदो जवानी ढलेर जान्छ । सुन्दर फूलहरू ओइलाउँदै अन्तमा सुकेर जान्छन् । मानव चोला नै नाशवान् छ भने तिम्रो मप्रतिको लगाव कति समयसम्म रहला र ? साहित्य, कला त्यो मधुर धुन हो जसले बाहिरी ध्वनि पैदा गर्दैन तर मनलाई भने प्रफुल्ल हुने गरी तरङ्गहरू पैदा गरेर जान्छ । त्यसैले मनलाई सधैँ प्रफुल्ल बनाउने काममा लाग्नू । आफूलाई सधैँ खुसी राख्न जीवनमा बाँकी नरहने वस्तुहरूको मोहमा धेरै जकडिनु हुँदैन । तिमीले आफ्नो एक्लोपनको साथी अध्ययन, लेखाइलगायत मानवसेवा ठान्नुपर्छ जसले तिमीलाई आफ्नो जीवन नरहँदा पनि बचाइरहन्छ ।'

हो, वसन्तका यी र यस्तै शाश्वत वाणीहरूले नै मलाई उनीप्रति अदृश्य प्रेम बढाइरहन्छ । जीवनमा उनलाई भेट्छु वा भेट्दिनँ तर उनका मृदुल र कोमल शब्दका तरङ्गहरूको आभासमा म रमाइरहन सक्ने भएकी छु । उमेर, परिस्थिति, परिवेशअनुसार मनमा अनायासै रङ्गीन भावना उत्पन्न हुन जान्छ । अहिले मेरो मनले वसन्तलाई मन पराएको छ । उसप्रति आसक्त गराउने जुन अदृश्य तत्त्व छ, त्यो भावना नै प्रेम हो । म त्यही भावनात्मक प्रेममा मनमौजी रमाइरहेछु ।

आत्मिक तिनै हुन् जसले आफूबाहेकको अस्तित्वलाई पनि स्वतन्त्र र स्वेच्छाले जीवन जिउन दिएको हुन्छ ।

म नबाँधिएर पनि बाँधिएकी छु, कसैले नतान्दा पनि तानिएकी छु र म स्वतन्त्र भएर पनि बद्ध छु । म पखेटा नभए पनि उडिरहेकी छु र मनले माथिमाथि, परपर त्यो निरञ्जन निराकार आँखाको शून्यताभित्र उमङ्गको फिलिङ्गो अनुभव गरिरहेछु–

एउटा अदृश्य प्रेम ।

# अनु, कृतिका र म

कामले लखतरान भएर ओछ्यानमा पल्टिएकी थिएँ । मोबाइलमा फेसबुक खोलेँ । 'तिबेरियामा काम गर्ने दार्जिलिङकी अनु शेर्पाको मृत्यु' भन्ने लेखिएको थियो । विश्वास लागेन । मृत्युजस्तो कुरा पनि कसैले त्यसै पनि त लेख्दैन । तिबेरियामा काम गर्ने सबीलाई फोन गरेँ । "मैले नि यस्तै सुनेँ । उसले काम गर्ने घरतिर जाँदै छु । म घटनास्थलमा पुगेर खबर गर्नेछु" भनेपछि फोन काटियो ।

एकदम हाँस्नुपर्ने, बोल्नुपर्ने, सबैसँग मिल्ने केटी । अस्ति भर्खरै तीजमा सँगै नाचेका थियौँ । अहिले मरी भन्दा मेरो मनै भरङ्ग भएको थियो । 'अनुले जीवन नै समाप्त गर्नुपर्ने अवस्था कसरी आयो होला ?' सोच्दै फेसबुकमा हेर्दै थिएँ । अनेक थरी कमेन्ट आइरहेका रहेछन्, 'कसैको पेट बोकेकी थिई होला अनि मरी', 'ब्वाइफ्रेन्डले धोका दिएकाले मरी होली', 'घरमा आफ्नो श्रीमान्सँग ठाकठुक परेर मरी होली' । सबैका आआफ्नै अनुमान छन् । जबाफ दिने अनु मरिहाली अब जसले जे लेखे पनि भएकै छ तर यस्ता घटनामा त्यसरी संवेदनाहीन टिप्पणी त गर्न नहुने हो नि । कसैले एकबारको यो जुनी त्यसै खेर फाल्छ र ?

हो त नि है ! मान्छेले आफ्नै जीवनप्रति अवमूल्यन किन गर्छन् होला ? मेरो मन उद्वेलित भइरहेको थियो । एक मनले सोचेँ, सोचाइको लघुताभासले गर्दा मान्छेले गलत कदम चाल्न पुग्छन् । कति साँघुरो सोच । सर्वश्रेष्ठ ठानिएको मान्छेले आफ्नो अमूल्य जीवनको आफैँले

अन्त्य गर्नु कति दुःखदायी घटना । मान्छेको भोक, रोग, अभावजस्तै दुःखहरूमध्येको एउटा दुःख तनाव पनि हो तर तनाव कम गर्ने हजार उपाय हुँदाहुँदै यसरी जीवन समाप्त पार्ने अनुलाई मनमनै छामेँ, 'किन मरी अनु ?'

यत्तिकैमा दार्जिलिङकै बहिनी कृतिले फोन गरिन्, "दिदी, त्यो अनु त हाम्रै छिमेकी पो रहिछन्, इन्डियाबाट फोन आएको थियो आमा बेहोस छिन् रे ।"

आत्महत्या गरेर त्यो जन्म दिने आमाबाबालाई कस्तो घात गरेकी होली ? मेरो टाउको रिङ्गियो ।

"दिदी, मलाई पनि मेरा श्रीमान्ले धेरै टर्चर गर्छन् । कमाएको पैसा एक-एक हिसाब गरेर लिन्छन् । मैले यहाँ कस्तो गाह्रो गरेर समय बिताएकी छु । यसो साथीभाइसँग बाहिर निस्कियो भने पनि आज कुनचाहिँ नाठो लिएर हिँडिस् भनेर तथानाम गाली गर्छन् । तपाईंले विदेशमा बस्नेलाई धेरै टर्चर गर्नुहुन्न भनेर सबै समेटेर एउटा लेख लेखिदिनुस् न त्यो मेरो पशुले पनि पढून् ।" अनु भन्दै थिई, "म भने रातदिन उनैको यादमा तड्पिन्छु, उनले मलाई शङ्का गर्छन् । मेरो फेसबुक आइडी र मेरो ल्यापटपमा पनि 'टिम भ्युवर'बाट सबै उनैले हेर्छन् ।

"अस्ति तीजको कार्यक्रममा आउँदा पनि राति अरूलाई डिस्टर्ब हुन्छ भनेर सरु दिदीले सबैलाई मोबाइल स्विच अफ गर्न भन्नुभएको थियो । मैले बन्द गरेर सुतेँ, उनले निकै चोटि कल गरेछन् । बिहान हेर्दा निकै मिसकल देखेँ अनि उनलाई कल गरेँ । उनले रिसले मुर्मुरिँदै 'कोसँग सुतेकी थिइस् ? मोबाइल अफ गरेर' भनेर पो गाली गरे । म सहन नसकेर भक्कानिएँ । गालामा आँसुका ढिक्काहरू देख्दा सरु दिदीलाई खपिनसक्नु भएर मेरो मोबाइल खोस्नुभयो र मेरो श्रीमान्सँग बोल्न थाल्नुभयो । उनी भने आफ्नै श्रीमती सम्झेर 'तँ बेस्या होस्,

फोन अफ गरेर कोसँग सुतेकी थिइस्, ल भन् ।' 'ओ भाइ, तिमी मुख समालेर बोल, म उसको साथी हुँ । त्यस्तो शङ्का गर्ने मान्छेले आफ्नो आँखाअगाडि राख्नू नि आफ्नी बूढीलाई । किन पठाएको इजरायल ? तलब लिँदा त मेरो पैसा भनी एक-एक हिसाब गरेर स्वाद लिने । आज एक दिन तीज मनाएर दिदीबहिनीसँग बस्दा पनि कोसँग सुतिस् भन्ने ? तिम्री श्रीमती मात्र हो र यहाँ काम गर्ने ? मसँग सुतेकी थिइन् बहिनी । अरू के जान्नुपर्‍यो ?' सरु दिदीको कुरा पूरा नहुँदा नै उनले फोन काटिसकेछन् । सरु दिदीले मलाई फोन दिनुभयो । म काममा फर्किएँ ।"

"बाटोमा फेरि उनको कल आयो, 'को हो त्यो ? त्यसको नम्बर दे !' भनेर मलाई फेरि भने । मैले 'दिदी समाजसेवी हुनुहुन्छ, उहाँले धेरै दिदीबहिनीहरूलाई सहयोग गर्नुभएको छ । अन्याय गर्नेभन्दा अन्याय सहने मान्छे गलत हो भनेर सम्झाउनुहुन्छ । हामी पनि आफ्ना घरपरिवार छोडेर पराई भूमिमा काम गर्दै छौँ । हामीलाई पनि आफ्नो घरपरिवारको माया-विश्वास चाहिन्छ । नत्र कसरी काम गर्नु ?' मैले यसो भन्दै थिएँ 'धेरै कहानी नसुना, मलाई खुरुक्क त्यसको नम्बर दे' भनेर चिच्च्याउँदै 'हप्कीदप्की गर्ने आइमाईको नम्बर दे त ! त्यसलाई म केके गर्छु !' भनेर मुर्मुरिए । 'महिलालाई थिचोमिचो गर्नेलाई तह लगाउन, नारीका लागि नारी एक जुट हुनुपर्छ भन्ने उद्देश्यले संस्था नै खोल्नुभएको छ ।' यति भनेपछि उनी अलि मत्थर भए ।" केही दिनअघि मात्रका अनुका यी आवाज मेरो मोबाइलबाट अहिले पनि आइरहेझैँ लागिरहेको थियो र मेरा आँखाअघि उसको छवि र कानमा उसैको स्वर गुन्जिरहेको थियो ।

"दिदी, मान्छे सानो चोटले त किन मर्थ्यो होला र ?" अन्त्यमा कृतिकाले फेरि पनि त्यसो भन्दा पो म झसङ्ग भएँ अनि भनेँ, "हो त नि है ।"

यत्तिकैमा तिबेरियाबाट कल आयो । सबीले कल गरेकी रहिछे । कल रिसिभ गर्नेबित्तिकै उसले टेपरेकर्ड जस्तो ननस्टप घटना विवरण सुनाउन थाली, "अनुको लास हस्पिटलमा लगिसकेको रहेछ । ९५ वर्षको वृद्धालाई हेर्ने गरेकी रहिछे । तल्लो फ्ल्याटमा बूढी र छोराहरू बस्ने, माथिल्लो फ्ल्याटमा अनु बस्ने । हिजो बेलुका अबेरसम्म बूढी आमैसँग बसेर माथि गएकी रे तर बिहान अबेरसम्म पनि तल नझरेपछि के भएछ भनी माथि उक्लिएर ढोका ढकढक्याउँदा ढोका खुलेनछ । झ्यालबाट चियाउँदा ऊ झुन्डिरहेकी देखेर प्रहरीलाई खबर गरेछन् ।" सबी अझै भन्दै थिई, "ऊ झुन्डिएको तार काटेर उसको ढुकढुकी छाम्दा मरिसकेकी रहिछ । त्यै पनि अस्पताल लगेका रहेछन् । खाटभरि उसका कुर्ता, पाइन्ट, टिसर्टहरू छरपस्ट थिए । कोठामा पस्न दिएन प्रहरीले । बाहिर झ्यालबाट चियाएँ ।"

उसले गला अवरुद्ध पारेर थपी, "एकदम टिपटप भएर हिँड्नुपर्ने । उसले अस्ति मात्र दिदी आउनु न मेरो अपार्टमा, एक दिन दिदीबहिनी बसेर सँगै खाना खाऊँ भन्थी, तर आज उसको आवाज एउटा कापीको पानामा रातो अक्षरले लेखेको चिठीमा परिणत भएर खाटमा थियो । त्यो पनि हेर्न र त्यो कोठाको फोटो खिच्न पनि प्रहरीले दिएन । अस्पताल पनि पुगेँ । 'तँ को हो बिरामीको ?' भनेर सोधे । 'म साथी हो' भनेँ । 'साथीहरूलाई हामी हेर्न दिन सक्दैनौँ उसको परिवारबाहेक' भन्दा अन्तिम पटक हेर्न पनि पाइएन ।" अनुको असामयिक निधन अनि सबीको कारुणिक स्वरले मन दुख्यो । उही परिवेश, उही परिस्थितिमा आफू पनि काम गर्दै छु । मनमा अनेक तर्कनाहरू तँछाडमछाड गर्दै थिए । मोबाइलमा तपतप गरेर पानी झ्र्यो, अघि नै कतिखेर थाहा नै नपाई आँखा रसाएर डिल छिचोल्दै आँसु बग्दै गाला भिजाउँदै झरिसकेछ । मेरा आँखाअघि अन्धकार छायो । लाग्दै थियो, म अन्धकारमा विलीन भइरहेकी छु । घरीघरी

मोबाइलमा आउने मेसेजको आवाज र प्रकाशले भने अन्धकारलाई चिर्न खोज्दै छ कि जस्तो लाग्थ्यो ।

मोबाइलको मेसेज पढेँ, 'मैले तपाईंलाई सोधेर कृतिकालाई इजरायल पठाएको थिएँ । ऊ मेरी हो ।'

म इजरायलमा काम गर्ने र यहाँको गतिविधिहरू लेखिरहने भएकीले दार्जिलिङकै किरण हुँ भन्नेले निकै अगाडि 'महिलाहरूको लागि इजरायल कस्तो छ ?' भनेर सोधेको थियो । मैले 'इजरायल सुरक्षित हुनुको साथै महिलालाई सजिलो काम छ । तलब पनि राम्रै छ' भनेकी थिएँ । एक्कासि लक्ष्मीपूजाको दिन निकै लामो म्यासेज आयो । केवल 'मेरी हो' भनेर भनेको थियो । मेरी बहिनी, मेरो साथी, मेरी श्रीमती केही खुलाएको थिएन । कस्तो हो यो लोग्नेमान्छे ? 'मेरी हो' भन्दा के बुरुनुपर्ने ? अलमल्ल पर्दै अगाडि पढेँ । "धेरै समय तपाईंसँग सम्पर्कमा रहन सकिनँ, तर हामी फेसबुकमा साथी छौँ । तपाईंले एकदम राम्रो लेख्नुहुन्छ । म तपाईंका लेख-रचनाको फ्यान पनि हुँ । अहिले म्यासेज लेख्दा नि अप्ठ्यारो मान्दै लेखेको छु । तपाईंको क्रियाकलाप हेर्दा नै अत्यन्तै सहयोगीजस्तै लागेर हजुरबाट केही सहयोग मिल्छ कि भन्ने आशाका साथ यो मेसेज लेखिरहेको छु । अहिले उसलाई त्यहाँ एकदम गाह्रो भयो भन्छे । तपाईंले एकपल्ट उसलाई फोन गरेर सम्झाइदिनुभयो भने अत्यन्तै आभारी हुनेछु । तर तपाईंले उसलाई मैले नम्बर दिएको नभन्नुहोला । एक दाजुको अनुरोध हो बहिनीलाई ।"

अन्तिमको 'बहिनी' शब्दले अनि म पनि उही देशमा भएकाले फोन गर्न गाह्रो हुने भएन । मैले त्यही दिन कल गर्न सकिनँ । भाइटीकाको दिन कल गरेँ, फोन उठेन । एकछिनपछि कल आयो, 'को हो ?' मेरो प्रश्नको जबाफमा 'म कृतिका । हजुरको कल देखेर मैले फर्काएको' भनिन् । मैले आफ्नो परिचय दिएँ । अनि "बहिनीको काम कता हो ? कति भयो आएको ?" सोधेँ ।

'तपाईंसँग निकै अगाडिदेखि बोल्न मन परेको थियो तर बोल्न डर लाग्थ्यो । फेसबुकमा तपाईंको स्ट्याटसहरू हेरिरहन्छु ।' भन्दै प्रतिप्रश्न गरिन् ।

"आज कताबाट कल गर्नुभयो ? मेरो नम्बर कसरी पाउनुभो ?" एकदम मलिनो स्वर, कताकता डराएको जस्तो, बोल्दा पनि लजाएजस्तो आवाज थियो । किरणले दिएको भनूँ भने नभन्नु भनेको छ, मैले 'अपार्टको बहिनीसँग लिएको' भन्दै मैले भाइबरमा जोडिनका लागि आग्रह गरेँ । हामी भाइबरमा जोडियौँ । निकैबेर कुराकानी भयो । घरपरिवार श्रीमान् सबैका बारेमा खुलेर कुरा भयो । ऊ किरणकी श्रीमती रहिछे । कृतिकाको पहिलो श्रीमान् दुर्घटनामा परेर बितेका रहेछन् । आफ्नो कुनै पनि सन्तान रहेनछ । एक दिन साथीहरूसँग सिलिगुडी घुम्न जाँदा किरणसँग भेट भएछ । पहिलो नजरमा नै उनीहरूको आँखा जुधेपछि एकअर्काको टेलिफोन नम्बर साटिएछ । धेरै भेटघाट कुराकानीपछि प्रेम बसेछ ।

एउटा प्रहरी अधिकृतले आफूलाई मन पराउँदा कृतिका पनि खुसी नै भइछिन् । एक्लो जिन्दगीमा उनलाई पनि कोही आफ्नो भेटेको आभास भएछ । कृतिकाका परिवारले भने किरणलाई त्यति मन पराएनछन् । कृतिकालाई चाहिँ आफ्नो लोग्ने मरेको अनि एक्लो जिन्दगीमा किरणले नयाँ प्रकाश बोकेर ल्याएजस्तो लागेछ । किरणको व्यवहार एकदम राम्रो भएकाले उसलाई एक असल अभिभावक सम्फिछे । कृतिकाका उसका दिदीबहिनी र चिनेजानेकालाई पनि किरणले प्रहरीको जागिर उसैको सिफारिसमा लगाइदिएको पनि रहेछ ।

कृतिकाले कुरा गर्ने क्रममै फिल्मी संवादजस्तै एउटा कुरा सुनाइन्, "एक दिन अकस्मात् एउटा कल आयो । महिलाको आवाज थियो, 'कृतिका मेरो श्रीमान् किरणले तिमीलाई मन पराएको छ, तिमी ऊसँग बिहे गर । म मुटुको रोगी छु । यस धर्तीमा म दुई दिनको पाहुना हुँ । म मेरो छोराछोरी समाल्नेछु, तिमी किरणलाई

समाल ।' म त छाँगाबाट खसेझैँ भएँ । आफ्नै श्रीमान्लाई अर्को बिहे गराउन लगाउने श्रीमती त्यो पनि आफू हुँदैमा । यति धेरै भेटहरूमा उसले श्रीमतीले आफूलाई छोडिसकेको र माइतमा बसेकी बताएको थियो । म त के गर्ने ? रनभुल्लमा परेँ । 'तिमी डराउनु पर्दैन । किरण पनि लाइनमा नै छ' भनिन् । मैले केही बोल्न सकिनँ, फोन राखेँ । निकैबेर घोत्लिएँ ।"

कृतिकाले लामो निश्वास लिई अनि भनी, "जीवनले पनि कस्तो खेल खेल्छ । घरपरिवारमा सुनाएँ । कसैले पनि मान्नुभएन । श्रीमती छोराछोरी भएको त्यसमाथि पनि प्रहरीसँग तिमीले बिहे गर्नु पर्दैन । तिमी बल्ल २९ वर्षकी भयौ, के बिग्रिएको छ र ? तिमीले राम्रो केटा पाउँछ्यौ भनेर बाबाआमाले सम्झाउन खोज्नुभयो । मलाई भने जुन दिन किरणसँग आँखा जुधेको थियो, त्यो दिनदेखि ऊप्रति एक किसिमको लगाव नै भएको थियो । उसको व्यवहार, उसको मायालुपनबाट प्रभावित भएकी थिएँ । उसका श्रीमती, छोराछोरीहरू भए पनि मलाई केही फरक परेन । उसले पनि मलाई मनदेखि नै माया गर्थ्यो । उसले मलाई 'सानोमा बाबाआमाले बिहे गरिदिएको हो । सँगै बस्दा बच्चाहरू भए । उसको र मेरो कुनै पनि कुराहरू मिल्दैन । कहिले पनि ऊप्रति प्रेमभाव पलाएन' भन्थ्यो । 'तिमीसँग बोल्दा, तिमीलाई हेर्दा, तिम्रो हरेक क्रियाकलापबाट म अत्यन्तै रोमाञ्चित हुन्छु । लाग्छ तिमीलाई मेरै लागि बनाएका हुन् भगवान्ले ।' उसका यी कुरा लिएर धेरै सोचेँ, उसलाई माया गरेको मन कसरी मान्थ्यो र ! माया अन्धो हुन्छ भन्ने सुनेकी थिएँ । हो जस्तो लाग्यो । उसको सबै कुरा थाहा पाएर बिहे गरेँ अनि दुवैको सल्लाहमा इजरायल आएँ । सल्लाहले पठाएको भए पनि 'मसँग दुइटी श्रीमती भएर पनि एक्लो भएँ' भन्दै सधैँजसो गुनासो गरिरहन्थ्यो । हामी फुर्सद हुनासाथ कल गरेर निकैबेर एकअर्कामा हराइरहन्थ्यौँ । उसले 'तिमी नै मेरो जीवनकी एक सहारा हौ । तिमी कहिले फर्कन्छ्यौ, म पर्खाइमा छु' भन्थ्यो ।"

कृतिकाले पुन: लामो निश्वास लिई अनि बोली, "एकाएक ऊ गायब भयो । तीन दिनसम्म फोन म्यासेज केही आएन । म छटपटिएँ । के भयो भनेर आत्तिएँ । छिमेकीलाई कल गरेँ । जेठी श्रीमती बिरामी भएर उसैलाई हेर्न गएको रहेछ । उसकी श्रीमती छ, उसलाई बिरामी पर्दा हेर्नु उसको कर्तव्य हो तर मलाई जान्छु नभनी जानुको अर्थ के बुझ्नु मैले ? चित्त दुख्यो । मैले पनि फोन बन्द गरेर बसेँ । इन्टरनेट पनि बन्द गरेर बसेकी थिएँ । एउटा साथीले मेरो घरनजिकै काम गर्ने साथीलाई कल गरिछ । किरणले फेसबुकको स्ट्याटसमा 'त्यो कृतिका रन्डी हो । किरणकी श्रीमती होइन, अहिले ऊ अर्कै केटासँग रमाइलो गर्दै छे' भनेर अपडेट गरेको छ भनेर त्यो साथीले सुनाउँदा म त छाँगाबाट झरेजस्तो भएँ । लाचार भएर किरणलाई कल गरेँ । उसले किन फोन बन्द गरेर बसेकी त भनेर नानाभाँति भन्यो । मैले केही नबोली स्ट्याटस हटाउन अनुनय-विनय गरेँ । बिहान ४ बजेसम्म रोएर बसेँ अनि मात्र उसले डिलिट गऱ्यो ।"

मोबाइलमा सुँक्कसुँक्कको आवाज आउँदै थियो । सायद कृतिका रुँदै थिई । पुन: ऊ बोली "अहिले ऊ आफ्नी जेठी श्रीमतीसँग बस्छ । सोच्छु, मैले बिहे गरेर ठूलो भूल गरेँ । एउटालाई गुमाइसकेकाले उसलाई गुमाउन मनले मान्दैन । ऊ अरूसँग गएको पनि सहन सक्दिनँ, थाहा छैन के हुने हो मेरो भविष्य ? धनसम्पत्तिको वास्ता छैन, उसको माया पाए पुग्छ मलाई । त्यो माया बाँड्न सक्दिनँ दिदी ।" खोइ के भनूँ मैले ठ्याक्कै उत्तर पाइनँ र भनेँ, "समयले जस्तो परिस्थिति ल्याउँछ, त्यसको सामना गर्नुपर्छ बहिनी । साँचो प्रेम गर्नेले पाउँदा वा नपाउँदा पनि प्रेम हराउँदैन । प्रेमले एक थोक दिन्छ, सबै थोक लिएर जान्छ तर पनि त्यही एक कुरामा नै मान्छेले आफ्नो खुसी पाउँछ ।" मैले कुराको बिट मारेँ पछि कुरा गर्ने बाचा गर्दै ।

मान्छे जहाँ पुगोस्, जस्तोसुकै पक्वान्न खाओस् । ऐस-आरामको जिन्दगी किन नबिताओस् तर उसलाई खुसी हुन मनको माया चाहिन्छ ।

प्रवासको जीवनमा त झन् आफ्नोपनको प्यासी नै भइन्छ । आफ्नो घरपरिवार समाजबाट टाढा हुँदा मन तड्पिन्छ । मनले आफ्नो मान्छेको माया विश्वास अनि आफ्नोपन खोजिरहन्छ । पवित्र मन लिएर साँचो जीवन बाँच्नु नै जीवनसँग खुसी हुनु हो । जीवन खुसी हुनु नै जीवन सफल हुनु हो र आफ्नो कर्मको पाखुरीले आफ्नो भाग्यसँग लड्न सक्नु नै आफूले आफ्नो भाग्य निर्माण गर्नु हो । भाग्यले हामीलाई बनाउने होइन हामीले नै आफ्नो भाग्य बनाउने हो । जीवन अगाडि बढ्ने क्रममा कहिलेकाहीँ पछि फर्केर हेर्नु पनि पर्दो रहेछ, जहाँ आफूले बिराएका पाइलाहरू जीवनको गोरेटोमा अघि बढ्ने क्रममा उत्तिकै सहयोगी हुँदा रहेछन् । जिन्दगी सामुद्रिक भेलजस्तै हो, आफूविपरीतको दुरूह छालसँग जुध्दै तैरिँदा मात्र किनारमा पुग्न सकिन्छ भन्ने सोच्दै थिएँ । सङ्घर्षका सिँढी चढिरहँदा यथार्थ जीवनमा भेटिएका अनु तथा कृतिकाका जीवनले पनि मथिङ्गल हल्लाइरहेको थियो ।

मनमा अनेक तर्कना चलिरहेका थिए । उठेर झ्यालबाट देखिने समुद्रलाई नियाल्ने प्रयास गरेँ । धमिलो उज्यालोमा ज्वारभाटाहरूमा जहाज तैरिँदै किनारमा पुग्ने प्रयास गर्दै रहेछ । आफूलाई मनमनै सम्झाएँ– यस्तै त हो जिन्दगी ।

# अग्निको सात फेरो

मेरो बिहेको दिन थियो । मेरो कल्पनाको राजकुमारसँग वैदिक संस्कृतिअनुसार सप्तपदीमा वचनबद्ध हुँदै अग्नि साक्षी राखेर बिहेको कर्म भइरहेको थियो । अग्निको प्रत्येक परिक्रमासँगै सप्तपदीको एक एक पदमा बाचाकसम गरिरहेका थियौँ ।

पहिलो चरणमा सप्तपदीअनुसार मैले मेरो राजकुमारको अर्धाङ्गिनी हुने बाचा गर्दै पाइला अघि सारेकी थिएँ ।

"ॐ इष एकपदी भव सा मामनुव्रता भव विष्णुस्त्वानयतु पुत्रान् विन्दावहै बहूंस्ते सन्तु जरदष्टय: ॥१॥" (हे देवी ! तिमी सम्पत्ति, ऐश्वर्य र दैनिक खाद्य, पेय वस्तुहरूको प्राप्तिका लागि पहिलो पाइला अघि सार, जो सधैँ मेरो अनुकूल रहोस् । भगवान् विष्णुले तिमीलाई यस व्रतमा दृढ रहन र सक्षम तुल्याउनका लागि तिमीलाई श्रेष्ठ सन्तान प्रदान गरून् जो हाम्रा वृद्धावस्थाका सहारा बनून् ।)

घुम्टोले छोपिएको शिर निहुराएर म मेरा राजकुमारको पछिपछि स्वीकृतिका पाइला अगाडि बढाइरहेकी थिएँ ।

"ॐ ऊर्जे द्विपदी भव सा मामनुव्रता भव विष्णुस्त्वानयतु पुत्रान् विन्दावहै बहूंस्ते सन्तु जरदष्टय: ॥२॥" (हे देवी ! तिमी त्रिविध बल तथा पराक्रम प्राप्तिका लागि दोस्रो पाइला अघि सार, जो सधैँ मेरो अनुकूल रहोस् । भगवान् विष्णुले तिमीलाई यस व्रतमा दृढ रहन र

सक्षम तुल्याउनका लागि तिमीलाई श्रेष्ठ सन्तान प्रदान गरून् जो हाम्रा वृद्धावस्थाका सहारा बनून् ।)

मैले घुम्टोभित्रैबाट मेरो राजकुमारलाई चियाउँदै थिएँ, उनी मलाई निर्धक्कका साथ लगनगाँठोबाट तानिरहेका थिए ।

"ॐ रायस्पोषाय त्रिपदी भव सा मामनुव्रता भव विष्णुस्त्वानयतु पुत्रान् विन्दावहै बहूंस्ते सन्तु जरदष्टय: ॥३॥" (हे देवी ! धनसम्पत्तिको वृद्धिका लागि तेस्रो पाइला अघि सार, जो सधैँ मेरो अनुकूल रहोस् । भगवान् विष्णुले तिमीलाई यस व्रतमा दृढ रहन र सक्षम तुल्याउनका लागि तिमीलाई श्रेष्ठ सन्तान प्रदान गरून् जो हाम्रा वृद्धावस्थाका सहारा बनून् ।)

कक्षा ६ देखि मैले पढेका संस्कृत शिक्षाका आधारमा यी सप्तपदीका पदहरू बुझ्ने कोसिस गर्दै म स्वीकृतिका पाइला अघि सारिरहेकी थिएँ ।

"ॐ मयोभवाय चतुष्पदी भव सा मामनुव्रता भव विष्णुस्त्वानयतु पुत्रान् विन्दावहै बहूंस्ते सन्तु जरदष्टय: ॥४॥" (हे देवी ! तिमी आरोग्य शरीर र सुखलाभवर्धक धनसम्पत्तिको भोग र शक्तिका लागि चौथो पाइला अघि सार, जो सधैँ मेरो अनुकूल रहोस् । भगवान् विष्णुले तिमीलाई यस व्रतमा दृढ रहन र सक्षम तुल्याउनका लागि तिमीलाई श्रेष्ठ सन्तान प्रदान गरून् जो हाम्रा वृद्धावस्थाका सहारा बनून् ।)

म मेरो राजकुमारका लागि हरेक बाचा निर्वाह गर्न तयार थिएँ र मेरा पाइलाले उनलाई पछ्याइरहेका थिए ।

"ॐ पशुभ्योस् पञ्चपदी भव सा मामनुव्रता भव विष्णुस्त्वानयतु पुत्रान् विन्दावहै बहूंस्ते सन्तु जरदष्टय: ॥५॥" (हे देवी ! तिमी घरपालुवा पाँच पशुहरू (गाई, भैँसी, बाखा, हात्ती र घोडा) को पालन र रक्षाका लागि पाँचौँ पाइला अघि सार, जो सधैँ मेरो अनुकूल रहोस् ।

भगवान् विष्णुले तिमीलाई यस व्रतमा दृढ रहन र सक्षम तुल्याउनका लागि तिमीलाई श्रेष्ठ सन्तान प्रदान गरून् जो हाम्रा वृद्धावस्थाका सहारा बनून् ।)

मेरा हरेक पाइला उनीप्रतिको समर्पणमा अघि सरिरहेका थिए ।

"ॐ ऋतुभ्य षट्पदी भव सा मामनुव्रता भव विष्णुस्त्वानयतु पुत्रान् विन्दावहै बहूंस्ते सन्तु जरदष्टय: ॥६॥" (हे देवी ! तिमी छ ऋतुहरूका अनुसार यज्ञादि र विभिन्न पर्व मनाउनका लागि अनि ऋतुहरूकै अनुकूल खानपानका लागि छैटौँ पाइला अघि सार, जो सधैँ मेरो अनुकूल रहोस् । भगवान् विष्णुले तिमीलाई यस व्रतमा दृढ रहन र सक्षम तुल्याउनका लागि तिमीलाई श्रेष्ठ सन्तान प्रदान गरून् जो हाम्रा वृद्धावस्थाका सहारा बनून् ।)

मेरा पाइलाहरू आतुरताका साथ उनीप्रति समर्पित भएर अघि सरिरहेका थिए ।

"ॐ सखे सप्तपदी भव सा मामनुव्रता भव विष्णुस्त्वानयतु पुत्रान् विन्दावहै बहूंस्ते सन्तु जरदष्टय: ॥७॥ (हे देवी ! जीवनको सच्चा साथी बन्नका लागि सातौँ पाइला अघि सार, जो सधैँ मेरो अनुकूल रहोस् । भगवान् विष्णुले तिमीलाई यस व्रतमा दृढ रहन र सक्षम तुल्याउनका लागि तिमीलाई श्रेष्ठ सन्तान प्रदान गरून् जो हाम्रा वृद्धावस्थाका सहारा बनून् ।)

म मन, वचन र मानसिक रूपबाट उनलाई साथ दिन प्रतिबद्ध भइसकेकी थिएँ । उनको घरपरिवारकी बुहारी र सन्तानको आमा हुन सप्तपदीका प्रत्येक शब्दलाई हृदयङ्गम गरिसकेकी थिएँ । सप्तपदीका प्रत्येक वाक्य मेरा लागि जीवन मार्गदर्शन हुनेछ भनेर सङ्कल्प गरेकी थिएँ ।

वधूबाट सप्तपदीको स्वीकारोक्तिपछि वरको पालो आयो । उनले मलाई अर्धाङ्गिनी बनाउन सात बाचा गर्नुपर्ने भयो ।

“तीर्थव्रतोद्यापन यज्ञकर्म मया सहैव प्रियवयं कुर्या: वामाङ्गमायामि तदा त्वदीयं ब्रवीति ॥१॥” (हजुर तीर्थयात्रामा जाँदा मलाई पनि साथै लैजानुस् । कुनै व्रत, धर्म कार्यमा हजुरको आज जसरी बायाँतर्फ मेरो स्थान छ पछि पनि रहोस्, यदि हजुर स्विकार्नुहुन्छ भने म हजुरको अर्धाङ्गिनी हुन स्वीकार गर्दछु ।)

मेरो राजकुमारको पाइला स्वीकारोक्तिमा अघि सर्दै थिए ।

“पुज्यौ यथा स्वौ पितरौ ममापि तथेशभक्तो निजकर्म कुर्या: वामाङ्गमायामि तदा त्वदीयं ब्रवीति ॥२॥” (हजुरले जसरी हजुरको मातापितालाई सम्मान गर्नुहुन्छ, उसरी नै मेरा मातापितालाई सम्मान दिनुहुन्छ एवं कुटुम्ब मर्यादाको अनुसार धर्मानुष्ठान गर्दै ईश्वरभक्त बनिरहनुहुन्छ भने हजुरको अर्धाङ्गिनी हुन स्वीकार छ ।)

निरन्तर स्वीकारोक्तिमा पाइला अघि सर्दै थिए, अग्नि प्रज्वलित हुँदै थियो । हर्षले विवाहमण्डप गुञ्जायमान थियो ।

“ जीवनं अवस्थात्रये मम पालनां कुर्यात वामाङ्गमायामि तदा त्वदीयं ब्रवीति ॥३॥ (हजुरले मलाई जीवनको युवा, प्रौढ र वृद्ध तीनै अवस्थामा मेरो हेरविचार गर्नुहुन्छ भने हजुरको अर्धाङ्गिनी हुन स्वीकार छ ।)

पन्चैबाजा घन्किरहेको थियो । रात निकै छिप्पिएर गाढा भएको थियो । उनी अघिअघि म पछिपछि अग्निको परिक्रमा गरिरहेका थियौँ ।

“कुटुम्बसम्पालनसर्वकार्य कर्तु प्रतिज्ञां यदि कातं कुर्यात वामाङ्गमायामि तदा त्वदीयं ब्रवीति ॥४॥” (हजुर अहिलेसम्म घरपरिवारको चिन्ताबाट पूर्ण रूपमा मुक्त हुनुहुन्थ्यो, आजदेखि विवाहको बन्धनमा बाँधिइरहनुभएको छ । भविष्यमा परिवारका सबै आवश्यकताहरूको पूर्तिको दायित्वको जिम्मेवारी वहन गर्ने प्रतिज्ञा गर्नुहुन्छ भने हजुरको अर्धाङ्गिनी हुन स्वीकार छ ।)

उनका पाइला निरन्तर स्वीकारोक्तिमा अघि बढ्दै थिए । म कौतूहलका साथ भविष्यको सामना गर्न पछ्याउँदै थिएँ ।

"स्वसद्यकार्ये व्यवहारकर्मण्ये व्यये मामापि मन्त्रयेथा वामाङ्गमायामि तदा त्वदीयं ब्रूते वच: ॥५॥" (हजुरले घरको कार्यमा, विवाहादि, लेनदेन अथवा अन्य कुनै पनि प्रकारका कारोबारका सन्दर्भमा मलाई पनि सहभागी गराउनुहुन्छ भने हजुरको अर्धाङ्गिनी हुन स्वीकार छ ।)

अग्निलाई साक्षी राखेर हामी लगनगाँठोमा बाँधिएका बेहुला बेहुलीद्वय घुमिरहेका थियौँ । हाम्रा पाइलाहरू निरन्तर अघि बढ्दै थिए ।

"न मेपमानमं सविधे सखीनां द्यूतं न वा दुर्व्यसनं भञ्जश्चेत वामाङ्गमायामि तदा त्वदीयं ब्रवीति ॥६॥" (हजुरले म मेरा सङ्गीहरूका सँगमा वा अन्य स्त्रीहरूका बीच रहेका बेला सबैका अघि कुनै पनि कारणले अपमान गर्नु हुनेछैन । हजुर जुवा अथवा अन्य कुनै पनि प्रकारको दुर्व्यसनबाट टाढै रहनुहुन्छ भने हजुरको अर्धाङ्गिनी हुन स्वीकार छ ।)

पन्चैबाजा जोडजोडले घन्किरहेका थिए । अब अन्तिम फेरो बाँकी रहेको थियो । रात ढल्दै थियो । भालेहरू बास्न थालिरहेका थिए । पाइलाहरू रोकिएका थिएनन् ।

"परस्त्रियं मातूसमां समीक्ष्य स्नेहं सदा चेन्मयि कान्त कुर्या वामाङ्गमायामि तदा त्वदीयं ब्रूते वच: ॥७॥" (हजुरले पराई स्त्रीहरूलाई माताको समान सम्झिनुहुनेछ र पतिपत्नीको आपसी प्रेममा अन्य कसैलाई भागीदार बनाउनुहुनेछैन भनेर वचन दिनुहुन्छ भने हजुरको अर्धाङ्गिनी हुन स्वीकार छ ।)

"धुतुरु धुऊऊऊ..टानाकुटुङ नाकाकुटुङ ढुम्म.....पिईईईईई....." अग्निको सातौँ फेरो सम्पन्नसँगै पन्चैबाजाका आवाज घन्किए । वरपरबाट फूल बर्सिए । हामी आजदेखि पतिपत्नीमा रूपान्तरित

भएका थियौ । वैदिक संस्कृतिअनुसार हामीबीचमा वैवाहिक करार भएको थियो । म मेरो सपनाको राजकुमारको अर्धाङ्गिनी भएकी थिएँ । हुन त स्कुल पढ्दै गरेकी किशोरी उमेर भएकाले मन चञ्चल भएको थियो । बाबाले बिहे गरिदिने कुरा गर्नुभएदेखि मेरो मन ठेगानमा थिएन । मेरो मन मैले नदेखेको राजकुमारको परिकल्पनामा उडिरहन्थ्यो ।

बिहेको जग्गेमा पुग्नअघि नै मन झन् फुरुङ्ग भएको थियो । मेरो हाउभाउ सधैँभन्दा अलग्गै थियो । कोठा बन्द गरेर सप्तरङ्गी कल्पना गर्दै आफ्नै संसारमा डुबेकी थिएँ । कैयौँपल्ट आफ्नो मुहार ऐनामा हेर्दै रमाएकी थिएँ । घरी लिपिस्टिक लगाउँथेँ, घरी गाजल लगाउँथेँ, कतै लिपिस्टिक मिल्दैनथ्यो । कतै गाजल लतपतिन्थ्यो । घरी कुनै मेक अप मिलेको हुँदैनथ्यो । चञ्चल मन र चुलबुलेपनले म अधैर्य बन्थेँ । लामो कपाल कोरेर घरी सर्लक्क छोडेर लरलर पार्दै ऐना हेर्थें । घरी रातो रिबनले चुल्ठी बाट्थेँ । के गर्दा अझ सुन्दर हुन्छु भन्ने थियो । कपालमा चमेलीको तेल घस्थेँ । चमेली तेलको बास्नाले आफैँ मक्ख पर्थें ।

वसन्तको आगमनले प्रकृतिमा लहलह मुना पलाएझैँ मनमा खुसीका तरङ्गहरू फैलिरहेका थिए । शरीरभरि चमेलीकै अत्तर छम्किएँ । टाढाटाढासम्म चमेलीकैँ अत्तरको बास्ना छरिएको थियो । रातो रिबन चुल्ठो पारेकाले निधार ठूलो र चम्किलो देखिएको थियो । गाजलु, नशालु आँखा, पुक्क परेका स्याउजस्ता गाला हिमालजस्तै सेतै चम्कने दाँतका लहरहरू आफ्नै रूप देखेर आफैँलाई ईर्ष्या लाग्थ्यो । लाग्थ्यो, म हाँस्दा हिमाल हाँसेको हुन्छ । म हिँड्दा डाँफे, मुनाल र मयूर नाचेका हुन्छन् । अनि म कल्पना गर्थें मेरो राजकुमार मेरा लागि आज घोडामा चढेर मलाई अर्कै दुनियाँमा लैजान आउँछन् । म आजदेखि म रहदिनँ, मेरा सबै चाहना मेरो मात्र हुँदैन, एकबाट दुई हुनेछौँ । म एउटा युवतीले देख्ने सुन्दर सपनाको राजकुमारको राजकुमारी

हुँदै छु । म मेरो राजाको रानी मेरो दुलाहको दुलही बनेकी थिएँ । मेरो मीठो कल्पना आज साक्षात् हुँदै थियो ।

"ए बुनु, बुनु ! यता आइज !" कान्छी फुपूको बोलावटले मेरो तरङ्ग भङ्ग भयो । "बुनु अब तयारी गर्नुपर्छ, यता आ !" कान्छी फुपू मलाई बेहुली बनाउन सिँगार सामग्री अनि दुई जना उहाँकै साथीहरूसहित तयार अवस्थामा बस्नुभएको रहेछ । म लजाउँदै फुपूको छेउमा गएँ, उहाँका साथीहरूले भने, "अब बुनुको नाच पनि हेर्न नपाइने भो, बेहुला राजालाई राम्ररी नाचेर देखाउनू है !" जिस्काउँदै थिए । म भने लाजले भुतुक्कै भएकी थिएँ ।

पन्चैबाजासहित मेरो राजकुमार रेहान सेतो घोडा नभए नि सेतो कारमा मेरो आँगनीमा सवारी भएको थियो । स्कुल पढ्दै गरेको कलिलो जवानीमा म मेरो राजकुमार रेहानसँग लगनगाँठोमा बाँधिएँ ।

अग्नि साक्षी राखेर म र मेरो राजकुमारले वैदिक संस्कृतिअनुसार पवित्र बाचाबन्धनमा बाँधिएर जन्म-जन्मान्तरसम्म सँगै जिउने बाचा गरिसकेका थियौँ । तन, मन र आत्माबाट एक हुने प्रण गरिसकेका थियौँ । अग्निको सात फेरो लिँदा गरिएका पवित्र ती बाचाहरूमा म ऊबाट पूर्ण रूपमा सुरक्षित र आश्वस्त भएकी थिएँ ।

मलाई अन्माएर रेहानले काठमाडौँ ल्याए । हामी दुवैको नयाँ जिन्दगीको सुरुवात भयो । गुलाफ र चमेलीलाई भँवराले मीठो चुम्बनले स्पर्श गर्दा भुनभुन गरेर रमाएझैँ रेहानको मदहोसी स्पर्शले मेरो रक्तिम गालालाई स्पर्श गर्दा मेरो ओठमा स्निग्ध मुस्कान पोखिए । उनीप्रति मेरो मायालु भाव छताछुल्ल पोखियो । गोधूलि साँझको त्यो दृश्यपटसँगै निमेषभरमा म पग्लिएर उसको अँगालोमा पोखिएँ । म सत्र वर्षको यौवना बाबुआमाको लाडप्यार न्यानो काख छोडेर रेहानको जिन्दगीसँग जोडिएँ । रेहानकी अर्धाङ्गिनी, जीवनभरि साथ दिने जीवनसाथी भएँ ।

सुरुमा पराई घर नौलो लागे पनि बिस्तारै रेहानको सामीप्यले आफ्नोपन पाउँदै गएँ । उनको भरपूर माया पाउन सफल भएँ । रेहानको मायामा भुलिँदै गएँ । हामी एकअर्कामा हराउँदै गयौँ । उनी अफिस जाँदा पनि पटकपटक मलाई फोन गरिरहन्थे । उनी जहाँ जाँदा पनि मैले बाटो हेरेर बसिरहन्थेँ । उनी घर फर्किएर मलाई एकछिन नदेख्दा पनि पानीबिनाको माछाझैँ छटपटिन्थे । उनीबिना मलाई क्षणभर पनि एक्लोपन महसुस हुन्थ्यो । मैले उनीबिनाको कुनै पल कल्पना पनि गर्न सक्दिनथेँ । हामी दुई ज्यान थियौँ तर एकै मुटु । विवाहपश्चात् हामी दुवैको जिन्दगीमा खुसी नै खुसी छाएको थियो । उनको सानो जागिर थियो । काठमाडौँमा घर थियो । कुनै कुराको कमी थिएन ।

रेहानको मायामा म यति धेरै हराएँ कि लाग्थ्यो उनले जति माया मलाई यो संसारमा अरू कसैले गर्दैन । जति म उनीप्रति समर्पित थिएँ त्यति नै उनी पनि मप्रति समर्पित थिए । म आफूलाई धेरै भाग्यमानी भएको महसुस गर्थें । विवाहपश्चात् कैयौँ आनन्दका क्षणहरू बिताइयो । दोस्रो वर्षमा म गर्भवती भएँ । हामीलाई पुत्री लाभ भयो । छोरी १४ महिनाकी भइन् । म फेरि गर्भवती भएँ । दोस्रोपल्ट छोरा जन्माएँ । २२ महिनाको अन्तरालमा हामीलाई दुई सन्तान प्राप्त भयो । दोस्रो पटक छोरा जन्मिँदा रेहानलगायत सपरिवार निकै खुसी भएका थिए । म पनि छोरा पाएकोमा हर्षित थिएँ । म अब दुई सन्तानकी आमा भएकी थिएँ । मेरो समय नानीहरू स्याहार्न र घरधन्दामा व्यतीत हुन्थ्यो ।

रेहान मेरो राजकुमार एउटा कर्मचारी त्यो पनि सामान्य अर्धसरकारी अफिसमा । उनको सानो आम्दानी भए पनि हामी भरपूर रमाएका थियौँ । मैले उनीसँग यो ल्याइदेऊ, त्यो ल्याइदेऊ कहिल्यै भनिनँ । उनले मायाले दिएको खद्दर पनि मेरा लागि रेसमसरह हुन्थ्यो । आटोपीठो पनि मीठो र स्वादिलो पक्वान्न हुन्थ्यो । मेरो मनको सिंहासनमा उनी राजा थिए । महल नभए पनि झुपडीमा बसेर

मनको मन्दिरमा उनको मूर्ति स्थापना गरेर मैले पूजा गरेकी थिएँ । आखिर यो सबै माया त रहेछ ।

नानीहरू बढ्दै थिए । स्कुल जान थाले । हामी दुवैमाथि जिम्मेवारी र दायित्व थपिएको थियो । म पनि नजिकैको विद्यालयमा शिक्षिका भएँ । उनको सामीप्यमा समय त चलचित्रमा जस्तै कति चाँडै बितेछ पत्तै भएन ।

"अब हाम्रो अफिस बन्द हुन लागेको छ, मैले यसको विकल्प खोज्नुपर्छ । त्यसैका लागि म आजकाल हाम्रो भोलिको भविष्यबारेमा उपाय खोज्न व्यस्त छु ।" एक दिन रेहानले अचानक भने । रेहान बिस्तारै राजनीतिमा लाग्न सुरु गरे । पहिलेभन्दा घर ढिला आउन थाले । अनेक गोष्ठी र सेमिनारमा उनी व्यस्त हुन्थे ।

"कुटुम्बसम्पालनसर्वकार्य कर्तुं प्रतिज्ञां यदि कातं कुर्या: वामाङ्गमायामि तदा त्वदीयं ब्रवीति ॥" अग्नि साक्षी राखेर गरेको बाचामा जस्तै उनी परिवारको पालनपोषण तथा आवश्यकताहरूको पूर्तिको दायित्वको जिम्मेवारी वहन गर्न लागिपरेका छन् । उनको व्यस्ततालाई उज्यालो भविष्यको कल्पनामा जोड्दा मन आफैँ उत्साहित हुन्थ्यो अनि प्रण गर्थें उनका हरेक कदमलाई साथ दिनेछु । जस्तोसुकै दु:ख, कष्ट, पीडा र समस्या भए पनि उनलाई सुनाउने छैन । आफैँ जुध्नेछु, आफैँ समाधान गर्नेछु भनेर आफ्नो काममा लाग्थेँ । थोरैतिनै फुर्सदमा पनि आयआर्जन हुने स्विटर बुन्ने, पोते उन्ने कार्यदेखि समाजसेवाका कामसमेत गर्थें । माइतमा स्वच्छन्द चरीजस्तो उडेर, घुमेर, मस्ती गरेर, काम नगरी हुर्केकी भए पनि म जस्तोसुकै काम गर्न पनि पछि पर्दिनथेँ । घरपरिवारको कुनै चिन्ताबाट मैले उनलाई अवरोध पुऱ्याउन दिएकी थिइनँ ।

तामाका मुनाजस्ता नानीहरू बढ्दै थिए । उनीहरूका विद्यालय भर्ना, मासिक शुल्क, खाजा, ड्रेसलगायतका चिन्ताले उनलाई छुन र

चिन्तित हुन दिएकी थिइनँ । बरु म मेरा नानीहरूलाई फकाएर सुक्खा चिउरा र भुजिया खुवाउँथेँ, नयाँ पछि किनिदिउँला भन्ने आशा देखाएर पुराना कपडा नै धोएर चिटिक्क पारेर नानीहरूलाई भुलाउँथेँ । "ममी, अब त मलाई नयाँ नाना किन्दिनैपर्छ है ।" पुरानो लुगा फकाएर लगाइदिँदा छोरीले भन्थी ।

हरेक पटकको बर्थडेमा छोराछोरी सिङ्गै गोलो केक ल्याइदिनू भनेर रुन्थे । 'नानी, ठूलो भएपछि ठूलो घुमाउने केक ल्याएर काट्ने है' भनेर भुलाउँथेँ । टुक्रे केक जोडेर सानासाना मैनबत्ती बालेर फुक्न लगाउँथेँ अनि 'ह्याप्पी बर्थडे' ठूलो स्वरमा भनेर उनीहरूलाई अलमलाउँदै रमाउन लगाई उनीहरूको बर्थडे मनाइदिन्थेँ । अनि स्कुलका लागि सस्तो चकलेटको एक पोका किनेर सबैलाई बाँड्नू है भनेर दिन्थेँ । कहिलेकाहीँ त नानीहरू साथीहरूले चकलेट लिएनन् भनेर पोकै फर्काएर ल्याउँथे र भन्थे, "ममी, कृसुहरूले जस्तै क्याटबरी चकलेट किनिदिनू न ।" म भने त्यही फिर्ता ल्याएको चकलेट खाँदै "आहा, कत्ति मीठो रहेछ, उनीहरूले नखाए तिमी हामी खाऔँ है" भन्थेँ ।

घर र बाहिरको कामले थकित भए पनि रेहानको इच्छामा समर्पित हुन्थेँ । आखिरी उनी नै त मेरो संसार हुन् । उनीबिना मेरो संसारमा प्रलय हुन्थ्यो । मलाई लाग्थ्यो उनीबिनाको संसारको कल्पना नै गर्न सकिन्नँ । अग्नि साक्षी राखेर सात फेरो लगाउँदाका बाचाहरू म सम्झिरहन्थेँ र रेहानको अनुकूल होस् भनेर सक्दो प्रयास गरिरहन्थेँ ।

रेहानको अफिस बन्द भएपछि उनले घरपरिवारको आर्थिक अभाव भरथेग हुन्छ भनेर एउटा रेस्टुरेन्ट खोलेका थिए । बेलुका ८ बजेदेखि चल्ने दोहोरी डान्स रेस्टुरेन्ट १२ बजे मध्यरातसम्म चल्ने गर्थ्यो । हुन पनि रेस्टुरेन्ट तथा बारहरू साँझ परेपछि त चल्ने हुन् नि । उनी रेस्टुरेन्टका स्टाफहरूलाई घर पुऱ्याएर घर आउँदा कहिलेकाहीँ त २/३ पनि बजिसकेको हुन्थ्यो । उनको कामको प्रकृतिले हुने गरेको ढिलाइ र रेस्टुरेन्टमै रात बिताउनुपरेका बाध्यतालाई मैले

राम्ररी बुझेकी थिएँ । यसै कारण म उनीप्रति निश्चिन्त थिएँ किनकि रेहनासँग व्यतीत गरेका पलहरूले बाह्र वसन्तहरू पार गरिसकेका थिए ।

उनी ढिलो आउँदा 'समय परिस्थिति ठीक छैन, सुरक्षाको ख्याल राखेर हिँड्नू' भनेर अझ सम्झाउँथेँ । उनी पनि कति पटक सुरक्षाको कुरा गर्दै रेस्टुरेन्टमै रात बिताउँथे । त्यस बेला मेरो स्त्रीमनले पाप चिताउँथ्यो तर उनी मलाई विश्वस्त तुल्याउँथे, "अबेर रातविरात एक्लै आउँदा माओवादीहरूले मार्ने डर हुन्छ नि त । त्यही भएर नआएको क्या, शङ्का नगर न बुनु ।" हुन पनि माओवादीको सशस्त्र द्वन्द्व चर्किरहेको थियो । दिनहुँका समाचारहरू मान्छे मारिएका घटनाले भरिएका हुन्थे ।

"धेरै अबेर भयो भने अनि फर्किन एक्लै हुनुभयो भने उतै बस्नुस् है ।" अझ उनी त काङ्ग्रेसी कार्यकर्ता पनि थिए । त्यसैले बढी डर लागेको थियो र "मेरो कुरा सुन्नुभयो नि ?" म उनीमाथि कुनै पनि प्रकारको समस्या नपरोस् भन्ने चाहन्थेँ ।

यस्तै गरी थप दुई वर्ष बित्यो । रेहान सेमिनारका लागि थाइल्यान्ड गएका बेला एकाबिहानै एक महिला रुँदै आइन् । 'मलाई रेहान दाइले बिचल्ली पार्नुभयो' भन्दै रेहानबाट आफू सात महिनाको गभर्वती भएको बताइन् । उनलाई कसैले रेहान बाहिर गएर नफर्कने भन्ने जानकारी गराएका रहेछन् । यो खबरले उनी रुँदै हाम्रो घर आइपुगकी रहिछिन् ।

"मलाई उनले बाहिर राखेका छन् । म उनकी कान्छी श्रीमती हुँ ।" ती महिलाको त्यो वाक्यले मेरो शिर भन्भनायो । संसार उल्टियो ।

ती महिलाले मसँग कुरा मेरा मनमा रेहानका बारेका विविध तर्कना उम्लिरहेको थियो । 'उनी आफ्नै रेस्टुरेन्टको स्टाफसँग निकै आकर्षित भएका छन् भन्ने गाइँगुइँ त सुनेकी थिएँ तर मलाई विश्वास भने लागेको थिएन । उनी मप्रति दिनदिनै खालीखाली रित्तो हुनुको

कारण त्यसो पो रहेछ । उनले कमाएको पैसाजति प्रेमिकासँग मस्ती गर्दै ठिक्क हुँदो रहेछ । मेरा अघि उनी आमदानी नभएको भन्दै हात टकटक्याउँथे । ओहो ! भित्रभित्रै यत्रो रचना भइसकेको रहेछ !'

ती महिलाको कुराले एक्कासि मेरा टाउकामा आकाश खसेजस्तो, धर्ती भासिएजस्तो भयो । बेसरी चिच्च्याऊँ, कराऊँझैं भयो । आफैँलाई सम्हाल्न खोजें र भनें, "तँलाई मेरा श्रीमान्ले लिएर आएको हो र ? कसकसको पेट बोकेर आउँछेस्, मेरा श्रीमान् सोझो देखेर दोष लगाएकी ? कहीँ नभाकी नखरमाउली जुन बाटो आएकी थिइस् त्यही बाटो फर्की ! नत्र तेरो जगल्टा एउटा पनि नरहला !" म रिसको आवेगले कामें ।

मेरो समर्थन गर्दै देवरले पनि "मेरो दाइको श्रीमती भए उनैले लिएर आउँथे, तँ को होस् हामी चिन्दैनौँ । मेरो दाइले लिएर आए विश्वास गरुँला ।" ऊ आँखा तर्दै फर्किई, ऊ त्यही रेहानको रेस्टुरेन्टकी नर्तकी थिई ।

कसरी विश्वास गर्नु, अनि विश्वास नगर्नु पनि कसरी ? रेहानले मसँग ऊर्कोफर्को गरेको, घरमा वास्ता नगरेको रहस्य बल्ल मेरा सामु खुलेको थियो । उनले जति दु:ख दिए पनि, आर्थिक अभावमा जति नै पिल्सिनुपरे पनि म उनको मायाले सबैथोक बिर्सिदिन्थेँ । मलाई लाग्थ्यो, हजार दु:ख सहिदिन्छु निमेषभरको खुसीमा म उड्न पाउँछु भने अरू के चाहियो र ? मेरा सारा सुख र खुसी रेहानमा नै निहित थियो । मैले उनलाई रोजेको ती दिन मेरा आँखामा आए । आजको यो परिस्थितिले मेरो छातीमाथि अप्रत्याशित ओसिलो कुहिरो घोप्ट्याइदिँदा मलाई आशा र भरोसा दिने बाटुलो घामले पनि मलाई छुन सकेन । जीवनका अनगिन्ती खुसी समेट्ने मेरो आशाभरोसा सबै चकनाचूर भयो । मेरो मनको भित्ता तथा पाखामा न्यानो घाम लाग्न नपाउँदै असिनापानी र चिसो सिरेटोले मेरो मनमस्तिष्कमा हिमपात थुपारिदियो । चिसो बतासले मेरा सपना उडाइदियो, मेरो मन चिमोटियो,

मेरो मनको गरागरामा भुइँचालो गयो । रेहानले त मेरो जीवनको रङ्गमञ्चमा नाटकको पात्र बनेर नाटकको अभिनय पो गर्दै रहेछ भन्ने मैले प्रस्ट बुझेँ । अहिले एक्कासि नाटकको पर्दा खोसेको थियो । त्यसैले सबै थोक उदाङ्गियो । आफ्नै पीडा र वेदनाले गलित मलाई एक्कासि यो संसारमा म एक्लो छु जस्तो लाग्यो ।

म रेहानको प्रेमलाई चोखो भनेर मक्ख परेकी थिएँ तर मैले त उनको प्रेमलाई सर्पलाई दूध खुवाएर पालेझैँ छातीभरि पालेकी पो रहिछु । आज त्यही सर्पले डसेर मेरो मन विषमित भयो । उनलाई गरेको अगाध प्रेमले आफैँलाई ठुँग्न थालेको छ । शरीरभरि प्रेमरूपी विष फैलिएर विषाक्त भएको जीर्ण शरीर बोकेर ठिङ्ग उभिएँ । मैले आफ्नो सबै ऊर्जा सकिएको महसुस गरेँ । सानो चोटले पनि क्षतविक्षत हुन सक्ने, सानो प्रहारले पनि आहात हुन सक्ने मेरो यो मनमा आज ठूलै वज्रपात परेको थियो ।

सबैले भन्ने गर्थे, जब अँध्यारो हुँदै जान्छ, आफ्नै छायाले पनि साथ दिन छाड्छ । मेरो माया जसमा मैले मेरो छाया देख्ने गर्थें, जसलाई मैले मेरो जिन्दगी सुम्पिदिएँ । उनैले मलाई धोका दिए । विश्वास गर्न गाह्रो, मनलाई सम्झाउन पनि मलाई गाह्रो भो ।

ममाथि नियति बज्रियो, भाग्यले मलाई ठग्यो । रेहानले मेरो मुटुमा कीला ठोकिदिए । त्यो कीलाले मलाई भित्रभित्रै पीडा र छटपटी भइरह्यो । मेरा सारा खुसीहरू लुटिए । मैले संसारबाटै आफू ठगिएको महसुस गरेँ ।

"परस्त्रियं मातृसमां समीक्ष्य स्नेहं सदा चेन्मयि कान्त कुर्या वामाङ्गमायामि तदा त्वदीयं ब्रूते वचः ॥" पराई स्त्रीहरूलाई माताको समान सम्झिने र पतिपत्नीको आपसी प्रेममा अन्य कसैलाई भागीदार नबनाउने अग्निसामु प्रण गरेको मेरो रेहानले मेरो आस्था र विश्वासलाई खण्डित गर्दै परस्त्रीमा लहसियो ।

हाम्रो बिहे हुनुभन्दा अघिल्लो रात म एक्लै बसेर एक चोटि बेसरी रोएकी थिएँ । त्यस बेला केटा हेर भनी आफन्तले झिकाइदिएको रेहानको तस्बिर हेरेर आँखासँगै आँसु गरेर प्रश्न गरेकी थिएँ, "तिमीलाई म यति धेरै माया गर्छु । तिमीले मैले जति माया गर्न सायदै सकौला ? मलाई थाहा छैन रेहानसँग किन तुलना गर्न पुगेँ । मेरो जीवनको प्रथम प्रेम थिए रेहान । चोखो किशोरी मनले अङ्गीकार गरेका मेरा निर्दोष सपनाका राजकुमार थिए रेहान । सायद त्यसैले मैले रेहानको माया अलि बढी नै आशा गरेकी थिएँ ।"

त्यसपछिका दिनरात जिउँदै मैले बारबार मर्नुपर्‍यो । सधैँ राति मेरा आँखाका आँसुले सिरानी भिज्थ्यो । आफू अन्यायमा परेकाले कानुनी प्रक्रियामा जाऊँ भने पनि रेहान तिनै बालबच्चाको बाबु थिए । त्यसैले त्यो पनि आँट गर्न सकिनँ । उनीलाई जेल पठाएर मैले पाउँथेँ नै के ? विवाह गरेर आएको श्रीमान्का विरुद्ध जान मेरो नैतिकताले पनि दिएन । जति उनीहरू गिरेका थिए त्यति म गिर्न सकिनँ । किनभने मसँग मेरो माइतीको इज्जत पनि गाँसिएको थियो । आँगन पोलेर अग्नि साक्षी राखेर कन्यादान गरेका मेरा वृद्ध बुबा र आमाको विश्वास पनि हाम्रो दाम्पत्यमा टिकेको थियो । तर म भने अग्नि साक्षी राखेर गरिएको सप्तपदीको बाचालाई रेहानले विश्वासघातको प्रचण्ड अग्निले जलाएर खरानी पारिदिँदा म जलिरहेकी थिएँ ।

मभित्र सुनामीभन्दा ठूलो आँधी चलेको थियो । लालाबालासँगै कहाँ जाऊँ, के गरूँ ? आत्महत्या गरौँ त तिनै निर्दोष लालाबालाप्रति अन्याय हुन्छ । बाँचौँ त रातदिन जलिरहेको जिन्दगी बोकेर कसरी बाँचूँ, कसरी ?

जीवनमा समस्याका खातहरू आए पनि एउटी आमा उसको सन्तानलाई हेरेर बाँच्न बाध्य हुँदी रहेछ । मनका पीडा र दु:खहरू पखाल्न कति रात मेरा सन्ततिलाई छातीमा टाँसेर रोएँ । रातभरि

रोएँ । कैयौँ रात रोएर बिते । आँसुले सिरानी भिजे पनि रुवाइका स्वरहरू भने मुखमा कपडा कोचेर रोकेँ, सिरकभित्र गुम्सिएर रोएँ । कति रोएँ कति, सङ्कलन गर्न सकेको भए मलाई नै बगाउने आँसु मैले पोखे हुँला ।

एउटा महिलाले जीवनमा धेरै कुरासँग सम्झौता गर्न सक्छिन्, अनेक दु:खपीडा सहन सक्छिन् तर सौताको पीडा सहन गर्न सक्दिनन् । मैले पनि मेरो रेहानलाई अरूको आलिङ्गनमा रहेको हेरेर बस्न सकिनँ र अब उनको जिन्दगीमा नबस्ने निर्णय गरेँ र मनमनै भनेँ, 'तिमीसँग यो जुनी मात्र होइन अरू सात जुनी बिताउँला भन्थेँ । मृत्युपर्यन्तको जीवनमा पनि तिमी मेरै हुन्छौ भन्ने सोचेकी थिएँ तर जिउँदैमा मलाई एक्लो बनायौ । मेरो यादको कुनै अंश तिमीमा बाँकी रहला वा नरहला भन्न सक्दिनँ ।' स्मृतिका डोबहरू कति अमीट र गहिरा हुन्छन् । त्यो गहिरो डोबभित्र भासिएको मनलाई उखेल्न नसकेर डुबिरहनुपर्दा मनै गह्रौँ हुँदो रहेछ । विगतका अनेकौँ प्रकारान्तरहरू खप्टिएर फेरि मेरो आँसु आयो । आँसु पोखिएर झर्‍यो र हातमा रहेको तस्बिरभरि पर्‍यो । हतपत आँसु तर्काउँदै मेरो सेतै फुलेको कपालमा लगेर पुछेँ ।

मेरो हातमा मेरी छोरीले अग्नि साक्षी राखेर सात फेरो लगाउँदै गरेको तस्बिर रहेछ । मैले त्यो तस्बिरलाई म्वाइँ खाँदै आशीर्वाद दिएँ, "मेरी नानु, तिमीले मेरो जस्तो विश्वासघात कहिल्यै भोग्नु नपरोस् है ।"

# बेरङ्गा जिन्दगी

हरेक साँझझैँ आज पनि निता कामको खोजीमा निस्किएकी थिई । ऊ होटेल रेस्टुरेन्ट अनि सुपर मार्केटको गल्लीगल्ली चहारी, लखतरान भएपछि कोठामा फर्किई र बाहिरको छिँडीमा थचक्क बसी । कोठाभित्र उसका साथीहरू उत्तेजक हावभावसँग चर्को स्वरमा कुराकानी गरेको बाहिरैबाट प्रस्टै सुनिन्थ्यो । उनीहरूको उदासी बहसले नितालाई यो उदासी त नयाँ सृष्टिझैँ लाग्यो । उदासीको छातीभित्र पनि अझै चैतन्यको अवशेष बाँकी छ । टुसाउन सक्ने जीवनवृत्ति बाँकी भएर शून्य हुनबाट प्रवासमा पनि आफूलाई जोगाएको छ भन्ने सम्झी । यद्यपि प्रत्येक मानिस एकएक वटा रिक्तता लिएर बाँचिरहेको हुन्छ ।

"के भो ? भित्र आइज !" तीर्थ काममा जाने बेला भएर राधाले ढोका खोल्दा नितालाई राधाले प्रश्न गर्दै बोलाई । पानी पर्लाझैँ आकाश धुम्मिएको थियो । आकाशको कालो बादल मडारिएजस्तै उसको मनमा अनेकौँ तर्कनाहरू उकुसमुकुस गर्दै मडारिइरहेका थिए । आज उसलाई काम लगाइदिने प्रलोभनमा दिनेशले गरेको क्रियाकलाप आँखामा झलझली आयो । निन्याउरो मुख लगाएर कोठाको एउटा कुनामा बसिरही । ऊ आफ्नै परिवेश आफ्नै परिस्थितिदेखि आजित भएकी छे र पनि हरेस भने खाएकी छैन । भनिन्छ नि 'बरु चरेस खानु हरेस नखानु' मनमनै सम्झी । यस्तो बेला घर, देशको सम्झना आउँदो रहेछ, उसले पनि सम्झी उसलाई नेपालमा झुपडीकै

बास भए पनि छहारी मिलेकै थियो । खोलेफाँडो भए पनि पेट भरिएकै थियो । उसको त्यो दिन सम्झी जुन दिन धन कमाएर सुन्दर भविष्यको लालचमा लागेर उसले जन्मभूमि छोडी । उसको जिन्दगी किनाराले छाडेको बगरजस्तै भयो । मीठो सपनाको संसारमा डुब्दा त रमाइलो हुन्छ । सपनाको धाजामा खुट्टा टेक्दा त्यो दलदलमा भासिएपछि जिन्दगी अर्थहीन बन्ने रहेछ ।

निताले मनमनै मन निचोरी, 'आज मेरो व्यथा भनूँ या धन कमाएर सुन्दर भविष्यको सपना बोकी विदेश लाग्नेको कथा भनूँ । म सुन्दर भविष्यको सपना सजाएर बिदेसिएँ । अनेकौं दु:खका बाबजुद सात वर्ष इजरायलमा काम गरेँ । यता आएको ऋण तिर्नलाई करिब दुई वर्ष लाग्यो । इजरायलमा भविष्य छैन यहाँबाट अर्को देश जान्छु भन्ने सुरले क्यानडा एप्लाई गरेँ । पुलिस रिपोर्ट, हेल्थ चेकअप लगायतका लागि छ हजार डलर बुझाएँ । झन्डै डेढ वर्षको कमाइ थियो । त्यो सबै एजेन्टले खाइदियो । क्यानडाको भिसा लागेन । भनेजस्तो केही नहुँदा मन सन्तोष हुन सकेन । यताउता गर्दै सात वर्ष बितिसक्दा पनि हात लाग्यो 'शून्य ।' उसको मस्तिष्कमा विगत वृत्तचित्रजस्तै घुमिरहेको थियो ।

"के भयो तेरो काम ? केमा डुबेकी यसरी धुम्म परेर ? यसरी किन बसेकी ?" राधाले चिया दिँदै एकै चोटि चिन्ता र चासोका प्रश्नहरू पुन: प्रश्न तेर्स्याई, "दिनेशले काम छ भनेर ऊसँग गएकी होइनस् ?" "हो तर ऊसँग भेट भएन" उसले सङ्क्षेपमा ढाँटेकी थिई । उसलाई दिनेशसँगको सत्य कुरा खोल्न मन लागेन ।

"यता काम पाइँदैन" राधा बोल्दै गई, "न हामी सीप सिकेर आयौँ, न हामीसँग कुनै गतिलो शैक्षिक योग्यता नै छ ।"

"के गर्ने त नेपाल गएर ?" निताले युरोप आउनुको कारण प्रस्टयाउँदै भनी, "नेपालको राजनैतिक अस्थिरता, अव्यवस्थित

अर्थव्यवस्था, दण्डहीनताको पराकाष्ठा, बेरोजगारीको समस्या, लोडसेडिङको मारमा परेर दुःख खेप्नुभन्दा त यहाँ केही दिनमा कुनै न कुनै काम त भेटिएला नि" निताले नै आशावादिता पनि प्रकट गरी ।

"त्यै त, आफूले दुःख पाए पनि छोराको भविष्य बनाउँछु भन्ने सोचेर त युरोप भासिएँ नि राधा" निताले बिदेसिनुको पीडा व्यक्त गर्दै भनी, "ग्रिन कार्ड बनाउने आशा र विश्वास बोकेर यो पराई भूमिमा रल्लिँदै छु ।"

"मान्छेलाई समुन्नत मुलुकमा किन जान मन लाग्दो रहेछ ? गएपछि किन उतै हराउँदा रहेछन् नेपालीहरू ? तिमीलाई थाहा छ ?" राधाले अझै थपी कुरा "यी अनुत्तरित प्रश्नको जबाफ खोज्ने क्रममा निकैसँग कुरा गरेँ । अस्ति एक दिन रीतासँग कुरा गरेदेखि मन हल्का भयो ।" उनीहरू जस्तै वैदेशिक रोजगारमा आएकी रीता इजरायलबाट आफ्नै देश फर्किएकी थिई । रीतासँग भएका कुराकानीलाई राधाले बेलीबिस्तार लगाई, "अस्ति मैले के गर्दै छेस् आजभोलि भनेर सोधेकी थिएँ, 'के गर्नु नि यार केही गरेर नेपाल बस्छु भनेर फर्किए । एक वर्ष जति बुटिक चलाएँ न्युरोडमा, खासै पसल चलेन उल्टै ऋण लाग्यो । छोराछोरी स्कुल पढ्दै छन् । श्रीमान्ले खाडीबाट पठाएको पैसा बच्चाहरूको स्कुल फी, डेरा भाडा तिर्न ठिक्क हुन्छ । आफ्नो देशमा केही गरेर खान्छु भन्दा पनि बन्दहड्तालले गर्दा हामीजस्ता नागरिकले सामान्य सुविधा पनि नपाएपछि आफ्नै मुलुकको अर्थव्यवस्था अनि हाम्रा नेतालाई सराप्दै फेरि खाडीतिर पलायन भएँ । अहिले युएइको सुपर मार्केटमा काम गर्छु ।" राधाले रीताको व्यथालाई संश्लेषण गर्दै भनी, "उसलाई देखेर लाग्यो मैले युरोप आएर निकै राम्रो काम गरेँ ।"

"त्यै त समुन्नत मुलुकहरू चौबिसै घण्टा बिजुली, तातो चिसो पानी, रातमा झलमल बिजुलीबत्ती, सबै सार्वजनिक सेवाप्रदायक ठाउँमा एयरकन्डिसन, राम्रो पिच बाटो, जहाँ जानलाई पनि बस, रेल मेट्रो अनि निश्चित भाडादर, जता गए पनि सफासुग्घर, अनुशासित

मानिसहरू, शान्तिसुरक्षा, कानुनी राज, पुलिस प्रशासन जनताको सेवासुविधा दिन  चौबीसै घण्टा तत्पर हुन्छन् । ज्यानका लागि कुनै असुविधा भन्ने हुँदैन ।" छेउमै बसेकी सोनीले भनी ।

निताले बिरक्तिएको अनुहार लिएर भनी, "प्रकृतिले सजिएको सुन्दर देश नेपाल, नेताहरूले नै कुरूप बनाए । झन् अहिले त जातीय कुरा गर्छन् । हामीलाई फुटाउँदै छन् । यहाँ जस्तो उन्नत समाज त दिएनन् दिएनन् अनि निर्धक्कसँग बाँच्न, बोल्न र गरिखान पाउने अधिकार पनि भएन । सबैका लागि समान कानुन भएन । चरम भेदभाव, थिचोमिचो, काम र माम पनि आफ्नो देशमा नभएपछि बिदेसिनेहरूको लर्को छ । समुन्नत मुलुकमा जान नपाएका हामी नेपालीहरू भारतमा भाडाका सिपाही, कान्छा, कान्छी र गुर्खा चौकीदार हुन बाध्य छौँ । दलालको फन्दामा परेर खाडीमा तातो बालुवामा मर्न बाध्य छन् नेपालीहरू ।"

"युरोप, अमेरिकालगायत समुन्नत मुलुकमा नियम, कानुन, काम र माम समान छ । के कालो जाति, के गोरा, खैरा, थेप्चा, नेप्टा, चुच्चे सबैलाई समान अवसर छ । आफूले जे जान्या छ त्यही गर्छन् । काम भनेको काम हो, यहाँ ठूलो सानो भनेर भेदभाव हुँदैन । यस्तै देखेर त तिमी पाँच वर्ष काम गरेको ठाउँ र आउने पैसासमेत नलिई नेपाल जान्छु भनेर इजरायल छोडेर यता आयौ नि ।" राधाले नितालाई इङ्गित गर्दै भनी ।

"एजेन्सीलाई दस हजार डलर बुझाएर पोर्चुगल आएँ । कहिलेकाहीँ सोच्छु त्यो दस हजार डलरको नेपाली दस लाख हुन्थ्यो । दस लाखले नेपालमै सानो बिजनेस गरेर छोरालाई आफ्नो काखमा राख्न पाएकी भए ? राधा, म दुनियाँको सबैभन्दा सुखी आमा हुन्थे होला" युरोपको चमकदमकमा आकर्षित भएर आएकी निताले उदासीनताको कुरो खोली, "इजरायलको त्यति राम्रो कमाइ छोडेर आएँ, अहिलेको परिस्थिति देखेर आफैँदेखि आफूलाई दया लागेर आएको छ ।"

समयको घामछाया कहिलेकाहीँ त कति निरीह हुन्छ भने न त विषम जाडोमा मानिसको जीवनलाई छेक्न सक्छ न त ओसिलो बादललाई फुकेर घमाइलो न्यानो दिन सक्छ । हो, त्यस्तै भएको छ निताको परिस्थिति । न काम छ, न कमाएको पैसा साथमा, न परिवारको साथ ।

"मैले भर्खरै रीताको कुरा सुनाएको होइन ? नेपालमा जाने पनि त बस्न नसकेर फेरि विदेश नै पलायन भएका छन् नि" नितालाई सम्झाउँदै राधाले भनी, "जसरी पानीले आफ्नो रूप, रङ्ग समय र अवस्थासँग परिवर्तन गर्छ त्यसरी नै हामीले पनि आफ्नो जीवनलाई समयसापेक्ष परिवर्तन गर्नुपर्छ नत्र जीवन बाँच्नुको अरू विकल्प छैन ।"

एक महिनाअघि निकै अनुनयविनय गरेपछि निताले एक रेस्टुरेन्टमा काम पाउँदा हजार दु:खको बोझले थिचेको विक्षिप्त मनमा एक तिर्को खुसीको तरङ्ग उर्लिएको थियो । क्षणभर भए पनि खुसीमा उड्न पाउँदा उसको मन सिमलको भुवाजस्तै हलुको भएको आभास गरेकी थिई । किनकि छोराको स्कुलको फिस, आमालाई औषधि उपचार खर्च पठाउन सक्ने भएँ भनेर ढुक्क भएकी थिई । तर एक हप्ता नहुँदै काम छुट्यो । अर्को काम खोज्दै छे । काम खोजेको पनि आज उन्नाइसौँ दिन भयो । जसरी आकाशमा दिशाविहीन बादल उडिरहेको हुन्छ त्यसरी नै निता गन्तव्यविहीन भएकी छे ।

"हाम्रो मुलुकको यो अवस्था सधैँ उस्तै रहने पनि त होइन । राम्रो राजनेता मुलुकले पायो भने हामीले सोचेजस्तै हाम्रो मुलुक हुनेछ । भावी सन्ततिले भविष्य बनाउन कुनै विदेशी मुलुकमा भिसा लगाएर आउनुपर्ने छैन ।" राधाले भावुक हुँदै भनेकी थिई ।

"हो नि राधा, तिमीजस्तै सकारात्मक सोच नेपाल बनाउनेहरूले राखिदिए अवश्य पनि हामीले आफ्ना सन्तान छोडेर, आफ्नो देश

छोडेर यसरी भौँतारिनुपर्ने छैन । यहाँ आएको दुई वर्षसम्म पनि भनेजस्तो काम नपाउँदा म रनभुल्लमा परेकी छु ।" निताले दुःखेसो पोखी ।

विदेशमा भएर के भो भौतिक शरीर न छ यहाँ, उनीहरूको मन भने घर, देश, समाज र राष्ट्रमा हर्दम रहिरहेकै हुन्छ ।

"सम्झना ताजै छ वनमा सुसेली हाल्दै सुरिला गीतहरू घन्काउँदै हिँडेको । यो भौतिक सुविधासम्पन्न जीवनभन्दा म त त्यही आफ्नै डाँडापाखा, आफ्नै परिवारसँग कति खुसी थिएँ । त्यो बरपीपलको चौतारीमा बस्दा सरर हावा आउँदाको सम्झना कहिले जान सक्छ र, यहाँ यो एसी, फ्यानले त्यो आनन्दको अनुभूति कहाँ पो दिन सक्ने रहेछ र । डाँडाभरि राताम्मे फुलेको लालीगुराँस, रङ्गीविरङ्गी फूलहरू, यसका बास्नाहरू, सुसाउँदै बग्ने खोलानालाहरू, ती सबै पाखापखेराले मलाई खोजेझैँ लाग्छ जहाँ मेरो अस्तित्व थियो । मेरो आत्मसम्मान थियो, मेरो खुसी थियो । जहाँ म दिल खोलेर हाँस्थैँ, धक फुकाएर डुल्थैँ ।" निताले आज त बारम्बार घर देश सम्झिरहेकी छे ।

"कति धेरै सोचेकी तिमीले ? जिन्दगीका घुम्तीहरू कहिलेकाहीँ अक्करे भीरमा पुगेर ठोक्किन खोज्छन्, अप्ठ्यारो खहरेमा रसिएको आँसुमा चिप्लिएर पोखिन खोज्छन् । यस्तै त हो नि" भन्दै राधाले भनी, "फर्किएर आफ्नो देश जाऔँ, गएको भोलिपल्टदेखि के गर्ने भन्ने समस्या फनफनी घुम्छ । तिमी र मजस्तै सायदै होलान् विदेश आएर खुसी नहुने ।"

"यहाँका गल्लीगल्ली, चोकचोक भौँतारिरहेकी छु, आफ्नो भन्ने न कोही पाउँछु । यहाँ त संवेदनहीन, स्वार्थी र रोबटजस्ता मानिसको बीचमा छ त केवल निरासपन मात्रै ।" निताले पीडा पोखी ।

"नियति, प्रारब्धको हाईवे भेट्नै कति टाढा, मागेर पाएको माया र बन्धकीमा कमाएको जग्गा उस्ताउस्तै हो ।" राधा बोली ।

उसको भनाइमा जीवनदर्शन थियो, उसले फेरि थपी, "त्यसमा कुनै भाका या कबुल हुँदैन । दिनेवालाले कुनै पनि याम नपर्खी फिर्ता लान सक्छ । त्यस्तै छ हाम्रो यहाँको काम । मन परे काम गर्न दियो, नत्र भने खोस्यो । म त आफ्नो भाग्य आफ्नै हातले बनाउँछु भनेर कम्मर कसेर युरोप छिरेकी थिएँ । तर जीवनमा सबै कुरा सोचेजस्तो कहाँ पो हुने रहेछ र निता !"

"मुटु अविभाज्य अङ्ग भए पनि कहिलेकाहीँ त्यसभित्रको अस्थिर मनलाई संवेग र संवेदनाको ज्वारभाटाले लछारेर हुत्त्याइदिँदा निस्सारताको बगरमा काकाकुलको जीवन बाँच्न बाध्य हुनुपर्छ, हो त्यस्तै बचाइ छ हाम्रो ।"

"मेरी बूढी आमाले छोरी आउँछे भनेर बिछ्याएको परेलीमा झरेका आँसुको थोपासँगै मेरा आँसु मिसिएर बग्दै छन् । आमाले त छोरी निष्ठुरी भई भनेर सम्झनुहुन्छ होला । आमाका भिजेका परेली र मेरो गाउँघरलाई मैले नसम्झेको कुनै पल छैन तर पनि कामको खोजीमा भौँतारिनुभन्दा अर्को विकल्प नभएकाले आफ्नो ठाउँमा फर्कन सकेकी छैन ।" निताले मन अमिलो पार्दै व्यथा पोखी ।

बेरोजगार भएर युरोप पसेका नेपालीहरूले युरोपमा काम भेट्न धेरै गाह्रो रहेछ । सबै नेपालीहरूको विडम्बना यस्तै छ । यहाँ बस्ने नेपालीहरूमा एकदम कम मात्र होलान् जो खुसी छन् । पुराना नोकरी हुनेहरूले नयाँलाई दबाउने, आत्मसम्मानमा ठेस पुग्ने कुराहरू गर्ने, दबाउन झुकाउन खोज्ने गर्छन् । कुरा काट्ने लगायतका यी काम त नेपालीका गुण नै हुन् सायद । नेपालीपन हराएको छ । विदेशीपन अँगाल्न पनि त सकेका छैनन् । आफ्नो माटोको घरमा खरको छानोमुनि आमाको न्यानो साथमा कति गुना खुसी पाउन सकिन्छ । नितालाई यो विदेशमा परिचयविहीन भएर बस्नुपर्दा यी निरीह पलमा न त मन खुसी छ, न मनमा शान्ति छ ।

यो रङ्गीचङ्गी सहरमा निताहरू रङ्गहीन बनेका छन् । काम पाउँदै नपाउने, पाए पनि कुनै नियमकानुन छैन । बेरोजगारीलाई जसले जस्तो काम दिए पनि विवश भएर गर्न बाध्य छन्, रोजीरोटीका लागि । एकातिर कामको पीर, अर्कोतिर कार्ड बनाउने पीर, अझ अर्को पीर रातो पासपोर्ट बनाउनेको छ ।

निताले सुनौलो भविष्य ठानेको युरोप आज आफैँले छाम्दै छे । उसले उच्छ्वास फ्याँकी र मनमनै भनी, "यो युरोपको पिआर पाउने बेलासम्म त जिन्दगीको सबै रङ्ग उडेर बेरङ्ग हुने रहेछ, त्यस बेला के काम होला त्यस पिआरको ?"

निता ओछ्यानमा ढल्केर भित्तामा झुन्डयाएको सगरमाथाको तस्बिरलाई हेरी । नजिकै सोलुको गाउँ थियो । त्यही ढुङ्गाले छापेका झुपडी घरहरू र निश्चल पहाडी अनुहारहरू देखिएका थिए । त्यही चित्रको देब्रे कुनामा बौद्ध गुम्बा पनि थियो । 'ॐ माने पेमे हुँ, ॐ मणि पद्मे हुँ..' त्यही गुम्बाबाट गुन्जिरहेझैँ सुनी । अनि उसले पनि मनमनै उच्चारण गरी 'ॐ माने पेमे हुँ, ॐ मणि पद्मे हुँ..।'

खपटे झ्याल उघार्दै निताले झ्यालको सानो प्वालबाट नीलो आकाश नियाली अनि धर्ती र आकाशबीचको क्षितिज चियाई । सुन्दर भविष्यको चाहमा आफ्नो स्वर्णिम समय ऊ यहाँ खर्चिन आएकी छे । आशाका किरण उज्यालोमा देखिए पनि उसले सोचेजस्तो सुन्दर भविष्य भने क्षितिजजस्तै सुदूर थियो ।

# किनाराको मन

अभावको ढाकर बोकेर मृतसागरको किनारमा जिन्दगीका जिजीविषा दुखाउँदै एक्युरियमका माछाहरूजस्तै छटपटीमा बितेका थिए कैयौँ मेरा दिन अनि रातहरू ।

म बिहानको खाना खाएर कोठामा पसेकी थिएँ । दराजका किताबहरूले मलाई ताकेर हेरिरहेका थिए । धेरै भयो खोल्ने फुर्सद पाएकी थिइनँ मेरा एकान्तका सारथीहरूलाई । मेरो ल्यापटपले मलाई कर्के नजरले हेरिरहेझैँ लाग्यो । उसलाई मायाले सुमसुम्याएँ, छातीमा बेसरी टाँसेँ ।

उसो त मेरो प्रिय मान्छेको उपहार हो यो ।

यसैमा मैले मेरा सबै दुःखसुख अनि गुनासा, जिज्ञासाहरू पोख्ने गरेकी थिएँ । यसैले मेरो बेचैनीलाई, एक्लोपनलाई टाढा पार्ने काम गरेको थियो । यसलाई खोलेँ अनि यो मुसुक्क मुस्कुरायो । उसलाई हेरेर म पनि मनैदेखि मुस्कुराएँ । विगतमा तराईको बगरमा भैँसी चराउँदै भैँसीको आङमाथि बसेर गीत गाउँदै हिँड्ने म; सात समुद्रपारि एउटा कोठामा बसेर संसारलाई नियालिरहेकी थिएँ । अब नयाँ पुस्ताले समयअनुसार हिँड्न सक्यो भने नयाँ युग भेट्न पनि कति नै समय लाग्ने रहेछ र ? धूलैधूलो र माटैमाटोमा रमाउँदै, धूलोमा नै औँलाले कखरा सिकेको मान्छे आज तिनै औँलाहरू कम्प्युटरको किबोर्डमा नचाइरहेकी थिएँ । त्यो धूलो

माटोको जीवनदेखि सुरु भएको यो दुरूह यात्राले आजको यो भव्य र सभ्य सहरको रङ्गीन दुनियाँमा बाँच्न र नाच्न सिकाएको थियो मलाई । गतिशील समय, प्रगतिशील समाज, विचारशील दुनियाँसँग हातमा हात र साथमा साथ मिलाएर बामे सर्न खोजेको मेरो चुनौतीपूर्ण जिन्दगीका पाइलाहरू कष्टकर थिए तर मैले यसलाई सहजै लिएकी थिएँ ।

वास्तवमा, यो भर्चुअल दुनियाँ पनि कति विचित्रको छ ! त्यसमाथि चमत्कारी अनि सम्पन्न मानव बस्तीहरू ।

आफ्नो दैनिक कार्यव्यस्तताबाट बचेको समयमा मलाई मनोरञ्जन दिने, म भुल्ने भनेको यही ल्यापटपमा हो । 'वाइफाई' कनेक्सन गऱ्यो । विभिन्न वेबसाइटमा समाचार पढ्यो । मुहारपुस्तिकामा विश्वभरिका मानिसहरूको धर्म, संस्कृति र विचारहरू पढ्यो । साथसाथै कहिले मायालुका यादभित्र गुडुल्किँदै त कहिले मेलोडियस सङ्गीत गुन्जाउँदै आफ्नो दिनचर्या गुजारिरहेकी थिएँ म । धेरै समयपछि फेरि यसै दुनियाँमार्फत मेरो बाल्यकालको साथीसँग भेट भएको थियो । उमेर परिपक्व भएपछिको भेट, विपरीत लिङ्गीप्रतिको आकर्षणले पनि होला उसका भावना, विचारले बिस्तारै उसैतिर आकर्षित हुँदै थिएँ म । उसको भावना अनि विचारको आडमा आफू निर्धक्क फक्रिरहेको म अनुभव गरिरहेकी थिएँ । समय र परिस्थितिको कठघरामा उभिएर आफ्नो भविष्यको गन्तव्य पहिल्याउन आफ्नो मातृभूमिबाट टाढा, भिन्न भूगोल अनि परिवेशमा परिश्रम गर्न म पनि बाध्य भएकी थिएँ ।

सधैँको निरासापन, प्रवासको उच्छ्वासका नरमाइला क्षणहरू, आफन्तको सम्झनाले भिजाएका परेली, मनमा लागेका घाउहरूलाई भित्री मनको कठघरामा लुकाएर अथाह वेदनाको खजानाले पुर्दै, कुण्ठित रहर अनि चाहनालाई दबाएर बनावटी मुस्कान छर्दै जिउनैपर्ने विवशतामा उसको साथले मलाई केही न केही राहत मिलेको थियो ।

लाग्छ, ऊ नै हो मलाई बुझ्ने यो संसारमा । जबजब म उसका आँखामा आफूलाई हेर्दथेँ, त्यहाँ म एकदम गहिरो आत्मीयता पाउँथेँ । लाग्छ ती आँखामा म सधैँ हराइरहूँ । सागरभित्रको मोतीझैँ डुबेर म त्यहीँभित्र बास बसिरहूँ । यी आँखामा चमचमाउँदा चमक, उत्साह, उमङ्ग सबै उसैको देन हो । उसको मायामा निदाउन थालेपछिका दिनहरूमा मेरो आशा, भरोसाहरूमा अझ बढी विश्वास थपिएका थिए । आशा भरिरहने यी नयनमा अझ धेरै विश्वास अनि नयाँनयाँ रहरका रेसाहरू सलबलाएका थिए । धेरै वर्षपछिको अन्तरालमा केही महिना मात्र भएको थियो ऊसँग भेट भएको तर उसले अथाह प्रेम बर्साएर होला उसका आवाजहरू शून्यतामा पनि मीठो धुन बनेर मेरो मनमस्तिष्कमा गुन्जिरहन्थे ।

थाहा छैन उसका हरेक बोलाइ, हेराइ वा विचार; के कुराले मलाई उसप्रति आकर्षित गरिरहेको थियो ? उसको बोलाइ, हेराइ अनि विचार मलाई भिन्नभिन्न लाग्थ्यो । बाल्यकालमा रोपिएको हाम्रो प्रेमले फेरि मुना पलाउन, झाँगिन थालेको थियो । अहिले उसको मायाले यसमा मलजल गरिरहेको थियो । धन्य छ यो प्रविधि जसले मेरो प्रथम प्रेमसँग, साइबर-स्पेसमै किन नहोस्, साक्षात्कार गराइदिएको थियो । नोस्टाल्जियामा होला मेरो चुलबुलेपन फिरेको थियो । लाग्दै थियो ऊ नै मेरो आत्माले खाजेको सच्चा प्रेमी हो । प्रेममा आत्माले आत्मालाई चिन्नुपर्छ । मनको पवित्र एवम् निश्चल भावनालाई महसुस गर्न सक्नुपर्छ । वास्तवमा प्रेम विचार अनि भावनाको समागम हो । प्रेम स्वच्छन्द अनि स्वेच्छाले अन्तस्करणबाट स्वत:स्फूर्त प्रकट हुने स्वच्छ भावनाको मीठो अनुभूति हो । यो प्राकृत, व्याप्त र गतिशील हुन्छ । संसारका सम्पूर्ण जीवात्माहरूलाई एकआपसमा बाँध्ने कडी नै प्रेम हो जुन हामी दुईको आत्मामा अजम्बरी भएर रहिरहेको थियो ।

मलाई लाग्छ, जीवनमा महत्त्व पनि उसैलाई दिनुपर्छ जसले आफ्ना भावनालाई सम्मान र महसुस गर्छ । त्यस कारण उसका

हरेक बोलाइ अनि विचारहरूमा म जीवनको दर्शन पाउँथें । मेरा हरेक शब्द र व्यवहारमा उसको सम्मान पाउँथें । जहाँ माया हुन्छ त्यहाँ सबै कुरा हुने रहेछ । एक व्यक्ति सबै मानिसका लागि बनेको हुँदैन । म सोच्दै थिएँ, ऊ मेरा लागि बनेको हो । उसको निकटता र आफ्नोपनले मलाई यही महसुस गराएको थियो ।

सिमसिम पानी परेको थियो । जाडोले लुगलुग काम्दै भए पनि झ्यालबाट बाहिर चियाउन मन लाग्छ । बाहिर पानीसँगै फुसफुस हिउँ पनि खसिरहेको थियो । नजिकै देखिने सानो पोखरी हिउँ भरिएर एकैछिनमा पुरिन्थ्यो । नजिकै हिमानी झार लत्रिएर पनि सौन्दर्य दिइरहेको थियो । त्यही झारलाई हेर्दै परिस्थिति जस्तो आए पनि उसले मेरो साथ दिन्छ भन्ने कुरामा म ढुक्क थिएँ ।

दिन बित्दै गयो, हामी जति टाढा भए पनि हाम्रो माया उत्ति नै गाढा हुँदै गयो । त्यत्तिकैमा बिदामा स्वदेश जाने र भेटघाट गर्ने हामी दुवैले योजना बनायौँ ।

म चढेको हवाईजहाज अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौँमा ओर्लियो । जब मेरा पाउहरूले जन्मभूमिको माटोलाई स्पर्श गरे, मेरो मन खुसीले झुम्न थाल्यो । जहाजबाट ओर्लंदा मलाई एक किसिमको रमाइलो अनुभूति भयो । आफ्नो माटोमा टेक्न पाउँदा अपूर्व खुसी र मुस्कानको उमङ्ग छाएको थियो ।

जहाजबाट ओर्लिएर म विमानस्थलको सामान लिने ठाउँमा गएँ र हतारहतार सामान लिएर बाहिरिएँ । लामो समयपछि मातृभूमिको चिरपरिचित तर नूतन सुगन्धले त्यसैत्यसै मक्ख परेर मातेको, मदहोसी आभास भइरहेको थियो मलाई । अरु आफन्त र उसको मिलनको उमङ्गले म भित्रभित्र बतासिएकी थिएँ । उसलाई हेर्न आँखाहरू लालायित थिए । आँखा चारैतिर दौडाएँ तर ऊ कतै देखा परेन ।

आमा र भाइ बाहिर मेरै प्रतीक्षामा बसिरहेका थिए । धेरै समयपछि छोरीलाई देखेर आमाले हर्षाश्रु बगाउँदै अँगालेर धेरैबेर चुम्बन गरिरहनुभयो । हामीले लामो अन्तरालमा एकआपसमा माया साटिरह्यौँ ।

म धेरैबेर उसको प्रतीक्षामा बसेँ । लामो समयसम्मको प्रतीक्षा निरर्थक भएपछि अन्ततः ट्याक्सीमा वासस्थानतिर हुइँकियौँ । बाटोभरि ऊ किन आएन भनेर मनमा कुरा खेलिरह्यो । पछि मात्र थाहा भयो, ऊ कुनै महत्त्वपूर्ण काममा फसेको रहेछ । उसको फोन आयो, 'भोलि बिहान १० बजे चोभारको गेटमा भेटौँ, अनि दक्षिणकाली घुम्न जाऔँला ।' कहिले बिहान होला भनेर बसिरहेँ । सानैमा देखेको कस्तो भयो होला भन्ने  उत्सुकता जागेको थियो । रातभरि खुला झ्यालबाट झिलिमिली ताराहरू नियाल्दै उसैसँग भविष्यको योजना बनाउँदै, उसैको कल्पनामा कोल्टे फेर्दाफेर्दै मेरो रात बितेको थियो ।

बिहान सबेरै उठेँ । उसलाई भेट्न आतुर मन छटपटिँदै थियो । उसले भनेअनुसारको ठाउँमा हाम्रो भेट भयो ।

उसलाई देख्नासाथ आँखाले आँखासँग भलाकुसारी गर्न लागेँ । ओठले मधुर मुस्कान फाल्दै थिए । वरिपरि लहरै सल्ला र धूपीका बोटहरू अनि अग्ला-होचा पहाडहरू हामीलाई टुलुटुलु हेर्दै थिए । सिरसिर बतासले मौसमले अझ मदहोस पारिरहेको थियो । दक्षिणकालीको मन्दिरमा गएर पूजा गर्‍यौँ अनि नजिकैको पार्कतिर लाग्यौँ ।

प्रत्यक्ष भेटमा म ज्यादै प्रसन्न थिएँ । ऊ पनि निकै खुसी देखिन्थ्यो । हामी पार्कका हरियाली रङ्गीविरङ्गी फूलबारीको मनमोहक दृश्यावलोकनमा घण्टौँ हराइरह्यौँ । दिनभरि भलाकुसारी गर्दै प्रकृतिका मनोरम दृश्यहरू क्यामरामा कैद गर्न पनि हामीले भ्याएका थियौँ । अनि हाम्रो सुन्दर भविष्यका सुनौला र अनुपम सपनाहरू कोरल्यौँ र फेरि भेट्ने बाचामा छुट्टियौँ ।

अर्को चोटि हामीले घरनजिकैको पार्कमा भेट्ने योजना बनायौँ ।

आज ऊ भावुक, कौतूहल र उत्सुक देखिन्थ्यो । केही समय मौन बसेर उसले भन्यो, “आज मेरो जिन्दगीको महत्त्वपूर्ण निर्णय तिमीलाई सुनाउनु छ । तिमीले त्यसमा मलाई सहयोग गर्नुपर्छ ।” मैले उत्सुक हुँदै सोधेँ, “के हो त्यस्तो निर्णय ? मैले सके र जानेसम्म अवश्य सहयोग गर्छु ।”

“मेरो परिवारले मेरो विवाह गर्ने सोच बनाएको छ ।” उसले भन्यो ।

“राम्रै हो नि । समय भयो । जुनसुकै बाबुआमाको सपना हुन्छ छोराको बिहे गर्नु र बुहारी भित्र्याउनु । अनि तिमीले के उत्तर दियौ त ?” मैले प्रतिप्रश्न गरेँ ।

ऊ अधीर हुँदै भन्छ, “म त तिमीलाई नै विवाह गर्न चाहन्छु । तिमीले मलाई साथ दियौ भने मेरो चाहना पूरा हुनुको साथै हाम्रो प्रेम पनि अमर हुनेछ अनि मेरा बाबाआमाको सपना पनि ।” यसरी अचानक उसको विवाहको प्रस्तावले सिर्जना गरेको हर्ष र खुसीले मेरा परेली कति बेला रसाइसकेछन् । “मेरो ठूलो सौभाग्य हो तिम्रो अर्धाङ्गिनी हुन पाउनु, जसलाई मैले माया गरेकी छु उसलाई जिन्दगीभर मेरो बनाउन पाउनु । तर म कति अभागी छु तिम्रो यत्रो विश्वास अनि मायाले गरेको प्रस्तावलाई अहिले सहर्ष स्वीकार गर्न असमर्थ छु । म अहिले विवाह गर्न सक्दिनँ । मेरा आफ्ना बाध्यता अनि विवशताहरू छन्, जो तिमीले पनि बुझेका छौ ।”

“तिमीलाई अवगत नै छ मेरा बाबाको स्वर्गारोहणपश्चात् मैले मेरो घरको सम्पूर्ण जिम्मेवारी वहन गरिरहेकी छु । मेरी बूढी आमा र नाबालक भाइबहिनीको मैले नै रेखदेख गर्नुपर्छ । उनीहरूलाई व्यवस्थित गर्ने जिम्मा मेरो काँधमा आइपरेको छ । मेरा भाइ-बहिनीहरूको जिन्दगी अनि भविष्य मेरै हातमा छ । मैले मेरो मायाको

स्वार्थमा उनीहरूको भविष्य लथालिङ्ग पार्नु हुँदैन । यस्तो धृष्टता म कसरी गर्न सक्छु ? तिमी नै भन न । मलाई तिमीप्रति पूर्ण विश्वास अनि भरोसा छ । तिमीले मलाई अनि मेरो बाध्यता र मजबुरीलाई बुझ्नेछौ ।' उसको प्रस्तावले खुसी भए पनि आफ्नो बाध्यतापूर्णको जीवन उसका सामु मैले उदाङ्ग पारेकी थिएँ । मेरा कुरा सुनेर ऊ केहीबेर मौन भएको थियो । तर लगत्तैजसो बोलेको थियो ।

"प्रेममा नै परेर मान्छेले ताजमहल खडा गरिदिन्छन् । प्रेमले मानिसको सोच र लक्ष्य बदलिदिन्छ । मेरो सोच र लक्ष्य पनि तिमीले बदलिदिएकी छौ । भित्री आँखाले देख्ने जति सुन्दरता अनि भोग्ने जति निश्चलता, पवित्रता बाहिरी आँखाले कहिले पनि अनुभूति गर्न सकिँदैन । अरूले दिएको वस्तुले प्रदान हुने सबै खुसीहरू क्षणिक हुन् । आफ्ना मनले स्वेच्छाले, स्वविवेकले गरिने प्रत्येक कामले मात्र मानिसलाई सुख र आनन्द प्रदान गर्न सक्छ । म तिम्रो स्वकीय फैसलामा सहमत छु । म तिम्रो अवस्थासँग पनि परिचित छु । मैले तिम्रो भावना नबुझिदिए अरू कसले पो बुझ्छ र ? तिम्रो भावना अनि निर्णयको सम्मान पनि गर्छु ।" उसको सकारात्मक निर्णयले म बेहद खुसी भएँ । उसले मेरो भावना र अवस्थालाई सहजै बुझिदियो ।

आफ्नो प्रेमप्रति म आफैँलाई गर्व लाग्यो ।

गोधूलि साँझमा परपर क्षितिजमा बादलका रङ्गीन धब्बाहरू चलायमान भइरहेका थिए । चराचुरुङ्गीहरू आकाशमा स्वतन्त्र उडिरहेका थिए । अनि गन्तव्यमा पुगेर आआफ्नो वासस्थान फर्किरहेका थिए । वर्षासँगै सडकवरिपरिका गुलाफहरू ढकमक्क फुलेका थिए । वातावरण एकदमै रोमाञ्चक देखिन्थ्यो तर उसको बिछोडमा मेरो अनुहारमा असन्तुष्टिका आभाहरू छचल्किएका थिए । बिछोडको वेदना, पीडा कति नमीठो हुँदो रहेछ, नचाहेर पनि भोगिरहनुपर्ने । जुनीजुनी बाँच्ने बाचा-कसम हुँदाहुँदै पनि मिलनका कसमहरू पूरा गर्न नसक्दा यो बिछोडको पलमा तड्पिरहनुको विकल्प भेट्न निकै कठिन हुने रहेछ ।

जब समय र परिस्थितिले अनौठा विवशता, अप्ठ्याराहरू अगाडि तेर्स्याउँछ अनि चुपचाप सहेर धैर्य गर्दै हिँड्न सक्नुपर्ने रहेछ । सधैँ सँगै बस्ने बाचा हुँदा पनि बाध्यतावश हाम्रो साथ छुट्यो ।

कुनै पनि कुराको सुनियोजित आरम्भ र अन्त्य नहुने रहेछ । हाम्रो मिलनबिछोडको कथा पनि यस्तै भइदियो ।

म फेरि उही पुरानो काममा फर्किएँ । उही निराश, उही शून्यता, उही एक्लोपनमा तर उसको मायाले जिन्दगीमा नयाँपनको आभास, हौसला र प्रेरणाले म जगमगाइरहेको अनुभूति गर्दै थिएँ । दिनहुँ हाम्रो डिजिटल भेट भइरहन्थ्यो र भावनाहरूको साटासाट भइरहन्थ्यो । लगभग ६ महिनासम्म निरन्तर यही पक्रिया चलिरह्यो तर अनपेक्षित रूपमा मभित्रको घाम सदाकैँ उदाउन छोडिदियो । अनेकौँ तर्कनाको आँधीहुरी मभित्र चल्न थाल्यो । म आश्चर्यचकित भएँ, म फेरि तड्पिएँ । म फेरि छटपटिएँ । मैले कारण बुझ्न धेरै कोसिस गरेँ । धेरै खोजतलाश अनि लामो प्रयासपछि उसको एउटा खबर थाहा पाएँ । उसले आफ्नै संसार बनाइसकेछ, आफ्नो घरजम गरिसकेछ ।

मायाप्रेम भौतिक शरीरको प्राप्ति र विवाहका लागि मात्र होइन भन्ने थाहा हुँदाहुँदै पनि थोरै समय त म पागलझैँ भएँ । रोएँ, कराएँ, बेहोसझैँ भएर बरबराउँदै हिँडेँ किनभने मैले त आफ्नो श्रद्धा, आदर्श, प्रेम, भक्ति अनि सम्पूर्ण जीवन उसमै समर्पित गरिसकेकी थिएँ ।

हरेक कुराको औषधि समय नै रहेछ । संसारलाई हेरेर धेरै समयपछि आफूलाई सम्झाएँ । यो संसारमा कोही कसैको स्थायी हुन सक्दैन भन्ने महसुस गरेँ । जीवनमा कोहीसँग भेटिनु र छुट्टिनु त एउटा संयोग मात्र रहेछ भन्ठानेँ । जे-जस्तो भए पनि उसले मलाई बिर्सन नसक्ने प्रेम दिएर गयो । म जति बिर्सन खोज्छु उसको याद उति नै मीठो बनेर मनमस्तिष्कमा सलबलाउँछ । मैले सदैव माया गरेको मान्छेको जीवन सधैँ सुखी र खुसी रहोस् । म सधैँ यही

कामना गर्छु, अनि म पनि एउटा नयाँ उमङ्ग बोकेर जिउनेछु, एउटा अर्कै नयाँ जीवन बाँच्न प्रयास गर्नेछु ।

आज 'भ्यालेन्टाइन डे' अर्थात् प्रेमदिवस । वर्षौंदेखि मनमा थाँती राखेका भावनाहरू एकअर्कामा साट्न सबै आतुर देखिन्छन् । जतातत्तै प्रेमकै चर्चा छ । यो प्रेममय उत्सवमा टेलिभिजन, रेडियोलगायत सबैतिर राता गुलाबका गुच्छा अनि रङ्गीविरङ्गी पोस्टकार्डका उपहार अनि प्रेमीप्रेमिकाहरूको चहलपहल देखिन्छ । पटकाका उल्लासमय धुन सुन्दा, हेर्दा आफैँलाई प्रश्न गर्छु, "के मचाहिँ प्रेमदिवस मनाउन नालायक अनि असमर्थ छु र ? अहँ म नालायक छैन ।"

मैले पनि त कसैसँग प्रेम गरेकी थिएँ, छु र गरिरहनेछु । मेरो हृदयमा उसैका लागि मायाको भेल बगिरहेछ । समय बदलिए पनि परिस्थिति जे-जस्तोसुकै भए पनि उसको माया मेरो मुटुमा अझै छचल्किरहेको छ । म चाहन्छु ऊ जहाँ भए पनि, जस्तोसुकै अवस्थामा भए पनि उसको भौतिक शरीर मैले नपाए पनि, ऊसँग सारा जीवन काट्न नपाए पनि, मेरो हृदयमा मायाको सागर सधैँ उर्लिरहेको छ मात्र उसैका लागि । माया कुनै वस्त्र होइन, नयाँ छँदा लगायो पुरानो भएपछि फाल्यो ।

माया त आई. सी. यू. मा दिने अक्सिजनजस्तै हो, जसले मानिसको प्रतिकूल, कठोर एवम् पीडादायी क्षणमा समेत खुसी र जीवन प्रदान गरिरहेको हुन्छ । म उसको मायालाई सदैव अटल राख्नेछु । मेरो मङ्गलमय कामनाले उसको जीवन सधैँ फुलोस्, फलोस् । उसको आशा अनि रहरहरू अजम्बरी बनेर नमुर्झाउने गरी सधैँ फक्रिरहोस् युगौँयुगसम्म । सधैँ मैले माया गरिरहेको नायक उही हो मेरो अर्थात्- असीम ।

'उसको जीवन निरन्तर बगिरहोस्' भनेर कामना गर्ने किनाराको मेरो मन, म अर्थात् अदी ।

# मर्दको माया

"सबै व्यवहार मिलाएको छु । अब म तिम्रो बाटो हेर्दै बसेको छु सानु ।" श्रीमान्को फोनले दु:खका दिन गएजस्तो आभास हुन्थ्यो । मनु त्यसैत्यसै खुसीले उद्वेलित हुँदै बतासिन्थी । ऊ सोच्थी दुवैको एउटै मन हो मात्रै तन विभाजित भएर क्षितिजवारि र पारि छ । श्रीमान् पनि बेलाबेला फोन गरिरहन्थे, छोराछोरी पढ्दै थिए । मनु इजरायलमा काम गर्दै थिई । ऊ कहिले रमाउँदै, कहिले परेली भिजाउँदै काम गर्थी । समय बित्दै गयो ।

मनु र सुबी एकदमै मिल्ने साथी थिए । उनीहरूले सुख, दु:ख, अप्ठ्यारोमा एकअर्कालाई दिलोज्यान दिन्थे । सुबी र इजरायली बूढी आमाको मायाका कारण मनुले केही हदसम्म आफन्तको न्यास्रो पनि मेटेकी थिई ।

बिहानै उठेर झ्याल खोलेर हेरी नीलो आकाशमा केही जोडी सारसहरू उडिरहेका थिए । त्यही झुण्डको पछि केही दूरीमा एक्लो सारस उडिरहेको थियो, 'सायद पोथी सारस होली' मनुले अनुमान गरी । त्यस दृश्यले उसलाई घरको याद आयो, उसको मन उकुसमुकुस भयो । हत्तपत्त फोन गरी । श्रीमान्ले फोन उठाए तर उनको स्वर सधैँजस्तो थिएन । मनुका मनमा थुप्रै आशङ्काका बादलहरू मडारिए । त्यही पनि मानिसको जीवन सधैँ एकनासको हुँदैन कुनै अनिष्ट नहोस् भनेर उसले कुलपितृ, देवीदेवता भाकी ।

“सन्चै हुनुहुन्छ बाबा ?” फेरि फोन गरी ।

“म बिजी छु ।” खरो स्वरको जबाफसँगै फोन कट भयो । साँच्चै बिजी हुनुहोला भनेर चुप भई । भोलिपल्ट फोन गरी, फोन उठेन । अर्को दिन फेरि गरी, “ओई नकचरी, कसलाई खोजेकी ?” नयाँ स्वर अरू महिलाको कर्कश आवाज आयो । छक्क परेर बोल्न खोज्दाखोज्दै फोन काटियो । रङनम्बर पो भयो कि भनेर चेक गरी नम्बर सही थियो । रिडायल गरी, “तँ नकचरी इजरायलमै रल्ली, मेरो र मुस्कानको बीचमा खलनायिका नहो !” त्यही कर्कश आवाजसँगै मोबाइल अफ भयो ।

मनुमाथि आकाश खसेजस्तै, ऊ उभिएको धर्ती धसिएजस्तै भयो । ऊ विवश थिई । मुस्कानसँग बिताएको समय, उमेर, बैँस र दु:खसुखका दिनहरू उसको मानसपटलमा दौडन थाल्यो । उसको जीवनको आकाशमा कालो बादल मडारियो, मेघगर्जन भयो, चट्याङ पऱ्यो । उसलाई हजारौँ भोल्टको करेन्ट लागेजस्तै भयो । आजसम्मको विश्वास, भरोसा, प्रेम, त्याग, तपस्या, परिश्रम सारा अचानक सुनामीले बगाएझैँ भयो । घरपरिवार, नाबालक छोराछोरी उसका आँखाका अघि सबै फनफनी घुमे । अचेतजस्तै भएर ऊ ओछ्यानमा डङ्ग्रङ्ग लडी । घुँक्कघुँक्कको आवाज रोकिए पनि आँसु रोकिएन । आखाँबाट कोसी, गण्डकी बग्यो ।

मनुलाई पहाडले किचेझैँ भयो । यत्रो वर्षको त्याग, तपस्या, परिश्रमहरू सबै खेर जाँदा कसको पो छाती चिरा पर्दैन र । आफ्नो हक अधिकार अनि प्राणप्रिय श्रीमान् अरू कसैको भएको सुन्दा एउटा महिलाले कसरी मन बुझाउन सक्थी र । श्रीमान्सँग बिताएको पन्ध्र वर्ष, उसले गरेको माया, बाचाकसम सम्झिएर धेरैबेर पटकपटक भक्कानिई । त्यस्तो माया गर्ने श्रीमान्ले कसरी मेरो माया र विश्वासमा कुठराघात गर्न सके ? मेरो त्याग, समर्पण, सङ्घर्षलाई कसरी चटक्कै बिर्सन सके ? जता फर्किए नि उसलाई उनैको अनुहार झलझली

सामुन्ने आउँथ्यो । आफ्नो अधिकार अरू कसैलाई दिइएको छ । आफू बस्ने मुटुमा अरू कसैलाई सजाइएको छ भन्दा कसरी मन शान्त हुन्थ्यो र । उसको मनमा आगोको ज्वाला दनदनी बलिरह्यो । पिरचिन्ताले रनभुल्लमा परेर खानपिन पनि छाडी ।

'यी सब अफवाहहरू हुन्, झूटो कुरा हो सानु' भनेर श्रीमान्को स्वरबाट सुन्न ऊ आतुर थिई । आँधीहुरी मडारिएको मनमा राहत खोजिरही ।  खडेरीले चिराचिरा परेको खेतले एकएक बुँद पानीको चाह राखेजस्तो रातदिन फोन गरी तर 'माफ गर्नुहोला, तपाईंले सम्पर्क गर्नुभएको मोबाइलको स्विच अफ गरिएको छ' स्वर आइरह्यो । त्यो स्त्री स्वर पनि उसलाई सौताको जस्तो लाग्थ्यो तर पनि सुन्न बाध्य थिई ।

उनले फोननम्बर चेन्ज गरेका रहेछन्, बल्लतल्ल उनको साथीसँग नम्बर लिएर फोन गरी, "मैले आफ्नो प्यारो मातृभूमि, मुटुका टुक्रा छोराछोरी रहरले हैन करले नै छोडेकी थिएँ । तिम्रो न्यानो आलिङ्गन, तिम्रो मायाको आवश्यकता मलाई पनि थियो । तिम्रै सल्लाह मानेर तिमीप्रतिको अगाध प्रेम, विश्वासले छोराछोरी तिम्रा जिम्मामा छोडेर म बिदेसिएकी थिएँ । मसँग पनि दिल छ, भावना छ, मेरो पनि अस्तित्व छ । तिमीले किन मेरो कुनै कदर गरेनौ ? मेरो के गल्ती थियो र ? तिमीले ममाथि यस्तो विश्वासघात किन गर्‍यौ ?"

फोनमा बेसरी रोई, कराई तर रोदनको प्रतिउत्तर रुखो स्वरमा आयो, "मर्दका दसवटी स्वास्नी हुन्छन्, बस्ने भए अब मिलेर बस । नबस्ने भए आफ्नो सुर गरे हुन्छ ।" उनको रुखो स्वरले उसलाई छियाछिया पार्‍यो । पुरुषप्रधान समाजको प्रतिनिधि पात्र उसले मनुलाई एउटा खेलौनाभन्दा बढी ठानेन । 'मर्दका दसवटी' उसका शब्दले मनुको छाती जलेर हिरोसिमा र नागासाकीजस्तै खरानी भयो ।

मनुले परदेशमा रातदिन नभनी दु:ख गरेर घरको दुरावस्था सुधारेको पनि उसले बिर्सियो । बैङ्कले लिलाममा चढाउन लागेको घरघडेरी मनुकै रगतपसिनाले जोगाएको पनि बिर्सियो । सबै कुराले सम्पन्न भएपछि उसलाई श्रीमतीको मायाको कुनै अर्थ भएन, कति स्वार्थी रहेछ दुनियाँ ? मनुले आफ्नै मुटु ठानेकी थिई तर ऊ त मुटु खाने जुकाजस्तै रहेछ । मनु अघोर पीडाले छटपटाई, उसको सारा संसार अँध्यारो भयो ।

मनुको अवस्था देखेर बूढी आमै अचम्भित भई र पाको अनुभव सुनाउँदै भनिन्, "जब श्रीमान् श्रीमती एकअर्काबाट टाढा हुन्छन् । बीचमा ठूलो खाडल बन्छ । जब दुई जनाले सुखदु:ख सँगै साट्ने, सँगै बाँच्ने, सँगै मर्ने कसम खाएपछि तिमीले विश्वासमा छोड्यौ । त्यो नै सबैभन्दा ठूलो गल्ती भयो । विदेशमा कमाउन सकेसम्म दुवै जना र नसके श्रीमान् आउनुपर्थ्यो । घरमा श्रीमान् छोडेर तिमी हिँड्यौ । यही तिमीबाट भूल भयो । अब तिमीले रोएर, कराएर, टाउको फुटाएर पनि केही सीप लाग्नेवाला छैन । तिमीले त तिम्रो श्रीमान्लाई छोडेर आएकै चार वर्ष भैसक्यो । उसलाई पनि त केटी मान्छेको संसर्ग चाहिन्छ । के तिमीले यसबारेमा कहिल्यै विचार गऱ्यौ ? तिमीले पो आफ्नो मन बाँध्न सक्यौ । लोग्नेमान्छेले मन कहाँ बाँध्न सक्छन् र ? यो सामान्य कुरा हो । तिमीले यसलाई ठूलो कुरा सम्झनु बेकार छ ।" बूढी आमैले एकदमै सामान्य रूपले भनिन् । मनुलाई भने पहाडले किचेझैँ भएको छ, आमैले भने ठूलो कुरा हैन भन्छिन् ।

हुन त त्यस्ता घटनालाई देश, समाज र परिवेशअनुसार हेर्ने दृष्टिकोण फरकफरक हुन्छ । उनीहरूको देशमा चार-पाँच चोटिसम्म बिहे गर्छन् । मन परुन्जेल श्रीमान्श्रीमती, मन पर्न छोडेपछि कोही न कोही तर नेपाली समाज त्यस्तो कहाँ भइसकेको छ र । जता हेरे पनि, जसलाई सम्झिए पनि मनुले लोग्नेलाई पटक्कै बिर्सन सकिनँ, त्यसैले उसका आँखाबाट बलिन्द्र धारा आँसु पनि रोकिएन ।

मुटु चुँडिएको घटना हुँदासमेत चटक्कै काम छाडेर नेपाल जान पनि सकिन । बाध्यताले कुँजी भएर चिराचिरा भएको मुटु लिएर बसी । मनुको चोटमा मलम लगाउन इजरायली बूढी आमैले धेरै माया र सुझावसल्लाह दिइन् । त्यसो त उसका अघि नाबालक छोराछोरीका अनुहारहरू घुम्यो, उनीहरूको अँध्यारो भविष्यले पुकाऱ्यो । ऊ घाइते सिंहिनीजस्तो आक्रमक हुन सकिन, ऊ त युद्धको मैदानमा घाइते भएको घोडाजस्तै लड्खडाई तर पनि आफूमाथि सवार घाइते सिपाहीलाई आफ्नो शिविरमा पुऱ्याउन अघि बढेको जस्तै बाध्य थिई ।

हुइँऽऽ गर्दै झ्यालबाट छिरेको चिसो बतास र बाछिटाले विगतको समययात्राबाट उसलाई जबरजस्ती फर्कायो । ओछ्यानबाट उठेर हेरी । केही दिनअघि फल झारेर नाङ्गा पारिएका नरिवलका बोटहरू अकस्मात् परेको वर्षाले भिजेर लुथ्रुक्क परेका थिए । १६ औँ तलामाथिको झ्यालबाट बाहिर अविरल वर्षाले भिजाएका छानाहरू, रूखहरू र सुनसान सडक देखिए, उसलाई यी आफ्नै जिन्दगीजस्तै लाग्यो । झ्यालबाट छिरेको बाछिटाले छोरीको स्नातक उपाधि ग्रहण गर्दै गरेको तस्बिरको सिसामाथि पानी परेछ अनि त्यहीछेउमा रहेको छोराको स्नातकोत्तरको प्रमाणपत्रसहितको पोसाकमा सजिएको तस्बिरमा पनि परेछ । हत्तपत्त दुवै तस्बिरलाई छातीमा टाँसी अनि हेरी अनायासै आँसुका थोपा तस्बिरमाथि पऱ्यो, टिलपिल टिलपिल आँसु लिएर निकैबेर उही तस्बिर हेरिरही ।

## भगवती बस्नेत

**जन्म**

२०२९ साल माघ १७ गते

**शिक्षा**

स्नातक, त्रिभुवन विश्वविद्यालय

**कृति**

- रहर भो जिन्दगी (गजलसङ्ग्रह)
- प्रेमदह (मुक्तकसङ्ग्रह)
- मर्दको माया (कथासङ्ग्रह)

**पुरस्कार**

- भानुभक्त काव्य पुरस्कार
- भानुभक्त स्वर्ण पदक
- विश्व नारी नेपाली साहित्य पदक
- पत्थर गजल साधना सम्मान
- अनेसास भानु वर्ष उत्कृष्ट लेखक

**कार्यरत**

- इजरायलका लागि नेपाली साहित्यिक दूत
- इजरायलका लागि 'आदिकवि भानुभक्त द्विशतवार्षिकी समारोह समिति'को नेपाल सरकारबाट मनोनीत अध्यक्ष
- एन्.आर्.एन्., अन्तर्राष्ट्रिय समन्वय परिषद्, इजरायलका संरक्षक
- अन्तर्राष्ट्रिय नेपाली कलाकार समाजको केन्द्रीय महासचिव
- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय सदस्य
- अष्ट 'ज' अभियान इजरायल आई.सी.सी. सदस्य